# मुख्य न्यायाधिवक्ताको कार्यालयको

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८१/०८२




## मुख्य न्यायाधिवक्ताको कार्यालय

### कोशी प्रदेश

### विराटनगर, नेपाल

## मानननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्ज्यू

समक्ष

## मुख्य न्यायाधिवक्ता
## श्री नारायण वस्तीले

पेश गरेको

आर्थिक वर्ष २०८१।०८२ को

# बार्षिक प्रतिवेदन

## मुख्य न्यायाधिवक्ताको कार्यालय
## कोशी प्रदेश, विराटनगर, नेपाल

# मुख्य न्यायाधिवक्ताको बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१।०८२

## सम्पादक मण्डल

उप-न्यायाधिवक्ता :- श्री पदम प्रसाद वस्ती

सहायक न्यायाधिवक्ता :- श्री सन्दिप टेलर

सहायक न्यायाधिवक्ता :- श्री सिमा यादव

सहायक न्यायाधिवक्ता :- श्री निर्मला दाहाल पोखरेल

नायबसुब्बा :- श्री निर्मला नेपाल

लेखापाल :- श्री सबिना कार्की

सहायक कम्प्युटर अपरेटर :- श्री चन्द्र दाहाल

प्रकाशक :- मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. :- ०२१-५७०६२८/०२१-५७०५०७

वेबसाइट :- cao.koshi.gov.np

इमेल :- chiefattorney.province1@gmail.com

सर्वाधिकार :- मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश

प्रकाशन मिति :- २०८२

प्रकाशन प्रति :-

मुद्रक :-

# यस कार्यालयमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरूको विवरण



श्री नारायण वस्ती
मुख्य न्यायाधिवक्ता



श्री पदम प्रसाद वस्ती
उप न्यायाधिवक्ता



श्री सन्दीप टेलर
सहायक न्यायाधिवक्ता



श्री सिमा यादव
सहायक न्यायाधिवक्ता



श्री निर्मला दाहाल पोखरेल
सहायक न्यायाधिवक्ता



श्री निर्मला नेपाल
नायब सुब्बा



श्री सबिना कार्की
लेखापाल



श्री स्वीकार बस्नेत
स्वकीय सचिव



श्री चन्द्र दाहाल
सहायक कम्प्यूटर अपरेटर



श्री संजीव कुमार कटुवाल
हलुका सवारी चालक



श्री राजन चम्लागाई
हलुका सवारी चालक



श्री शंकर वस्ती
कार्यालय सहयोगी



श्री पशुपती निरौला
कार्यालय सहयोगी

# कोशी प्रदेशको मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूको मिति २०८१ साल जेठ ३ गते मा. प्रदेश प्रमुख श्री परशुराम खापुङ्गज्यूको उपस्थितीमा उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश ज्यूबाट सपथ ग्रहण कार्यक्रम









# मुख्य न्यायाधिवक्ताको कार्यालय
## कोशी प्रदेश, विराटनगर

प.सं.:- २०८२/०८३

च.नं. मितिः

## मन्तव्य

मानननीय प्रदेश प्रमुख ज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कोशी प्रदेश, विराटनगर

विषय : आर्थिक वर्ष २०८१/८२ को बार्षिक प्रतिवेदन पेश गरिएको ।

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र निजको नियुक्ति मुख्यमन्त्रीको सिफारिसमा सम्बन्धित प्रदेश प्रमुखबाट हुने व्यवस्था छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकीदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था रहेको छ । संघीयता कार्यान्वयनको एउटा अभ्यासको रुपमा यो कार्यालय रहेको छ ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका  अन्य सर्त प्रदेश कानून बमोजिम हुने संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्त सम्बन्धी (पहिलो संशोधन) ऐन २०८१ पारित भई लागु भईसकेको छ । सोही ऐनको दफा १२ (१) मा आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरेको छु । प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ मा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित काम कारबाहीको विवरण कार्यसम्पादनका क्रममा भएका अनुभवहरु कार्यालयका सबल र दुर्वल पक्षहरु गर्नुपर्ने सुधारका लागि सुझावहरु समावेश गरिएको छ ।

संघीयता नेपालको सन्दर्भमा नयाँ प्रयोग हो । तीन तहको सम्बन्ध संविधानतः सहकारीता, सहअस्तित्व र सहकार्य भनी उल्लेख गरिएता पनि व्यवहारमा प्रयोगमा ल्याउन धेरै काम गर्न बाँकी नै छ।संविधानले राज्यशक्तिको बाँडफाँड र राज्यशक्तिको प्रयोग गर्न पाउने भनी निर्दिष्ट गरेका प्रावधानहरुको व्यवहारमा उतार्न आवश्यक भूमिका निर्वाह गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी छ भने संविधानको अनुसूचीहरुमा भएका एकल अधिकार र साझा अधिकार सूचीको प्रयोगका सान्दर्भिकता अझै सम्म पेचिलो अवस्थामा छ । लामो समय एकात्मक शासन प्रणालीको अनुशरण गरिएको पृष्ठभूमिमा नयाँ संविधानको मूल भावना, प्रवन्ध र प्रयोगमा संघिय शासन प्रणालीमा प्रयोग गरिने तरिकाहरु फरक रुपमा आउछन, स्वभाविक पनि हुन्छ तरपनि मानसिकतामा पूर्ण परिवर्तन गर्न नसकिएको वर्तमान यथार्थतामा सहजताको वावजूद असहजताको स्थिति बेलावखत प्रकट हुने गरेको छ । संरचना निर्माण र परिचालनमा द्वैधता, अधिकार क्षेत्रमा हस्तक्षेप जस्ता तितो यथार्थता कहिलेकाही प्रकट भएका छन ।

प्रदेशमा कानूनी शासनको प्रत्याभूति गर्न गराउन नेपालको संविधान तथा प्रचलित अन्य कानूनको प्रयोगमा सहजीकरण गर्ने महत्वपूर्ण जिम्मेवारी मुख्य न्यायाधिवक्तामा रहेको छ । समग्र फौजदारी न्याय प्रणालीलाई बलियो र प्रभावकारी बनाउन

समेत मुख्य न्यायाधिवक्तालाई अधिकार क्षेत्र विस्तार गरिनु पर्ने आवश्यक रहेको छ । कार्यालयबाट सम्पादन गरीने सम्पूर्ण कार्यहरु चुस्तदुरुस्त, पारदर्शी र कानून सम्मत हुन जरुरी हुदाँ मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरुको व्यवसायिक दक्षता, ज्ञान र सीपको विकास गर्न सकिए मात्र मुख्य न्यायाधिवक्ताको कार्यालयले स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने अवस्था हुन्छ । संविधान तथा कानूनले परिकल्पना गरेको, व्यवहारमा लागु हुने प्रक्रियामा रहेको संरचनाबाट तत्काल धेरै काम र परिणामको अपेक्षा गर्न हतार गरे जस्तो हुन्छ तर अहिले पनि संरचनात्मक/संगठनात्मक स्वरुप र अधिकारको श्रोत स्पष्ट र व्यवस्थित भई नसकेको अवस्था छ तथापी संविधान र कानूनको प्रयोग गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय प्रवेश गरीसकेको अवस्था छ । तसर्थ संविधानत प्रदेश सरकारको काम कर्तव्य अधिकार तथा प्रदेश कानूनको पहुच न्यायमा पहुच सर्वसाधारण समक्ष पुर्‍याई विधिको शासनको प्रत्याभूती गराउने दायित्व समेत मुख्य न्यायाधिवक्ताको जिम्मेवारी भित्र पर्दछ ।

संविधान, कानून, विधिको शासन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवद्धन, स्थापित न्यायिक मुल्य र मान्यताका आधारमा संघियता र संविधानको प्रभावकारी कार्यान्वयनमा मुख्य न्यायाधिवक्ताको कार्यालय एक महत्वपूर्ण अंगको रुपमा रहेको छ । मुख्य न्यायाधिवक्ता संविधान र कानून बमोजिम प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुने र प्रदेश तथा प्रदेश अन्तर्गतका निकायहरुलाई सवैधानिक तथा कानूनी विषयमा राय सल्लाह प्रदान गर्ने, कोशी प्रदेश सरकार तथा मातहतका निकायहरु पक्ष भएको तथा प्रदेश सरकार तथा मातहतका निकायहरुलाई विपक्षी बनाई दायर भएका मुद्दामा बहस, पैरवी र प्रतिरक्षा गर्ने कार्य हुँदै आएको छ । त्यस्तै यस कार्यालयले प्रदेशमा बनेका ऐन, नियम, कार्यविधिहरुको निर्माणमा आवश्यकता अनुसार संलग्न भई सहयोग गर्नुका साथै समयानुकुल कानूनको संशोधन गर्न आवश्यक सल्लाह समेत दिने गरेको छ ।

संघियता कार्यान्वयन आफैमा एउटा महत्वपूर्ण पाटोको रुपमा रहेको छ । वर्तमान अवस्थामा प्रदेशको औचित्यको प्रश्न बढ्न थालेको समेतको सन्दर्भलाई दृष्टिकोण गर्दै यस कार्यालयको तर्फबाट समुदायमा मुख्य न्यायाधिवक्ता, विद्यार्थीसँग मुख्य न्यायाधिवक्ता, प्रदेश कानून कार्यान्वयन विषयक अन्तरक्रिया, न्यायिक समितिहरुको सवलीकरण जस्ता कार्यक्रमहरु संचालन गरि ती कार्यक्रमका माध्यमबाट प्रदेशबाट निर्माण भएका कानुनहरुको जानकारी, कानूनी सचेतना कार्यक्रम, संघीयता कार्यान्वयनमा सरोकारवालाहरुको दायित्व आदि जस्ता विषयमा जानकारी गराउने खालका कार्यक्रम संचालन गर्दैआइएको छ । सोका अतिरिक्त प्रदेशको तर्फबाट प्रभावकारी प्रतिरक्षाको लागि सरोकारवाला निकाय समक्ष लिखित जवाफको तयारी सम्बन्धमा अन्तरक्रिया कार्यक्रम समेत संचालन गर्दै आएको छ ।

यस कार्यालयले आफ्नो कार्य सम्पादनमा नेपाल सरकार, प्रदेश सरकार, महान्यायाधिवक्ताको कार्यालय, अदालत, न्यायाधीश, सरकारी वकिल, कर्मचारी, कानून व्यवसायी, पत्रकार, नागरिक समाज लगायतका सरोकारवालाबाट प्राप्त सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र सुझावको अपेक्षा गरेको छु ।

अन्त्यमा संविधानले आत्मसाथ गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई आत्मसाथ गर्दै, स्वतन्त्र न्यायपालिका, कानूनी राज्यको मुल्य मान्यता र आवधारणाको अवलम्बन, व्यवसायिकता, विधिको शासन, कानून तथा न्यायका मान्य सिद्धान्त र मानव अधिकारप्रति उच्च सम्मान राख्दै स्वच्छ सुखी समानता प्रदेशको उद्देश्यलाई प्रवद्धन गर्दै आगामी दिनमा पनि माथि उल्लेख गरिए झैं क्रियाशील हुँदै यस कार्यालयका काम कारवाहीलाई अझ बढी वस्तुनिष्ठ,प्रभावकारी र नतिजामुखी बनाउनका लागि सदैव सक्रिय रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

२०८२ भाद्र

...........................

नारायण वस्ती

मुख्य न्यायाधिवक्ता

मुख्य न्यायाधिवक्ताको कार्यालय

कोशी प्रदेश, विराटनगर

# विषय सूची

शिर्षक पृष्ठ


परिच्छेद– १

| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | २ |
| १.३ | कार्यालयको स्थापना र व्यवस्थापन | ४ |
| १.४ | संगठनात्मक स्वरुप | ५ |
| १.५ | मुख्य न्यायाधिवक्ता कार्यालयको प्रस्तावित संगठानात्मक संरचना | ६ |
| १.६ | कार्यालयमा रहने पदाधिकारी र कर्मचारीको शुरु दरवन्दी | ८ |
| १.७ | मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको नामावली विवरण | ९ |
| १.८ | कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्था | ९ |
| १.९ | मुख्य न्यायाधिवक्ताको कार्यालयको बजेट विवरण | १२ |

परिच्छेद –२

| | | |
|---|---|---|
| २. | सम्पादित कार्यहरुको विवरण | १३ |
| २.१ | सवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको विवरण | १४ |
| २.२ | प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दाहरुको विवरण | १४ |
| २.३ | प्रदेश सरकार पक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण | १७ |
| २.४ | आ.व. २०८१/०८२ मा सम्पन्न गरिएका कार्यक्रमहरु | १७ |
| २.५ | मुख्य न्यायाधिवक्ताको अन्य भूमिका | ८४ |

परिच्छेद– ३

| | | |
|---|---|---|
| ३. | अनुभव तथा सुझाव | ८४ |
| ३.१ | मुख्य न्यायाधिवक्ताको कार्यालयका सवल र दुर्वल पक्ष | ८४ |
| ३.२ | निष्कर्ष | ८७ |
| ३.३ | सुझावहरु | ८८ |

परिच्छेद – ४

| | |
|---|---|
| अनुसूची –१ | ९२ |

# परिच्छेद - १
# सामान्य परिचय

## १.१ परिचय

नेपालको संविधानको धारा १६०, मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ । प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ भन्ने संवैधानिक व्यवस्था छ । प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन पारित भएपश्चात प्रदेशको मुख्य न्यायाधिवक्ताको संरचनालाई व्यवस्थित रुप दिन सकिएको हो । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेका अन्य न्यायाधिवक्ताबाट प्रदेश सरकारको प्रतिनिधित्व गरिने, मुख्य न्यायाधिवक्ताले आफ्नो कर्तव्य पालना गर्दा प्रदेश सरकार पक्ष/विपक्ष भई दायर भएका मुद्दा मामिलाका रोहमा प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने/गराउने, प्रदेश भित्रका विभिन्न हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार भए नभएको विषयमा मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था गरिएको छ । प्रदेश सभामा आवश्यकता अनुसार कानूनी प्रश्नहरुमा आफ्नो राय व्यक्त गर्ने र न्यायिक अर्धन्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट मुद्दा मामिलामा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने जिम्मेवारी समेत मुख्य न्यायाधिवक्तालाई रहेको छ ।

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ अनुसार प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रोवेशन तथा प्यारोल वोर्ड रहने व्यवस्था छ । जसको नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसँग आपसी समन्वय गरी आफ्नो भूमिका निर्वाह गरिरहेको अवस्था छ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ को दफा १२ बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षमा आफ्ना कार्यालयवाट सम्पादित काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्ने र त्यस्तो प्रतिवेदन प्रदेश सरकार मार्फत प्रदेश सभामा पेश हुने व्यवस्था छ ।उक्त प्रतिवेदन महान्यायाधिवक्तालाई समेत पठाउनु पर्नेछ । उक्त प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आफ्नो कार्यालयको भौतिक

स्थिति, कार्यबोझ, काम कारबाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य विषयहरु समेत समावेश गरी सिफारिस र सुझावहरु समेतका विषय उल्लेख गरी यो आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

## १.२ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था छ । सोही धाराको उपधारा (७) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुरुप कोशी प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ अनुसार देहाय बमोजिम रहेको छ ।

क. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार नेपालको संविधानको धारा १६० र कोशी प्रदेश सभाले बनाएको मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ अनुसार देहाय बमोजम रहेको छः-

१. प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकारको तर्फबाट कुनै अदालतमा उपस्थित भई प्रतिरक्षा गर्ने/गराउने,

२. प्रदेश सरकार वा मातहतका निकाय वा कार्यालयका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न वा गराउन प्रदेश सरकार वा मातहतका निकाय वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

३. प्रदेश सरकार र अन्तर्गतका निकाय वा कार्यालयवाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न प्रदेश सरकार र मातहतका निकाय वा कार्यालय विच आवश्यक समन्वय गर्ने ।

४. प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको विषयमा मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गर्ने ।

५. प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्वन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउन सक्नेछ ।

६. कुनै अदालत वा अर्धन्यायिक निकायवाट भएको निर्णय वा आदेशवाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हित असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानुनी उपचार प्राप्त गर्न कानुनवमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानुनवमोजिम सम्वन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

७. प्रदेश कानुनवमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीवाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हितविपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा कामकारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

८. मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

९. मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण वमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्न सक्नेछ ।

१०. प्रदेश सरकार वादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरीका वा विधि अपनाउनु पर्ने वा अनुसन्धानका सम्वन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा त्यस्तो अनुसन्धान तहकिकात गर्ने अधिकारीलाई वा विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

११. कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त मुख्य न्यायाधिवक्ताले अन्य कानून व्यवसायीलाई सेवा करारमा खटाउन सक्नेछ ।

तर त्यसरी अन्य कानुन व्यवसायीलाई खटाउँदा सो को औचित्य पुष्टी गरी कारण उल्लेख गर्नु पर्नेछ ।

१२. उपदफा (८) वमोजिम खटिएका कानून व्यवसायीको पारिश्रमिक तथा सुविधा र सेवाका अन्य शर्त सम्वन्धमा कार्यालयको स्वीकृत बजेट र कार्यक्रम तथा प्रचलित कानूनको अधिनमा रही मुख्य न्यायाधिवक्ताले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ ।

तर त्यस्तो कार्यविधि स्वीकृत गर्नु पूर्व प्रदेश सरकारको कानून विषय र आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ ।

१३. मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ ।

## १.३ कार्यालयको स्थापना र व्यवस्थापन

मुख्य न्यायाधिवक्ताको नियुक्ति भए पश्चात महान्यायाधिवक्ताको कार्यालयबाट खटाईएका कर्मचारी, प्रारम्भिक **O&M** गरी सो बमोजिम नियुक्त कर्मचारीहरुबाट कार्यालय सञ्चालनमा रहेको छ।२०७५ साल असार २८ गते देखि विराटनगर स्थित हुलाक निर्देशनालयको दोस्रो तलामा रहेका ७ वटा कोठाहरु कार्यालयले प्रयोग गर्दै आइरहेकोमा हाल मिति २०८० बैशाख १ गते वाट विराटनगर वरगाछी स्थित राधारमण मन्दिर पश्चिम हिरा प्रसाद तिवारीको घर भाडामा लिई कार्यालय संचालनमा रहेको छ ।आ.व. २०७५/७६, २०७६/०७७, २०७७/०७८, २०७८/०७९, २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा बजेटको परिधिभित्र रहेर कार्यालयलाई अत्यावश्यक सवारी साधन, फर्निचर तथा मेसिनरी उपकरणहरु खरिद गर्ने कार्यहरु सम्पन्न गरिएको छ ।

स्थापनाकालमा महान्यायाधिवक्ताको कार्यालयबाट गरिएको सङ्गठनात्मक सर्भेक्षण बमोजिम कार्यालय स्थापना भएको र हाल प्रदेश सरकारले प्रदेश भित्रका संरचनाहरुको

सङ्गठनात्मक सर्भेक्षण गरिरहेको सन्दर्भमा यस मुख्य न्यायाधिवक्ताको कार्यालयको पनि समयानुकुल संरचना बनाउने कार्य प्रारम्भ गरेको अवस्था छ । जुन सङ्गठन संरचना कार्यबोझ वृद्धि हुँदै गरेको अवस्थामा अपर्याप्त भएको र मुख्य न्यायाधिवक्ताको मातहतमा हाल भै रहेको सङ्गठन संरचनामा पदसोपान मिलाउन र सह-न्यायाधिवक्ताको अतिरिक्त अन्य कर्मचारी दरवन्दी व्यवस्थापन गर्न प्रस्तावित सङ्गठन संरचना पनि पेश गरिएको छ ।

## १.४ सङ्गठनात्मक स्वरुप

महान्यायाधिवक्ताको कार्यालय तथा मुख्यमन्त्रीको कार्यालयबाट खटाईएका कर्मचारीहरु र करारमा नियुक्त कर्मचारीहरुबाट सञ्चालनमा रहेको यस मुख्य न्यायाधिवक्ताको कार्यालयको सङ्गठनात्मक संरचना तपसिल बमोजिम रहेको छ। तसर्थ मुख्य न्यायाधिवक्ता कार्यालयको सङ्गठनात्मक संरचना हाल यसप्रकार रहेको छ । जुन पुनःसंरचना हुन आवश्यक रहेको छ ।



उल्लेखित सङ्गठनात्मक संरचनामा तत्काल परिवर्तन गर्नु पर्ने निम्न आवश्यकताहरु रहेका छन ।

क) मुख्य न्यायाधिवक्ताको कार्यालयले संवैधानिक तथा कानूनी राय प्रदेश सरकार तथा मातहतका निकायहरुमा प्रदान गर्ने कार्यालय हो । यसको साथै प्रदेश सरकार र मातहतका निकायहरुको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने यस कार्यालयको मुख्य दायित्व रहेको हुँदा र नेपालको संविधानले समेत सरकारको प्रतिरक्षा गर्ने कार्य न्यायाधिवक्ताहरुबाट हुने हुँदा उक्त कार्यालयमा उप न्यायाधिवक्ताको पद र सहायक न्यायाधिवक्ता पदमा थप गर्नुपर्ने तत्काल आवश्यक रहेको छ ।

ख) यस कार्यालयमा रहेको दरबन्दी प्रकृति हेर्दा समग्र कार्यालयमा एक जना मात्र कम्प्युटर अपरेटरको दरबन्दी रहेको देखिदा यस कार्यालयको बढ्दो कार्यबोझ तथा निजले पाउने बिदासमेत रहँदा कार्य सम्पादनमा बाधा अवरोध खडा हुने अवस्था रहेको हुँदा यस कार्यालयबाट प्रदान गर्ने सेवा प्रभावकारी रुपमा संचालन गर्न १ जना थप कम्प्युटर अपरेटरको दरबन्दी थप हुन आवश्यक रहेको छ ।

ग) समग्र दरबन्दीलाई हेर्दा कार्यालयको काममा आएको चिठीपत्रहरु दर्ता गर्ने, कार्यालयबाट पठाउने पत्रहरु चलानी गर्ने, स्टोर व्यवस्थापनमा सहयोग पुर्याउने कार्य गर्नको लागि एक जना नायव सुब्बा र खरिदार स्तर सहायक पाँचौ र सहायक चौथो प्रशासनको कर्मचारी आवश्यक रहेको हुदा दरबन्दीको व्यवस्था हुनु अति आवश्यक रहेको छ ।

घ) सर्वोच्च अदालतमा बहस पैरवीको लागि जाँदा बढीमा ३ वटा कोठा भाडामा लिने बहस पैरवीको निमित्त उक्त कार्यालय जाँदा होटल बास खर्च नदिने समेतको व्यवस्था हुन वान्छनीय रहेको छ ।

## १.५ प्रस्तावित सङ्गठनात्मक संरचना

मुख्य न्यायाधिवक्ताको पद उच्च अदालतको न्यायाधिश सरहको विशिष्ट श्रेणीको पद हो । मुख्य न्यायाधिवक्ताको कार्यालयको पदसोपान हेर्दा मुख्य न्यायाधिवक्ता पछि उप न्यायाधिवक्ता स्तरको कर्मचारीको नेतृत्वमा कार्यालय संचालन भएको देखिन्छ । यो अवस्था पदसोपानको मूल्य मान्यता अनुरुप देखिदैन। मुख्य न्यायाधिवक्ता सबै समयमा सर्वोच्च अदालतमा समेत उपस्थित भई बहस पैरवी गर्न सक्ने अवस्था नरहन पनि सक्छ । हालको अवस्थामा १११ भन्दा बढी रिट तथा मुद्दाहरु सर्वोच्च अदालतमा चालू अवस्थामा रहेका छन् भने अन्य अदालतहरुमा पनि मुद्दा संख्या बढ्दो रुपमा रहेको तथ्याङ्कले देखाएको छ

। मुद्दाको गम्भीर्यता समेत बढी देखिन्छ। कानून निर्माण तथा राय सल्लाह उपलब्ध गराउन समेतका काम गर्न अन्य विभाग तथा मन्त्रालयहरुसँग कार्यसम्पादनमा समन्वय गर्न समेत पदसोपानको सिद्दान्तलाई अनुसरण गर्नुपर्ने हुन्छ। त्यसकारण मुख्य न्यायाधिवक्ताको कामलाई प्रभावकारी रुपमा अगाडि बढाउनको निमित्त सह न्यायाधिवक्ता रा.प. प्रथम श्रेणीको सरकारी वकील समूहको न्यायाधिवक्ताको नेतृत्वमा सङ्गठन संरचनाको निम्न बमोजिमको स्वरूप परिवर्तनको प्रस्ताव गरिएको छ ।

**मुख्य न्यायाधिवक्ता**

सह न्यायाधिवक्ता रा.प.प्रथम — १
(न्याय / सरकारी वकील)
सहायक चौथो / पाँचौ — १
हलुका सवारी चालक — १
कार्यालय सहयोगी — १

स्वकीय सचिव
शाखा अधिकृत रा.प. तृतीय श्रेणी — १
कम्प्युटर अपरेटर — १
हलुका सवारी चालक — १
कार्यालय सहयोगी — १

कानूनी राय तथा प्रतिरक्षा शाखा
उप-न्यायाधिवक्ता रा.प.द्वितीय श्रेणी-१
सहायक न्यायाधिवक्ता रा.प. तृतीय श्रेणी-१
सहायक चौथो/पाँचौ/छैटौं -१
हलुका सवारी चालक-१
कार्यालय सहयोगी -१

प्रशासन / रिट शाखा
सहायक न्यायाधिवक्ता रा.प. तृतीय श्रेणी -२
सहायक पाँचौ/ छैटौं-२
कम्प्युटर अपरेटर - २
कार्यालय सहयोगी -२

आर्थिक प्रशासन शाखा
अधिकृत छैटौं -१
सहायक पाँचौ/ छैटौं- १

मुकाम कार्यालय
सर्वोच्च अदालत,उच्च अदालत पाटन र प्रशासकीय अदालत,काठमाडौं
उप-न्यायाधिवक्ता-१
सहायक न्यायाधिवक्ता रा.प,तृतीय श्रेणी-१
कार्यालय सहयोगी-१

मुकाम कार्यालय
उच्च अदालत विराटनगर, इलाम इजलास
सहायक न्यायाधिवक्ता रा.प,तृतीय श्रेणी-१
कार्यालय सहयोगी-१

मुकाम कार्यालय
उच्च अदालत विराटनगर, धनकुटा इजलास
सहायक न्यायाधिवक्ता रा.प,तृतीय श्रेणी -१
कार्यालय सहयोगी — १

मुकाम कार्यालय
उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगा
सहायक न्यायाधिवक्ता रा.प,तृतीय श्रेणी - १
कार्यालय सहयोगी - १

तसर्थ मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रस्तावित सङ्गठन संरचनालाई अनुमोदन गरि महान्यायाधिवक्ता कार्यालय मार्फत थप सरकारी वकीलका दरवन्दी सहित संरचना स्वीकृतिको लागि आवश्यक कारवाहीको लागि अनुरोध छ ।

## १.६ कार्यालयमा रहने पदाधिकारी र कर्मचारीहरुको शुरु दरवन्दी

तालिका नं. १

**मुख्य न्यायाधिवक्ताको कार्यालयको दरबन्दी विवरण**

| क्र.स. | पद | श्रेणी | सेवा | समुह/उपसमुह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | उप-न्यायाधिवक्ता | रा.प.द्धितिय | न्याय | सरकारी वकील | १ | |
| २. | सहायक न्यायाधिवक्ता | रा.प.तृतिय | न्याय | सरकारी वकील | ३ | |
| ३. | अधिकृत / सहायक | रा.प.अ.प्र. | प्रशासन | सा.प्र. | १ | |
| ४. | अधिकृत / सहायक | रा.प.अ.प्र. | प्रशासन | लेखा | १ | |
| ५. | कम्प्युटर अपरेटर | रा.प.अ.प्र. | विविध | | १ | |
| ६. | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जि. | मे./जे.मे | १ | |
| ७. | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा. प्र. | २ | |
| जम्मा | | | | | १० | |

**मुख्य न्यायाधिवक्ताको कार्यालयमा पदाधिकारी तर्फको दरबन्दी विवरण**

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह/उपसमुह | कुल दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मुख्य न्यायाधिवक्ता | संवैधानिक पद | | | १ | |
| २. | स्वकीय सचिव | सहायकस्तर पाँचौं | | | १ | |
| ३. | ह.स.चा | श्रेणी विहिन | | | १ | |
| ४ | का.स | श्रेणी विहिन | | | १ | |
| जम्मा | | | | | ४ | |

## १.७ मुख्य न्यायाधिवक्ताको कार्यालयमा हाल कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको नामावली विवरण ।

तालिका नं. -२

| क्र. स | पद | नाम थर | सम्पर्क न. | हाजिर भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुख्य न्यायाधिवक्ता | श्री नारायण वस्ती | ९८५२०७०९०७ | २०८१/०२/०३ | |
| २ | उप-न्यायाधिवक्ता | श्री पदम प्रसाद वस्ती | ९८५२०७०६२८ | २०८१/०९/११ | |
| ३ | सहायक न्यायाधिवक्ता | श्री सन्दिप टेलर | ९८५२०७०६२९ | २०८१/०७/०४ | |
| ४ | सहायक न्यायाधिवक्ता | श्री सिमा यादव | ९८६३२४३६२७ | २०८१/१०/२१ | |
| ५ | सहायक न्यायाधिवक्ता | श्री निर्मला दाहाल पोखरेल | ९८४२७७४४४४ | २०८१/०२/२३ | |
| ६ | नायबसुब्बा | श्री निर्मला नेपाल | ९८४९३५६९३१ | २०८१/०५/१७ | |
| ७ | लेखापाल | श्री सबिना कार्की | ९८६२८६८८८४ | २०८१/१०/२० | |
| ८ | स्वकीय सचिव | श्री स्वीकार बस्नेत | ९८१६३००३५८ | २०८२-०५-०८ | |
| ९ | सहायक कम्प्युटर अपरेटर | श्री चन्द्र दाहाल | ९८५२०५४४११ | २०७५/०७/१४ | सेवा करार |
| १० | ह. स. चा. | श्री संजिव कु. कटुवाल | ९८६४३९८४९५ | २०७५/०१/०२ | सेवा करार |
| ११ | ह. स. चा. | श्री राजन चौलागाई | ९८२६९९९२४९ | २०८१/०२/०६ | सेवा करार |
| १२ | कार्यालय सहयोगी | श्री शंकर वस्ती | ९८०७०७११७६ | २०८१/०४/०१ | सेवा करार |
| १३ | कार्यालय सहयोगी | श्री पशुपती निरौला | ९८४२०३७१२३ | २०८१/०२/१६ | सेवा करार |
| १४ | कार्यालय सहयोगी | श्री विनय वस्ती | | २०८१/०४/०१ | सेवा करार |

## १.८. कार्यालय भवन तथा भौतिक स्रोत साधनको वर्तमान अवस्थाः-

सङ्गठनको लक्ष्य अनुरुप प्रभावकारी कार्य सम्पादनको लागि कार्यालय भवन, आवास, फर्निचर, कार्यालय सञ्चालन सम्बन्धी सामग्रीहरु लगायतका भौतिक साधन र पूर्वाधारहरुको

साथै सुरक्षा संयन्त्रहरु समुचित व्यवस्थापन अपरिहार्य हुन्छ । कार्यालयको भवन आफ्नो नभएका कारण मिति २०८०।०१।०१ देखि विराटनगर-४ वरगाछी पश्चिमपट्टि राधा रमण मन्दिरको पछाडी हिरा प्रसाद तिवारीको घर भाडामा लिई मुख्य न्यायाधिवक्ताको कार्यालय सञ्चालनमा रहेको छ । आफ्नै कार्यालयको भवन निर्माणको लागि आवश्यक पहल गरी व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ। कार्यालयमा आवश्यक फर्निचर, मेसिनरी, सवारी साधन खरिद गरी व्यस्थापन गरिएको छ ।

### (क) सवारी साधनहरुको विवरण

| सि.नं. | जिन्सी संकेत नं | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | इकाई | परिणाम | जम्मा मुल्य रु. | |
| १ | ६११२११६००००१ | मोटरसाइकल | पिस/थान | २ | ४,७१,९००/- | |
| २ | ६११२११६००००२ | स्कुटर | पिस/थान | २ | ३,९७,९००/- | |
| ३ | ६११२११७००००१ | कार | पिस/थान | १ | ३६,९०,०००/- | |
| ४ | ६११२११६००००४ | अन्य कार जिप | पिस/थान | १ | ६८,४३,०००/- | |

### (ख) खर्च भएर नजाने (सम्पति) को विवरण

| सि.नं. | जिन्सी संकेत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | इकाई | परिणाम | जम्मा मुल्य रु. | |
| १ | ६११२११९००००१ | साइकल | पिस/थान | ६ | ७०,६००/- | |
| २ | ६११२२११००००१ | कम्प्यूटर सेट | पिस/थान | ७ | ५,३६,९४६/- | |
| ३ | ६११२२१२००००१ | ल्यापटप | पिस/थान | ९ | ८,१७,०५२/- | |
| ४ | ६११२२१२००००२ | आइ प्याड (ट्याब) | पिस/थान | १ | ८६,०००/- | |
| ५ | ६११२२१५००००१ | फोटोकपी मेशिन | पिस/थान | १ | ९७,१८०/- | |
| ६ | ६११२२१६००००३ | इन्टरकम टेलिफोन | पिस/थान | १ | १८,९८४/- | |
| ७ | ६११२२१६००००६ | क्यामरा लेन्स | पिस/थान | १ | ७६,७२७/- | |
| ८ | ६११२२१६००००९ | मोबाइल | पिस/थान | २ | ३७,३९९/- | |
| ९ | ६११२२१६०००१२ | सिसिटिभी क्यामरा | पिस/थान | १ | १,४६,८७७/- | |
| १० | ६११२२१८००००१ | प्रिन्टर | पिस/थान | ६ | १,५९,८००/- | |
| ११ | ६११२२१९००००१ | प्रोजक्टर | पिस/थान | १ | ६०,५००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | ६११२२२१००००१ | हिटर | पिस/थान | ४ | ११,९३२/- | |
| १३ | ६११२२२१००००२ | सिलीङ पंखा | पिस/थान | ४ | १२,४००/- | |
| १४ | ६११२२२१००००३ | टेबुल पंखा | पिस/थान | २ | ९,६३५/- | |
| १५ | ६११२२२१००००५ | एयर कन्डिसनर | पिस/थान | ९ | ६,५३,५७६.०५/- | |
| १६ | ६११२२२१००००७ | फ्रिज | पिस/थान | ३ | ९८,०६०/- | |
| १७ | ६११२२२१००००८ | भ्याकुम क्लिनर | पिस/थान | १ | ८,५४२/- | |
| १८ | ६११२२२१००००९ | यू.पी.यस | पिस/थान | ६ | ९९,६२८/- | |
| १९ | ६११२२२१०००१० | ब्याट्री(BDC) | पिस/थान | ६ | २,०२,९४८/- | |
| २० | ६११२२२१०००२१ | स्टेविलाइजर | पिस/थान | ३ | ५१,६५१/- | |
| २१ | ६११२२२१०००३५ | मिक्स्चर | पिस/थान | १ | ४,७४६/- | |
| २२ | ६११२२२१०००३६ | आइरन | पिस/थान | १ | २,२४३/- | |
| २३ | ६११२२२१०००३७ | इन्भटर | पिस/थान | १ | १४,९९९.९९/- | |
| २४ | ६११२२२१०००४१ | गिजर | पिस/थान | १ | ७,४९९.९९/- | |
| २५ | ६११२२२१०००५५ | स्टेन्ड पंखा | पिस/थान | ९ | ४१,५००/- | |
| २६ | ६११२२२१०००८० | माइक्रो ओभन | पिस/थान | १ | ९,९९९.९९/- | |
| २७ | ६११२२२१००१८१ | VOLTAGE STABILIZERS | पिस/थान | ३ | ५०,५००.०२/- | |
| २८ | ६११२२२१००२४१ | एयर कन्डिसनर | पिस/थान | १ | ५६,०००/- | |
| २९ | ६११२२३५००००१ | टेबुल | पिस/थान | १५ | ४,४९,०९२.४२/- | |
| ३० | ६११२२३५००००२ | कुर्सी | पिस/थान | २० | २,९४,२९८/- | |
| ३१ | ६११२२३५००००३ | दराज | पिस/थान | १२ | २,९१,१४९/- | |
| ३२ | ६११२२३५००००६ | सोफा सेट | पिस/थान | १६ | ६,७५,४९६.२ | |
| ३३ | ६११२२३५०००१३ | टि-टेबल | पिस/थान | १५ | १,९०,७८०/- | |
| ३४ | ६११२२३५०००१४ | कम्प्युटर टेबल | पिस/थान | ५ | ४२,६५५/- | |
| ३५ | ६११२२३५०००१६ | कोट हेंगर | पिस/थान | २ | १०,८००/- | |
| ३६ | ६११२२३५०००१८ | खाट/पलंग/लोबेट | पिस/थान | ४ | ७३,३५५/- | |
| ३७ | ६११२२३५०००२० | बुक सेल्फ (बुक र्याक) | पिस/थान | ४ | १,०२,९८५/- | |
| ३८ | ६११२२३५०००२२ | स्टान्ड (कोट स्टान्ड) | पिस/थान | ६ | १६,९५०/- | |
| ३९ | ६११२२३५०००३१ | अन्य फर्निचर(मेट्रेस) | पिस/थान | १ | १०,१७०/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | ६११२२३५००१४३ | बुक र्याक | पिस/थान | ३ | ७८,४९९.९८/- | |
| ४१ | ६११२२३९००००२ | कार्पेट | पिस/थान | २० मी. | २०,११४/- | |
| ४२ | ६११२२३९००००३ | गलैचा | पिस/थान | १ | ९,५००/- | |
| ४३ | ६११२२३९००००९ | पन्चिङ मेशिन | पिस/थान | २ | ६५०/- | |
| ४४ | ६११२२३९०००१५ | हाजिरी मेशिन | पिस/थान | १ | २३,४९९.४८/- | |
| ४५ | ६११२२३९०००२६ | भर्याङ | पिस/थान | १ | १०,८७५/- | |
| ४६ | ६११२२३९०००२७ | वाटर डिस्पेन्सर(तातो चिसो) | पिस/थान | १ | १४,२३८/- | |
| ४७ | ६११२२३९०००३५ | ग्यास सिलिन्डर | पिस/थान | १ | ३,६००/- | |
| ४८ | ६११२२३९०००४१ | नामावली बोर्ड | पिस/थान | २ | १६,०००/- | |
| ४९ | ६११२२३९०००४२ | ग्यास चुल्हो | पिस/थान | १ | ७,२०५/- | |
| ५० | ६११२२३९०००४३ | अन्य कार्यालय उपकरण | पिस/थान | १ | १३,४०५/- | |
| ५१ | ६११२२३९०००६४ | क्यमरा ट्रायाप(क्यामरा) | पिस/थान | १ | १,२०,२३२/- | |

## १.९ मुख्य न्यायाधिवक्ताको कार्यालयको वार्षिक बजेट विवरण :-

मुख्य न्यायाधिवक्ताको कार्यालयको लागि आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजन गरिएको रकम र खर्च विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तपशील**

| सि.नं. | बजेट उपशिर्षक | बजेट विनियोजन (रु.हजारमा) | निकासा (रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २१६०००११३ (चालु प्रशासनिक खर्च) | २०९३५ | १८३२८ | ८८% |
| मुख्य क्रियाकलाप : मुख्य न्यायाधिवक्ता पारिश्रमिक र सुविधा, खर्चहरु, मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक र कार्यालय संचालन खर्चहरु। | | | | |
| २ | २१६०००११४ (पूँजीगत खर्च) | ३५० | ३४४ | ९८% |
| कार्यालय सञ्चालनसँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशिन औजार र कार्यालयका लागि फर्निचर फिक्चर्स तथा अन्य पूँजीगतमा खर्च भएको तर मोटरसाइकल खरिदमा खर्च नभएको। | | | | |







## परिच्छेद — २
## सम्पादित कार्यहरुको विवरण

### २. सम्पादित कार्यहरुको विवरण

१. कोशी प्रदेशको सरकार पक्ष भएका मुद्दाहरुमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालत, काठमाडौं, प्रशासकीय अदालत सिंहदरवार, उच्च अदालत पाटन र उच्च अदालत विराटनगर मातहतका ईजलासहरुमा प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा हुँदै आइरहेको छ ।

२. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएका सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ। लिखित जवाफ र कानूनी प्रतिरक्षाका लागि आवश्यक दक्षता, सीप विकास सम्बन्धी अभिमुखिकरण समेत यस कार्यालयबाट हुने गरेको छ ।

३. कानून निर्माणका कतिपय सन्दर्भमा प्रदेश सभा र समिति समक्ष उपस्थित भई मुख्य न्यायाधिवक्ताबाट आफ्नो राय व्यक्त गर्ने गरिएको छ ।

४. प्रदेश कानूनको निर्माण पश्चात कार्यान्वयनमा देखिएमा सवल र दुर्वल पक्षको अध्ययन गर्न थालिएको छ।

५. प्रदेश कानूनको प्रभावकारी कार्यान्वयन तथा कानून निर्माण प्रक्रियामा नेपाल भरिकै कानूनी काम कारवाहीमा एकरुपता ल्याउने उद्देश्यले मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिएको ।

६. न्याय सम्पादनमा सरोकारवालाको भूमिका तथा प्रभावकारिताका सम्बन्धमा २ दिवसिय कार्यक्रम इलाम नगरपालिकामा संचालन गरिएको ।

## २.१ संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको विवरण :-

मुख्य न्यायाधिवक्ताको कार्यालयबाट स्थापना भएदेखि नै संवैधानिक तथा कानूनी विषयमा लिखित राय तथा मौखिक राय माग हुने गरेको छ । राय माग भएकोमा सबै राय माग गर्ने प्रदेश सरकारका निकायहरुलाई कानूनी राय तथा कानूनी परामर्श प्रदान गरिएको छ। यस आर्थिक वर्ष २०८१/०८२ मा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको विवरण यस प्रकार रहेका छन् ।

| क्र. सं. | कार्यालयको नाम | मिति | कैफियत |
|---|---|---|---|
| १ | श्री प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, सुनसरी | २०८१/०४/३० | |
| २ | श्री प्रदेश लोकसेवा आयोग,कोशी प्रदेश | २०८१/०५/२६ | |
| ३ | श्री प्रदेश लोकसेवा आयोग,कोशी प्रदेश | २०८१/०६/०७ | |
| ४ | श्री स्वास्थ्य मन्त्रालय,कोशी प्रदेश | २०८१/०६/२२ | |
| ५ | श्री स्वास्थ्य मन्त्रालय,कोशी प्रदेश | २०८१/०६/२३ | |
| ६ | श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश | २०८१/०७/१३ | |
| ७ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय,कोशी प्रदेश | २०८१/०७/२० | |
| ८ | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय,कोशी प्रदेश | २०८१/०९/०३ | |
| ९ | श्री स्वास्थ्य मन्त्रालय,कोशी प्रदेश | २०८१/११/०९ | |
| १० | श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय,कोशी प्रदेश | २०८२/०३/२५ | |

## २.२ प्रदेश सरकार प्रत्यर्थी भई दायर भएका मुद्दाहरुको विवरण

तालिका नं.१ः आ.व.२०८१/०८२ मा प्रदेश सरकार प्रत्यर्थी भई दायर भई फछ्यौंट भएको मुद्दा र चालु मुद्दाहरुको विवरणः-

| सि.नं. | आ.व. २०८०/०८१ बाट जिम्मेवारी सरि आएका मुद्दाहरु | आ.व. २०८१/०८२ मा दर्ता भएका मुद्दाहरु | जम्मा मुद्दा संख्या | फछ्यौंट मुद्दा संख्या | फछ्यौंट गर्न बाँकी मुद्दाहरु |
|---|---|---|---|---|---|
| **१.** | **१०७** | **१५९** | **२६६** | **१३३** | **१३३** |

- माथिल्लो तालिकालाई विश्लेषण गर्दा आ.व.२०८१/०८२ मा दर्ता भएका मुद्दाहरुको संख्या १५९ तथा अघिल्लो आ.व.बाट जिम्मेवारी सरी आएका मुद्दा १०७ गरी जम्मा २६६ मुद्दा रहेकोमा सो मध्येबाट १३३ थान मुद्दाहरु फछ्र्यौट (४९.६२%) भएको देखिन्छ।
- **अनुसूची -१ मा आ.व.२०८१/०८२ का चालु तथा फैसला भएका मुद्दाहरुको विवरण रहेका छन्।**
- **कार्यालयमा आवद्ध न्यायाधिवक्ता र** आ.व. २०८१/०८२ को **औसत मुद्दा संख्याः** कार्यालयमा १ उप-न्यायाधिवक्ता र ३ सहायक न्यायाधिवक्ता गरी ४ जना सरकारी वकीलको स्वीकृत दरबन्दी रहेको अवस्था छ।सर्वोच्च अदालतमा १११ वटा, उच्च अदालत पाटनमा ६ वटा, प्रशासकीय अदालतमा १३ वटा, उच्च अदालत विराटनगरमा ११७ वटा, उच्च अदालत धनकुटा ईजलासमा ४, उच्च अदालत ईलाम ईजलासमा ७ वटा, उच्च अदालत अस्थायी ईजलास ओखलढुंगामा ४ वटा, विभिन्न जिल्ला अदालतहरुमा ४ वटा गरी चालु आ.व. मा यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले प्रतिरक्षार्थ वहस गर्नुपर्ने मुद्दाहरुको संख्या २६६ वटा रहेको छ।उपलब्ध भएसम्म भिडियो कन्फेरेन्सिङ्गबाट समेत वहस गरिदै आएतापनि मुद्दाको विषयवस्तुको गाम्भिर्यताका साथै सक्कल कागजात/फायल झिकाईएको अवस्थामा भौतिक रुपले नै उपस्थित भई प्रतिरक्षा/बहस गर्नुपर्ने हुँदा मुकाम तोकिएका उच्च अदालतहरुमा, विभिन्न जिल्ला अदालतहरुमा भौगोलिक र पहुँचमा समेत कठिनाईका बाबजुद कार्यालयमा उपलब्ध सिमित जनशक्ति, न्युन श्रोत साधनको अधिकतम उपयोग गरी प्रभावकारी ढंगले प्रतिरक्षा गरिँदै आईरहेको छ।यद्यपी काठमाण्डौ उपत्यकामा रहेका सर्वोच्च अदालत, प्रशासकीय अदालतमा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट भौतिक रुपले नै उपस्थित भई प्रतिरक्षार्थ वहस पैरवी भईरहेकोमा विराटनगरबाट वहस पैरवी गर्न काठमाण्डौ जाँदा लाग्ने समय अवधि, साधन श्रोतमाथि पर्ने व्ययभार समेतका आधारमा यस कार्यालयको प्रभावकारी प्रतिनिधित्वका लागी साथै प्रतिरक्षार्थ वहस पैरवीलाई केही सरलिकृत एवं व्यवस्थित गर्नका लागी कानून बमोजिम एक जना अधिवक्तालाई करारमा नियुक्त गरी कार्यालयको कार्यसम्पादन गरिँदै आईरहेको अवस्था छ।प्रदेश सरकार र यस मातहतका निकायहरु विरुद्ध परेका मुद्दाहरुमा सामूहिक वहस/पैरवीको अभ्यासबाट र मुद्दाका आफ्ना पक्षहरुसँग बढीभन्दा बढी समन्वय र सहकार्यलाई जोड दिँदै सकेसम्म प्रविधिको समेत प्रयोग गर्दै प्रभावकारी एवं शशक्त प्रतिरक्षाको अभ्यासलाई निरन्तरता

दिँदा कार्यालयको कार्यसम्पादनको गुणस्तरियतामा अभिबृद्धि हुने र स्वभाविक रुपले मुख्य न्यायाधिवक्ता एवं खटिएका सरकारी वकीलहरुमाथि कामको चाप बढ्दो छ ।

**तालिका नं.२: आ.व. २०८१/८२ को चालु मुद्दाहरुको अभिलेख विवरण:**

| मुद्दा दर्ता निकाय | लगत सरि आएको | चालु आ.व. मा दर्ता भएका | जम्मा चालु मुद्दा | फैसला/अन्तिम आदेश | | | बाँकी | सफलता प्रतिशत् |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खारेज | जारी | अन्य | | |
| सर्वोच्च अदालत | ६८ | ४३ | १११ | १८ | ७ | ६ | ८० | ८५% |
| उच्च अदालत पाटन | १ | ५ | ६ | ३ | ३ | ० | ० | ५०% |
| प्रशासकीय अदालत | ० | १३ | १३ | ४ | ७ | ० | २ | ३६% |
| उच्च अदालत विराटनगर | ३३ | ८४ | ११७ | ३७ | २३ | ११ | ४६ | ७५% |
| उच्च अदालत ईलाम इजलास | १ | ६ | ७ | ४ | ० | ० | ३ | १००% |
| उच्च अदालत धनकुटा इजलास | १ | ३ | ४ | १ | २ | १ | ० | ३३% |
| उच्च अदालत अस्थायी इजलास ओखलढुंगा | १ | ३ | ४ | ३ | १ | ० | ० | ७५% |
| विभिन्न जिल्ला अदालतहरु | २ | २ | ४ | २ | ० | ० | २ | १००% |
| **जम्मा** | **१०७** | **१५९** | **२६६** | **७२** | **४३** | **१८** | **१३३** | **८४.७२%** |

- उल्लेखित तालिका विश्लेषण गर्दा चालु आ.व. मा रिट जारी हुने र नहुने फैसला/आदेश भएका मुद्दाहरु मध्येका ८४.७२% मुद्दामा मुख्य न्यायाधिवक्ताको कार्यालयबाट वहस प्रतिरक्षा भएका मुद्दामा प्रदेश सरकार वा सो का मातहत निकायलाई सफलता प्राप्त हुन गएको देखिन्छ।चालु आ.व. मा १८ वटा मुद्दाहरु तामेली, मुद्दा फिर्ता, अनुमति नहुने प्रकृयाहरुबाट लगत कट्टा भएको देखिएको छ।रिट जारी भएका केही मुद्दाहरुमा सम्बन्धित निकायहरुबाट लिखित जवाफ दर्ता नभएको जस्ता कारण समेत सामेल छन्।माथि तालिकामा चालु आ.व. को कुल मुद्दा सख्या २६६ भएतापनि एकै मुद्दामा

एकभन्दा बढी पक्ष सामेल भएको हुँदा यस कार्यालयले ७४७ भन्दा बढी पक्षहरुको प्रतिरक्षा गर्नुपरेको छ।

**२.३ प्रदेश सरकार पक्ष भई चलेको मुद्दा सम्बन्धी विवरण :**

नेपालको संविधानको धारा १६० (७) मा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानून बमोजिम हुने भनिएको छ । मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ बमोजिम कुनै अदालत वा न्यायिक निकाय समक्ष प्रदेश सरकारको तर्फबाट निवेदन पुनरावेदन र पुनरावलोकन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई हुने व्यवस्था गरेको छ । सो अनुसार आर्थिक वर्ष २०८१/०८२ मा प्रदेश सरकार पक्ष भई कुनै विषयको मुद्दा दायर गर्ने निर्णय भएको छैन ।

**२.४ मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०८१/०८२ मा सम्पन्न गरिएका कार्यक्रमहरु यस प्रकार रहेका छन् :**

| क्र.स. | मिति | स्थान | कैफियत |
|---|---|---|---|
| **(१) प्रदेश अन्तर्गतका निकायहरुसँगको लिखित जवाफ सम्बन्धि अन्तरक्रिया कार्यक्रम** | | | |
| १. | २०८१/०४/२४ | होटल ईस्टन स्टार, विराटनगर | |
| **(२) पञ्चवर्षिय रणनितिकयोजना तर्जुमा सम्बन्धी सरोकारवालाहरुसँग एक दिवसिय छलफल/अन्तरक्रिया कार्यक्रम** | | | |
| १ | २०८१/०७/०७ | पोखरेली होटल,इलाम | |
| | | | |
| **(३) मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलन २०८१** | | | |
| १ | २०८१/०७/२९ /३० | होटल ईस्टन स्टार, विराटनगर **र इलामको होटल हिल टावर, श्रीअन्तु** | |
| **(४) मुख्य न्यायाधिवक्ता कार्यालय स्थापना दिवस कार्यक्रम** | | | |

| | | | |
|---|---|---|---|
| १ | २०८१/११/२५ | आन्तरिक मामिला तथा कानून मन्त्रालयको सभा-हल विराटनगर | |
| **(५) लिखित जवाफ र कानूनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रम** | | | |
| १ | २०८१/१२/०७ | पाथिभरा गेष्ठ हाउसको सभा-हल सि.न.पा.११, ओखलढुंगा | |
| **(६) कानूनका विद्यार्थीसँग मुख्य न्यायाधिवक्ता कार्यक्रम** | | | |
| १ | २०८१/१२/०८ | सोलुखुम्बु बहुमुखी क्याम्पस, सोलुखुम्बु | |
| **(७) लिखित जवाफ र कानूनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रम** | | | |
| १ | २०८२/०१/२३ | जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको सभाहल | |
| **(८) समुदायमा मुख्य न्यायाधिवक्ता कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रम** | | | |
| १ | २०८२/०१/२४ | पाख्रिबास नगरपालिका वडा नं.-६ फलाटेको सभाहल | |
| **(९) लिखित जवाफ र कानूनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रम** | | | |
| १ | २०८२/०२/२९ | जिल्ला समन्वय समितिको कार्यालय, पाँचथरको सभाहल | |
| **(१०) समुदायमा मुख्य न्यायाधिवक्ता कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रम** | | | |
| १ | २०८२/०२/२१ | हलेसी तुवाचुंग नगरपालिकाको सभा-हल | |
| २ | २०८२/०२/२४ | म्याङलुङ क्याम्पस, तेह्रथुम सभाहल | |

- **मुख्य न्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०८१/०८२ मा सम्पन्न गरिएका कार्यक्रमहरुको प्रतिवेदन यस प्रकार रहेको छ ।**

### २.४.१ प्रदेश अन्तर्गतका निकायहरुसँगको लिखित जवाफ सम्बन्धि अन्तरक्रिया कार्यक्रमः

कार्यक्रम संचालन भएको स्थान :- होटल इंस्टर्न स्टारको सभाहल विराटनगर

कार्यक्रम संचालन भएको मिति : २०८१/०४/२५ गते शुक्रवार

कार्यक्रम अध्यक्षता :- मुख्य न्यायाधिवक्ता श्री नारायण वस्ती, मुख्य न्यायाधिवक्ताको

कार्यालय, कोशी प्रदेश

कार्यक्रमको प्रमुख अतिथि - माननीय मुख्य न्यायाधीश रमेश प्रसाद राजभण्डारी, उच्च अदालत विराटनगर

कार्यक्रमको विशिष्ठ अतिथि :- माननीय लिलाबल्लभ अधिकारी मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कार्यक्रमको विशिष्ठ अतिथि :- नायब महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौ

कार्यपत्र प्रस्तोता : मुख्य न्यायाधिवक्ता श्री नारायण वस्ती, मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश, नायब महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय, उप न्यायाधिवक्ता श्री राजेन्द्र बहादुर बस्नेत र सहायक न्यायाधिवक्ता श्री रविन सापकोटा

कार्यक्रम संचालक :- उप न्यायाधिवक्ता श्री राजेन्द्र बहादुर बस्नेत

कार्यक्रममा उपस्थिति संख्या :- ६८ जना

## १. परिचय :-

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ताको व्यवस्था रहेको छ भने सोही धाराको उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने छ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकी दिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक व्यवस्था छ। त्यसैगरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्त सम्बन्धि (पहिलो संशोधन) ऐन २०८१ को दफा ४ (क) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको, संविधान वा कानूनको ब्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकारको तर्फबाट कुनै अदालतमा उपस्थित भई प्रतिरक्षा गर्ने/गराउने काम उल्लेख भएको हुदा प्रदेश सरकार र प्रदेश सरकार मातहतका निकायहरुको प्रतिरक्षा गर्न प्राप्त लिखित जवाफहरुमा एकरुपता नरहेको अबस्थामा लिखित जवाफलाई पूर्ण र ब्यबस्थित बनाउन यस विषयमा सैद्धान्तिक र ब्यवहारीक पक्षको जानकारी गराउन कार्यपत्र सहित मुख्य न्यायाधिवक्ता कार्यालयले आफ्नो बार्षिक कार्यक्रम अन्तरगत लिखित जवाफ सम्बन्धी विषयवस्तुको

सैद्धान्तिक र व्यवहारिक पक्षको जानकारी गराउन विज्ञ झिकाई कार्यपत्र सहित मुख्य न्यायाधिवक्ता कार्यालयले कार्यक्रम गरेको ।

**२. उद्देश्य :-**

प्रदेश मन्त्रालयका कानून अधिकृत र प्रदेश सरकार मातहतका निकायहरुका कार्यालय प्रमुख र शाखा प्रमुखहरुलाई लिखित जवाफ र प्रतिरक्षा साथै कानूनी राय सम्बन्धी विषयवस्तुको सैद्धान्तिक र ब्यवहारीक पक्षको जानकारी गराउनु।

**३. कार्यक्रमको विषयवस्तु :-**

लिखित जवाफ र प्रतिरक्षा साथै कानूनी राय विषयको सैद्धान्तिक अवधारणा र कानूनी ब्यवस्था साथै लिखित जवाफ र प्रतिरक्षा सम्बन्धी ब्यवहारिक सम्वन्धी विषयहरु ।

**४. कार्यक्रमवाट भएको उपलब्धि :-**

प्रदेश मन्त्रालयका कानून अधिकृत र प्रदेश सरकार मातहतका निकायहरुका कार्यालय प्रमुख र शाखा प्रमुखहरुलाई लिखित जवाफ र प्रतिरक्षा साथै कानूनी राय सम्बन्धी विषयवस्तुको सैद्धान्तिक र ब्यवहारीक पक्षको विषयमा सहभागीता मूलक अनुभव आदान प्रदान गरी अन्तरक्रियात्मक रुपमा तिन वटा सत्रमा कार्यक्रम सम्पन्न भएको ।

**५. गुनासो :-**

लिखित जवाफ सम्बन्धी सिकाईको अपर्याप्तता ।

**६. सुझाव :-**

कोशी प्रदेश अन्तरगत सबै कार्यालयहरु समेटी कार्यक्रम गर्नु पर्ने र सोको लागि उचित बजेटको व्यवस्था हुनु पर्ने ।

**७. निष्कर्ष :-**

क) सहभागीहरुवाट लिखित जवाफ र प्रतिरक्षा साथै कानूनी राय विषयक अन्तरक्रिया कार्यक्रम सान्दर्भिक भएको भनी सकारात्मक प्रतिक्रिया जाहेर गरेको ।

ख) सहभागीवाट रीटका विषयमा समेत यसरीनै विशेषज्ञहरु ल्याई थप कार्यक्रम संचालन गर्न अनुरोध भएको छ।

**२.४.२ पञ्चवर्षिय रणनितिकयोजना तर्जुमा सम्बन्धी सरोकारवालाहरुसँग एक दिवसिय छलफल/अन्तरक्रिया कार्यक्रम :-**

## १. पृष्ठभूमी

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, आधारभूत मानव अधिकार, निष्पक्ष र सक्षम न्यायपालिका साथै कानूनी राज्यको परिकल्पना गरी संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ बमोजिम कामकाज गर्दै आएकोमा सँगठनको उद्देश्य हाँसिल गर्न मानवीय तथा भौतिक श्रोत साधन प्रविधि संरचना र क्रियाकलापहरुको समन्वयात्मक परिचालन आवश्यक हुन्छ। सँगठनलाई प्राप्त जिम्मेवारी अपेक्षित र प्रभावकारी रुपले वहन गर्नको लागि स्पष्ट परिदृष्य र परिलक्ष्य परिभाषित गरी सो अनुसार रणनीतिक क्रियाकलापको प्रक्षेपण गरी योजनाबद्ध रुपमा कार्य सञ्चालन गर्नु आवश्यक हुन्छ। नेपालको संविधान एवं ऐन कानूनले मुख्य न्यायाधिवक्ताको कार्यालयलाई सुम्पेको जिम्मेवारी प्रभावकारी रुपले कार्यान्वयन गर्नका लागि निर्धारित रणनीतिक योजनाको आवश्यकता महसुस गरी संस्थागत सुदृढिकरण र क्षमता विकासका लागि प्रस्तुत पञ्चवर्षीय रणनीतिक योजना निर्माण गर्नुपरेको हो।

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश र कोशी प्रदेशका सरोकारवाला मन्त्रालय तथा सरोकारवाला प्रादेशिक कार्यालयहरुसँग आफूसँग निहित काम, कर्तव्य र अधिकार भित्रका न्यायीक विषयहरुमा समन्वय अभिवृद्धि गर्दै विधिको शासनको प्रत्याभूति सँगै व्यावसायिकता अभिवृद्धिका साथै न्यायमा पहुँचको अवसर सुनिश्चित गर्न मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले पञ्चवर्षिय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन आएको अवस्था छ । मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले निर्धारित योजनाबद्ध कृयाकलाप एवं उपलब्धी मापन मापदण्ड समेत सुनिश्चित गरी सर्वप्रथम सुरु गरेको यस रणनितिक योजनाले मुख्य न्यायाधिवक्ता कार्यालयले गर्ने काम कर्तव्य र अधिकार प्रति सदैव सचेत गराई कार्यालयको काम कारवाहीमा सहभागीता एवं जिम्मेवारी बोधका साथै योजनाका कृयाकलापहरु प्रति प्रतिबद्धता समेत व्यक्त गर्ने अवसर मिलेको छ । कुनै पनि योजना कार्यान्वयन गर्न बाध्य मात्र हैन आन्तरिक रुपमा नै सबै क्रियाशील हुनु पर्ने भएकोले मुख्य न्यायाधिवक्ताको कार्यालयले समन्वय र सहकार्यलाई प्राथमिकता दिई रणनितिक योजनाका लक्ष्यहरु प्राप्त गर्न प्रस्तुत योजना कोशेढुंगाको रुपमा रहनेछ।

प्रस्तुत प्रथम पञ्चवर्षीय रणनीतिक योजना आ.व. २०८२/०८३ देखी आ.व. २०८६/०८७ सम्म कार्यान्वयन हुनेछ । नेपालमा योजनाबद्ध विकासको सो कार्यलाई

निरन्तरर्ता दिन मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले पहिलो पटक पञ्चवर्षिय रणनीतिक योजना (आ.व. २०८२/०८३ देखी आ.व. २०८६/०८७) तर्जुमा गरिएको हो।

## २. रणनीतिक योजनाको उद्देश्यः-

**प्रस्तुत पञ्चवर्षिय रणनीतिक योजनाको देहायको उद्देश्यहरु रहेको थियो :**

नेपालको संविधान जारी भए पश्चात् संविधानले परिकल्पना गरेको संघीयता बमोजिम ३ तहको सरकार रहने संवैधानिक व्यवस्थाका आधारमा कोशी प्रदेश सरकारको कानुनी सल्लाहकारको जिम्मेवारी रहने गरी नेपालको संविधानको धारा १६० बमोजिम स्थापना भएको मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले विधिको शासन, कानूनको कार्यान्वयनमा प्रभावकारीता, कानून कार्यान्वयनका क्रममा देखा परेका जटिलता संबोधन गर्नका लागि प्रदेश सरकार सम्बन्धित निकाय समक्ष आवश्यक राय सल्लाह उपलब्ध गराई सहजिकरणको भूमिका निर्वाह गर्ने, प्रदेश सरकार विरुद्धमा पर्ने मुद्दामा प्रभावकारी प्रतिरक्षा, नागरिक तहमा प्रदेश कानून एवं संघिय कानूनहरुको सम्बन्धमा आवश्यकता अनुरुप सु-सुचित गराउँदै न्यायमा पहुँचको अवस्थालाई थप सुदृढ गराउने समेतका उद्देश्यका साथ प्रथम पटक यो पञ्चवर्षिय रणनीतिक योजना तर्जुमा गरिएको हो ।

## ३. रणनीतिक योजनाको तर्जुमा :—

कोशी प्रदेश सरकारको आ.व. २०८१/०८२ को बिनियोजित बार्षिक बजेट तथा यस कार्यालयको स्वीकृत कार्यक्रम अन्तर्गत यस कार्यालयमा मिति २०८१।०४।०३ मा माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूको अध्यक्ष सहित ८ सदस्य भएको व्यवस्थापन समितीको बैठक बसि प्रस्तावित मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको पहिलो पञ्चवर्षिय रणनितीक योजना —(२०८२/०८३-२०८६/०८७) सम्बन्धमा छलफल भई पेश भएको मस्यौदालाई बैठकले स्वीकृत गर्ने निर्णय गरेको थियो भने सो रणनीतिक योजनालाई तर्जुमा गर्न व्यवस्थापन समितिको निर्देशन रहने गरी उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्तीको संयोजकत्वमा ४ सदस्यीय योजना तर्जुमा समिति गठन भई सो योजनामा कार्य गर्न योजना तर्जुमा समितिको निर्देशन रहने गरी सहायक न्यायाधिवक्ता श्री सिमा यादवको संयोजकमा ५ सदस्यीय कार्य समूह गठन गरी सरोकारवाला निकाय समेतको समन्वय, अन्तरकृया तथा छलफलबाट योजना तर्जुमा गरि योजना व्यवस्थापन समितिमा पेश गरिएको थियो ।

## ४. रणनीतिक योजनाको परिदृश्य, परिलक्ष्य, मुल्यहरुः

मुख्य न्यायाधिवक्ताको कार्यालयको पहिलो पञ्चवर्षिय रणनीतिक योजना (०८२/०८३-०८६/०८७) को परिदृश्य, परिलक्ष्य, मुल्यहरु देहाय बमोजिम रहेको छः

### क) परिदृष्य (Vision)

- समृद्ध कोशी प्रदेशका लागि विधिको शासनको सुनिश्चितता ।

### ख) परिलक्ष्य (Mission)

- प्रदेश कानूनको प्रभावकारी, प्रदेश सरकारलाई प्रभावकारी कानूनी सल्लाह र परामर्श प्रदान न्यायीक प्रकृयामा निश्पक्षता र पारदर्शीता कार्यान्वयनमा अहम् भूमिका अभिवृद्धी गर्दै व्यावसायिक संस्थाको रुपमा स्थापित गर्ने।

### ग) मुल्यहरु (Values)

- कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन।
- स्वच्छ सुनुवाई र प्रभावकारी प्रतिरक्षा।
- उत्तरदायित्व, जवाफदेहिता र पारदर्शिता।
- व्यावसायिकता।
- मानव अधिकारको संरक्षण।
- सार्वजनिक हितको संरक्षण।
- स्वामित्वबोध।
- निरन्तर सिकाई, सुधार र अद्यावधिकता।

## ५. रणनीतिक योजनाको लक्ष्य र लक्ष्यका रणनीति र कृयाकलापहरुः

### क) लक्ष्यहरु (Goals)

- लक्ष्य-१ः मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने।
- लक्ष्य २ः संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा पालना व्यवस्थापन गर्ने ।
- लक्ष्य ३ः संस्थागत सुदृढीकरण गर्ने ।

#### १. रणनीति (Strategies)

क. लक्ष्य-१ मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने।

- रणनीति-१ मुद्दाको सुनुवाई र रिटको प्रतिरक्षा प्रभावकारी बनाउने।
- रणनीति-२ सरोकारवालाहरुसँगको समन्वय सार्थक एवं प्रभावकारी बनाउने

- रणनीति-३ मिसिल तथा अभिलेख व्यवस्थापन प्रभावकारी बनाउने ।

ख. लक्ष्य-२ संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा पालना र व्यवस्थापनः

- रणनीति-१ कानूनी राय प्रदान गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- रणनीति-२ सर्वोच्च अदालतबाट भएका व्याख्या र प्रतिपादित सिद्धान्तहरुको कार्यान्वयन गर्न सहजिकरण गर्ने।
- रणनीति-३ दण्ड प्रणालीको सुधार र सो सम्बन्धि वोर्ड तथा समितिहरुलाई क्रियाशील गराउने।
- रणनीति-४ प्रदेश कानूनको वारेमा सचेतना अभिवृद्धि गर्ने ।
- रणनीति-५ न्यायमा पहुंच अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।
- रणनीति-६ कर्मचारीहरुलाई निरन्तर अभिमुखिकरण गर्ने ।
- रणनीति-७ वहस पैरवीमा खटिने कर्मचारीहरुको विषयगत विशिष्टिकरण गर्ने।

**ग. लक्ष्य-३ः संस्थागत सुदृढीकरण गर्ने ।**

- रणनीति-१ भौतिक पुर्वाधार निर्माण गर्ने ।
- रणनीति-२ सुचना तथा संचार प्रविधिमा जोड दिई कार्य सञ्चालनमा less paper अवधारणाको विकास गर्ने ।
- रणनीति-३ सेवा प्रवाहलाई सहज, सरल, गुणस्तरिय र प्रभावकारी बनाउने रणनीति-४ पुस्तकालयलाई आधुनिकीकरण गर्ने ।
- रणनीति-५ योजना कार्यान्वयनलाई प्रभावकारी बनाउने।
- रणनीति-६ बार्षिक प्रतिवेदनमा कार्यालयको कार्यसम्पादनको तथ्याङ्क थप स्पष्ट हुने गरी ढाँचा/फारम विकास गर्ने ।

**१. रणनीतिक योजना तर्जुमा र मस्यौदा बारेमा अन्तरकृया तथा छलफलः-**

क) प्रकरण ४ मा उल्लिखत परिदृश्य, परिलक्ष्य, मुल्यहरुका आधारमा रणनीतिक योजनाको प्रारम्भीक मस्यौदा कार्यालयमा विभिन्न चरणमा व्यवस्थापन समितिको निर्देशनमा योजना तर्जुमा समितिले कार्य समूहको सहयोगमा अनुसन्धान, विश्लेषण, प्रयाप्त छलफल तथा विभिन्न क्षेत्रका रणनीतिक योजनाको अध्ययनका आधारमा सूचना संकलन गरी रणनीतिक योजना तयार पारी योजनाको लक्ष्य, लक्ष्यका रणनीति र रणनीतिका कृयाकलापहरु समेटी

मस्यौदालाई अन्तिम रुप दिन मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको आयोजनामा मिति २०८१/०७/०७ गते पोखरेली होटल ईलामको सभाहलमा माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्युको अध्यक्षता एवं उच्च अदालत विराटनगर, ईलाम इजलासका बरिष्ठतम् माननीय न्यायाधिश श्री विपुल न्यौपानेज्युको प्रमुख आतिथ्यतामा रणनीतिक योजनालाई थप कार्यालयको काम कारवाहिसँग मेल खाने, वस्तुनिष्ठ, व्यवस्थित, कार्यान्वयन योग्य र मस्यौदा तर्जुमा गर्दा ध्यान दिने आवश्यक कुरा लगायतका विषयमा अन्तरकृया तथा छलफल भई कार्यक्रम भएको थियो। उक्त कार्यक्रममा मस्यौदा उपर छलफल हुँदा कार्यक्रमको परिदृश्य, परिलक्ष्य, मुल्यहरु र योजनाका लक्ष्य, लक्ष्यका रणनीति तथा कृयाकलाप उपर छलफल भई आवश्यकता अनुसारको परिमार्जन गर्न, लक्ष्यको समिक्षाका पाटाहरु समावेश गर्न, रणनीतिका क्रियाकलाप आवश्यकता अनुसारको बजेट समावेश गर्न र अन्य आवश्यक विषय थप सुझाई रणनितीक योजनाको मस्यौदालाई टेवा पुग्ने गरी छलफल र अन्तरकृया तथा छलफल भई योजना बन्न लागेकोमा सो प्रति प्रमुख अतिथी, विशिष्ट अतिथी, अतिथी एवं अन्य सहभागी हुनु भएका सरोकारवाला निकायबाट कार्य सफलताको शुभकामना दिनु भई कार्यक्रम सफलतापूर्वक सम्पन्न भई मस्यौदालाई मुर्त रुप दिन थप आवश्यक सुझाव संकलन भएको थियो।

२. **रणनितिक योजनाको प्रस्तावित मस्यौदा उपर राय सुझाब बारे छलफल** :-

क) रणनितिक योजनाको प्रस्तावित मस्यौदा तयार पारी मिति २०८२।०३।२३ गते मुख्य न्यायाधिवक्ताको कार्यालयको सभाहलमा कोशी प्रदेशका मा.मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूको अध्यक्षतामा सरोकारवाला निकायलाई आमन्त्रण गरी प्रस्तावित मस्यौदा पेश गरी सो मस्यौदा उपर छलफल भई मस्यौदामा भएका साना तिना कमजोरीले पनि प्रस्तावित रणनीतिक योजना कार्यान्वयन नहुने भएकाले भाषागत त्रुटी, रणनीति कृयाकलापका कार्य सम्पादन सूचक, रणनीति क्रियाकलापको कार्यान्वयन गराउने जिम्मेवारीका विषय, सँगठनको संरचना जनशक्तिको परिचालन लगायत योजनालाई चाहिने अन्य आवश्यक विषयमा सुक्ष्म रुपमा हेरी रणनीतिक योजना प्रकाशन सोको कार्यान्वयन गर्दा घोषित लक्ष्य हासिल हुने र योजनाले कार्यालयको कार्य

सम्पादन चुस्त दुरुस्त एवं सँगठनलाई दरिलो बनाउने आधार हुन सक्नेछ भनि सरोकारवाला निकायवाट महत्वपूर्ण छलफल र सुझाव प्राप्त भएको थियो भने सोही छलफलका विषय तथा सुझावहरुलाई समेत समेटी प्रस्तावित पहिलो पञ्चवर्षिय रणनीतिक योजना (आ.व. ०८२/०८३ देखी ०८६/०८७) लाई अन्तिम रूप दिई योजना तयार पारिएको थियो।

**मस्यौदाको प्रकाशन र कार्यान्वयन**

यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले निर्माण गरेको पहिलो पञ्चवर्षिय रणनीतिक योजना (आ.व. ०८२/०८३ देखि ०८६/०८७) को मस्यौदा कार्यालयमा विभिन्न चरणमा व्यवस्थापन समितिको निर्देशनमा योजना तर्जुमा समितिको कार्य समूहको सहयोगमा तर्जुमा गरेको रणनीतिक योजनाको मस्यौदालाई व्यवस्थापन समितिको निर्देशानुसार पहिलो चरणमा १०० प्रति प्रकाशन गरी मुख्य न्यायाधिवक्ताको कार्यालयको पहिलो पञ्चवर्षिय रणनीतिक योजनालाई (आ.व. २०८२/०८३ देखी २०८६/८७ सम्म) कार्यान्वयनमा आउने गरी प्रकाशनका लागि पठाईएको थियो।

**रणनीतिक योजनाको उपलब्धिहरुः-**

प्रस्तुत रणनीतिले निम्न उपलब्धिहरु हाँसिल हुने अनुभूति गरिएको छ :-

- कार्यान्वयन भएकै अवधी देखि योजनाबद्ध रुपमा कार्यालयको कार्य सम्पादन हुने ।
- कार्यालयमा सबैको जवाफदेहिता देखिने फलतः दरिलो संरचना हुने।
- पदेश सरकारको तर्फबाट विषयविज्ञका आधारमा मुद्दा मामिलामा दरिलो एवं प्रभावशाली प्रतिरक्षा हुने।
- स्थानिय तहसम्म नै न्यायमा पहुँचको जनचेतना फैलिने ।
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार संविधान तथा कानून बमोजिम प्रयोग हुने।
- मानव अधिकारको क्षेत्रमा सबैलाई जनचेतना र आवश्यक पहल र समन्वय हुने।
- कानून कार्यान्वयनको क्षेत्रमा सहजिकरण, समन्वय, जवाफदेहिता र आवश्यक पहल गर्ने।
- थुनुवा तथा कारागारमा रहेका थुनुवालाई मानवोचित व्यवहार भए नभएको बारे प्रदेश सरकारलाई जानकारी दिने।

- सरोकारवालालाई एकै ठाँउमा राखी सरोकारवाला निकायको जवाफदेहितालाई सचेत र सु-सुचित गराउने आदि ।

## २.४.३ मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलन २०८१ः

### १. पृष्ठभूमी

**"प्रभावकारी कानून निर्माण र कार्यान्वयनको आधार, सम्मुन्नत प्रदेशको पूर्वाधार"** भन्ने मूल नाराका साथ कोशी प्रदेशद्वारा आयोजित मुख्य न्यायाधिवक्ताहरुको छैठौं राष्ट्रिय सम्मेलन मिति २०८१ कार्तिक २९ गते विराटनगरमा उद्घाटन भई सम्मेलनको दोश्रो खण्ड कार्यपत्र प्रस्तुतीकरण तथा छलफल र तेश्रो खण्ड समापन ईलामको श्रीअन्तु स्थित होटल हिल टावरको सभाहलमा सम्पन्न भयो ।

नेपालको संविधान बमोजिम नेपाल संघिय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य भएसँगै सो संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने र सोही धारा १६० को उपधारा (२) बमोजिम सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्य न्यायाधिवक्ताको नियुक्ती हुने संवैधानिक व्यवस्था अनुरुप मिति २०७४ फाल्गुन २५ गतेदेखी कोशी प्रदेशमा माननीय मुख्य न्यायाधिवक्ताको नियुक्ति भएसँगै विधिवत रुपमा मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश स्थापना भई हाल सेवा अवधिको सातौं बर्षसम्म आईपुग्दा संघीय राज्य संरचनागत राज्य प्रणालीको संवैधानिक मर्म अनुरुप कार्य संचालन हुँदै आईरहेकोमा यस कार्यालयको महत्व संघीय न्याय प्रणालीमा बढ्दो रहेको छ ।

यस सम्मेलनले तय गरेको मूल नारा सँगै यस कार्यक्रमको औचित्य एवं उद्देश्य मुख्य न्यायाधिवक्ता एवं मुख्य न्यायाधिवक्ताको कार्यालयसँग प्रत्यक्ष एवं परोक्ष रुपले सम्बन्धित कार्यालय एवं निकायका प्रमुख एवं प्रतिनिधिज्यूहरुसँग साक्षात्कार हुने र कार्यालय स्थापना हुनु पछाडीको संवैधानिक आधार र महत्व प्रसारित गर्नु साथै सम्मेलनको दोश्रो खण्डमा प्रदेश कानून निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरुका सम्बन्धमा छलफल गर्ने साथै छलफलमा उठेका बिषयवस्तुहरुलाई आत्मसाथ गर्दै मुख्य न्यायाधिवक्ताको कार्यालयमा आउने समस्याहरुको समाधानका सम्भावित उपायहरुको खोजी गर्ने, सातै वटा प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयहरुले सम्पादन गरेका कार्यहरुको कार्यगत अनुभवहरु साटासाट गर्ने, कार्यगत एकरुपता कायम राख्नका लागि उपायहरुको खोजी गर्ने समेतका उद्देश्य यस कार्यक्रमले राखेको थियो । अलग अलग प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालय एउटै उद्देश्यले स्थापना भएतापनि आफूहरुमा भएका समस्या, कार्यमा रहेका विविधता, समन्वयमा

रहेका असहजता, कार्यक्षेत्रमा देखिएका चुनौतीहरु पहिचान गरी समाधान खोज्ने साथै मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुने सेवा प्रवाहलाई प्रभावकारी बनाई विश्वसनीय संस्थाको रुपमा विकास गर्ने उपायहरु पहिचान गर्ने समेतका लक्ष्य यस सम्मेलनले राखेको थियो ।

प्रदेश कानून निर्माण र कार्यान्वयनमा देखा परेका समस्या, त्यसको समाधानमा मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिका विषयक कार्यपत्र माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती र पूर्व मुख्य न्यायाधिवक्ता चुडामणी आचार्यले संयुक्त रुपमा अनुसन्धान एवं खोज गरी तयार गर्नुभई सहभागीहरु समक्ष प्रस्तुत गर्नुभएको थियो ।

सम्मेलनमा १ जना महान्यायाधिवक्ता, १ जना नायव महान्यायाधिवक्ता, ७ जना मुख्य न्यायाधिवक्ता ज्यूहरु, ३ जना पूर्व मुख्य न्यायाधिवक्ता ज्यूहरु, १ जना सह न्यायाधिवक्ताज्यू, ११ जना उपन्यायाधिवक्ता, १६ जना सहायक न्यायाधिवक्ताज्यूहरु गरी जम्मा २९ जना सरकारी वकीलहरुको सहभागीता रहेको र अन्य १९० जना विभिन्न पदका सम्बन्धित कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो । सम्मेलनको अन्तिम दिनमा सबै प्रदेशका मुख्य न्यायाधिवक्ता ज्यूहरुले ९ बुँदे संयुक्त घोषणापत्र जारी गर्नुभएको थियो ।

## २. सम्मेलन आयोजनाको उद्देश्यः-

यस मुख्य न्यायाधिवक्ताहरुको छैठौं राष्ट्रिय सम्मेलनले निम्न उद्देश्यहरु राखेको थियोः

- प्रदेश कानून निर्माण र कार्यान्वयनमा देखा परेका चुनौतीहरुको पहिचान गर्ने, चुनौतिहरुको सम्बन्धमा छलफल गर्ने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा आउने समस्याहरुको समाधानका सम्भावित उपायहरुको खोजी गर्ने,
- सातै वटा प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयहरुले सम्पादन गरेका कार्यहरुको कार्यगत अनुभवहरु साटासाट गर्ने, कार्यगत एकरुपता कायम राख्नका लागि उपायहरुको खोजी गर्ने,
- कार्यालयहरु बिचमा रहेका समस्या, कार्यमा रहेका विविधता, समन्वयमा रहेका असहजता, कार्यक्षेत्रमा देखिएका चुनौतीहरु पहिचान गरी समाधान खोज्ने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित हुने सेवा प्रवाहलाई प्रभावकारी बनाई विश्वसनीय संस्थाको रुपमा विकास गर्ने उपायहरु पहिचान गर्ने,
- नेपालको संविधान र प्रदेशका निर्मित कानूनहरुको विरोधाभाष स्थितिको पहिचान गर्ने,

- संघ, प्रदेश र स्थानीय तह बिचको अन्तरसम्बन्ध र चुनौतिहरुको पहिचान गर्ने,
- प्रदेश सरकारको तर्फबाट मुख्य न्यायाधिवक्ताको कार्यालयबाट गरिने प्रतिरक्षालाई प्रभावकारी बनाउन रणनितिक योजना बनाएर अगाडी बढ्ने,

**३. सम्मेलनको प्रारुपः**

यस सम्मेलनलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण एवं छलफल सत्र र समापन सत्र गरी तिन खण्डमा विभाजन गरिएको थियो । जस अनुसार मिति २०८१ कार्तिक २९ गते विहान विराटनगर स्थित ईस्टर्न स्टारमा सम्मेलनको उद्घाटन गरियो भने सोही अपरान्ह र भोलिपल्ट ऐ.३० गते सम्मेलनको दोश्रो कार्यपत्र प्रस्तुतिकरण र समापन सत्र ईलामको श्रीअन्तु स्थित होटल हिल टावरको सभाहलमा सम्पन्न भयो।

**४. उद्घाटन सत्रको झलकः**

क) मिति २०८१ कार्तिक २९ गते देखी ऐ. ३० गतेसम्म दुई दिनसम्म आयोजना भएको मुख्य न्यायाधिवक्ताहरुको सम्मेलनको उद्घाटन कार्यक्रम ऐ. २९ गते विहान उपस्थित महानुभावहरुले चिया नास्ता लिईसकेपश्चात ९:१५ बजे सुरु भई २ घण्टा ३० मिनेटसम्म आयोजना भएको थियो । कोशी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यूको अध्यक्षता एवं कोशी प्रदेशका माननीय मुख्य मन्त्री हिक्मतकुमार कार्की ज्यूको प्रमुख आतिथ्यता संचालित कार्यक्रममा विशिष्ट अतिथि नेपालका महान्यायाधिवक्ता रमेश बडाल, विशिष्ट अतिथिद्वय कोशी प्रदेशका माननीय सभामुख अम्बरबहादुर बिष्ट र उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश रमेशप्रसाद राजभण्डारी ज्यू लगायत कोशी प्रदेशका माननीय मन्त्रीज्यूहरु, माननीय उपसभामूख, माननीय राज्यमन्त्री ज्यूहरुको आतिथ्यतामा कार्यक्रम उद्घाटन एवं समापन भयो ।

ख) राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथि कोशी प्रदेशका माननीय मुख्यमन्त्री हिक्मतबहादुर कार्की ज्यूले पानसमा बत्ती बालेर सम्मेलनको उद्घाटन गर्नुभएको थियो ।

ग) स्वागत मन्तव्यः

कार्यक्रममा सहभागीहरुको रुपमा नेपाल सरकारका सचिवज्यूहरु, प्रदेश सचिवज्यूहरु, उच्च अदालत एवं जिल्ला अदालतका माननीय न्यायाधीशहरु, कोशी प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता ज्यूहरु, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रदेश प्रहरी प्रमुख, जिल्ला प्रहरी प्रमुख, नेपाल बारका पदाधिकारी, कानून व्यवसायीहरु सहित नेपाल सरकार एवं प्रदेश सरकारका विशिष्ट

कर्मचारी एवं विभिन्न कार्यालयका कर्मचारीहरु, पत्रकारहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा अतिथिहरुको बस्ने आशन पद, सम्बद्धता र वर्गअनुसार वसाई व्यवस्थापन गरिएको थियो । कार्यक्रममा हरेक सहभागीहरुलाई स्वागत स्वरुप टोपि, रुद्राक्ष्यको माला, डायरी र कलम वितरण गरिएको थियो । अतिथि एवं सहभागीहरुलाई प्रारम्भिक स्वागत तथा डायरी वितरण एवं कार्यक्रम संयोजन व्यवस्थापनमा सहायक न्यायाधिवक्ताहरु नारायण प्रसाद दाहाल, सन्दिप टेलर, निर्मला दाहाल, ना.सु. निर्मला नेपाल, क.अ. चन्द्र दाहाल लगायत कार्यालयका हलुका सवारी चालक एवं कार्यालय सहयोगी समेतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन मुख्य न्यायाधिवक्ता कार्यालयका कार्यालय प्रमुख, उपन्यायाधिवक्ता राजेन्द्र बहादुर बस्नेतले गर्नुभएको थियो ।

**घ) सहायक न्यायाधिवक्ता निर्मला दाहाल पोखरेलको स्वागत मन्तब्यः**

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण अतिथिहरु एवं सहभागीज्यूहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको संवैधानिक एवं कानुनी पृष्ठभूमी, सम्मेलन आयोजनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

**ङ) वरिष्ठ अधिवक्ता विपुलेन्द्र चक्रवर्तिज्यू को शुभकामना मन्तब्यः**

पहिलो वक्ताको रुपमा सम्पूर्ण वरिष्ठ अधिवक्ताहरुको प्रतिनिधित्व हुनेगरी वरिष्ठ अधिवक्ता विपुलेन्द्र चक्रवर्तीज्यूले सम्मेलनको नारालाई सार्थक बनाउन सरोकारवाला निकायहरु प्रतिबद्ध हुनुपर्ने कुरामा जोड दिँदै यस सम्मेलनले लिएको उद्देश्य प्राप्त होस् भन्ने शुभकामना ब्यक्त गर्नुभयो।

**च) उच्च वार एसोसिएसन विराटनगरका अध्यक्ष अधिवक्ता विश्वराम भट्टराईको शुभकामना मन्तब्य :**

कानून निर्माण आफैमा चुनौतिपूर्ण हुने र समाजका हरेक मुहारले न्यायको हक प्राप्त भएको अनूभुति हुनेगरी कानुन निर्माण र कार्यान्वयन गरेमा मात्र समाज कानूनत सुव्यवस्थित हुने अपेक्षा गर्न सकिने साथै संघियता कार्यान्वयनका लागी उपयुक्त कानूनको निर्माण र त्यसको कार्यान्वयन नै संविधान रक्षाको पहिलो सर्त हुने भन्दै सम्मेलनको पूर्ण सफलताको कामना गर्नुभयो ।

**छ) पूर्व मुख्य न्यायाधिवक्ता ब.अ. चुडामणी आचार्य ज्यूको शुभकामना मन्तब्य :**

आफू समेत मुख्य न्यायाधिवक्ता भई कार्यसम्पादन गरेको अनुभव सुनाउँदै मुख्य न्यायाधिवक्ताको काम कारवाहीमा हुने कानूनी अप्ठ्याराहरु पहिचान गरी समाधान तर्फ मुख्य न्यायाधिवक्ता लाग्नुपर्ने र नया कानुन निर्माण प्रशस्त अनुसन्धानमा आधारित हुनुपर्ने र मुख्य न्यायाधिवक्तालाई समेत कानून निर्माण पूर्व बन्न लागेका कानूनका बारेका छलफलमा सहभागी गराउन उपयुक्त हुने भनि यस सम्मेलनले सफलता हाँसिल गरोस् भनि कामना गर्नुभयो ।

**ज) विशेष अतिथि माननीय मुख्य न्यायाधीश रमेशप्रसाद राजभण्डारीज्यूको शुभकामना मन्तब्य :**

समाजका आवश्यकता, औचित्यता एवं अवयवहरुलाई बुझेर पर्याप्त अध्ययन एवं अनुसन्धान गरी कानून बनाईएका खण्डमा समाजका द्वन्द समेत व्यवस्थापन हुने र कानूनका मर्म, विधायीकाको मनसाय, स्थापित न्यायीक मान्यता अनुरुप न्याय सम्पादनमा स्वतन्त्र एवं सक्षम अदालत सँधै निर्भिक रहने भन्दै यस सम्मेलनको नारा बमोजिमको उद्देश्य प्राप्त गर्न सबै सम्बन्धित निकाय ईमान्दारीता पूर्वक लाग्नुपर्ने कुरामा जोड दिँदै सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**झ) विशेष अतिथि माननीय सभामूख अम्बरबहादुर बिष्टज्यूको शुभकामना मन्तब्यः**

कानून निर्माण जनताबाट निर्वाचित प्रतिनिधि/सांसदहरुको संवैधानिक हक एवं अधिकार भएको हुँदा समाज, जनता, संस्कार, संस्कृती बुझेर सामाजिक शान्ती र समाजका हरेक व्यक्तिको सुरक्षा र सम्बृद्धि समेतलाई ध्यान दिएर कानून निर्माणको सुरुवात हुनुपर्ने साथै कानून निर्माण मात्रैले भन्दा पनि कार्यान्वयन गर्ने निकायले ईमान्दारिता पूर्वक कार्यान्वयन गर्दा मात्रै समाजले त्यसको प्रत्याभूति गर्ने भएकोले नागरिकले समयमै न्याय प्राप्त नगरेमा न्यायको परिभाषा नै भ्रमित हुन जाने सबैले आ-आफ्नो जिम्मेवारीलाई वहन गर्नुपर्ने साथै प्रदेश संरचनाले प्राप्त गरेका अधिकारबाट आम नागरिकले धेरै हदसम्म सुखको अनूभुति गरिरहेपनि अझै यसका राम्रापक्षहरु नागरिकलाई बुझाउन नसकिएकोले संघीय संरचनाको संवैधानिक मूल मर्मलाई सार्थक बनाउने गरी जिम्मेवार सबैजनाले काम गर्नुपर्ने भन्दै सम्मेलन फलदायी हुनेमा विश्वास व्यक्त गर्नुभयो।

ञ) **विशिष्ट अतिथि माननीय महान्यायाधिवक्ता रमेश बडाल ज्यूको शुभकामना सन्देश :**

सरकार अहिले नेपालको संविधानमा भएका कतिपय त्रुटिहरु र समाज तथा नागरिकका लागि साथै संघीयताका लागी अनुपयुक्त प्रावधानहरु संसोधन गर्न लागेकोले यस सम्मेलनले मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्ने काममा वा प्रदेश सरकारले गर्नुपर्ने काममा के कस्ता संवैधानिक जटिलताहरु छन् सो पहिचान गर्न र समाधानका उपायहरुको खोजी गर्ने कार्यमा सम्मेलन केन्द्रीत हुनुपर्नेमा जोड दिँदै सम्मेलनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

ट) **प्रमुख अतिथि माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्की ज्यूको शुभकामना सन्देश:**

संविधान अनुसार देश संघीय संरचनामा गईसकेको अवस्थामा झण्डै दशक वितिसक्दा पनि संविधानमानै उल्लेख भएका प्रदेशका अधिकारहरु प्रदेशले उपयोग गर्न नपाएको, केही संवैधानिक जटिलताको कारण प्रदेश नागरिकलाई संघिताको मर्म अनुरुप सेवा दिन नसकिएको जस्ता कुराहरु उठान गर्दै संविधान तथा कानून नागरिकहरुको सर्बोत्तम हित लक्षीत हुनुपर्ने र प्रदेश सरकारले सोही दिशामा अगाडी बढिरहेको साथै प्रदेशका नागरिकहरुको आवश्यकता, सांस्कृतिक मुल्य मान्यता, नागरिकको हितलाई नै सर्बोपरी ठानी काम गरिरहेको कुरा औंल्याउँदै सम्मेलन फलदायी र लक्ष्य केन्द्रीत हुने आशा व्यक्त गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

ठ) **कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता एवं उद्घाटन समारोहका अध्यक्ष नारायण वस्ती ज्यूको स्वागत तथा उद्घाटन सत्रको समापन मन्तब्य :**

मुख्य न्यायाधिवक्ताको आवश्यकता र औचित्य प्रदेश संरचनामा महत्वपूर्ण रहेको स्मरण गराउँदै कार्यक्रमको लक्ष्य एवं उद्देश्य समेतमा प्रष्ट पार्दै उद्घाटन सत्रमा पाल्नु भएका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिज्यूहरुलाई कार्यक्रममा पाल्नुभएकोमा स्वागत सहित स-धन्यवाद दिँदै उद्घाटन समारोह समापन भएको उद्घोष गर्नुभयो ।

ड) **उद्घाटन सत्रको समाप्तीको झलक :**

उद्घाटन सत्र करिब बिहानको ११:०० बजे सम्पन्न भयो । समापन लगतै विशिष्ट महानुभावहरुले संयुक्त फोटो खिचाउने कार्यक्रम सम्पन्न भई कार्यक्रममा उपस्थित सबैजनाले दिउँसोको खाना खाई कार्यक्रम स्थलबाट बाहिरिनुभएको थियो ।

५. **कार्यक्रमको दोश्रो खण्ड कार्यपत्र प्रस्तुतिकरण :**

सम्मेलनको दोश्रो खण्ड ईलाम जिल्लाको श्रीअन्तु स्थित Hotel Hill Tower मा संचालन गर्ने पूर्व निर्धारित कार्यक्रम अनुरुप मिति २०८१ कार्तिक २९ गते अपरान्ह १६:०० बजे

सम्पूर्ण सहभागीहरु उक्त होटलमा पुगी सबै सहभागीहरुको सो होटलमा बस्ने कोठाहरुको व्यवस्थापन गरी ऐ. १६:३० बजेबाट कार्यपत्र प्रस्तुतिकरणको कार्यक्रम प्रारम्भ भयो । माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती र पूर्व मुख्य न्यायाधिवक्ता चुडामणी आचार्यज्यूले संयुक्त रुपमा तयार पार्नुभएको प्रदेश कानून निर्माण र कार्यान्वयनमा देखा परेका समस्या त्यसको समाधानमा मुख्य न्यायाधिवक्ता कार्यालयको भूमिका विषयक २८ पानाको कार्यपत्र प्रस्तुत गर्नुभयो । बेलुका २०:०० बजे सबै जना सहभागीहरुले सो होटलमा बेलुकाको खाना खाई आराम गरियो ।

ऐ. मिति ३० गते विहान चियानास्ता खाएर ०९:३० बजेबाट प्रस्तुत भएको कार्यपत्र माथि छलफल भयो । छलफलका क्रममा सबै प्रदेशका माननीय मुख्य न्यायाधिवक्ताहरुले आ-आफ्नो धारणा तथा कार्यगत अनुभवहरु साट्नुभयो । अन्तरक्रिया क्रममा सबै सहभागीज्यूहरुबाट आफ्नो धारणा, चुनौतिहरु, समाधानका उपायहरु, संविधानको अनूसूचिमा रहेको संघ, प्रदेश र स्थानीय तहको अधिकारको सवालहरुका विषयमा सक्रियता पूर्वक छलफल भई सबै प्रदेशका माननीय मुख्य न्यायाधिवक्ताज्यूहरुले संयुक्त रुपमा ९ बुँदे घोषणापत्र जारी गरी मुख्य न्यायाधिवक्ताहरुको सातौं सम्मेलन मुख्य न्यायाधिवक्ताको कार्यालय सुदुरपश्चिम प्रदेशले गर्ने गरी घोषणापत्रको निर्णय सो प्रदेशलाई हस्तारण भयो । अं. १२:३० बजे सहभागी सबै जनाले दिउँसोको खाना खाई केही समयको लागी विश्राम गरियो।

## ६. समापन समारोह :

मिति २०८१ कात्तिक ३० गते १५:३० बजे समापन समारोह संचालन भयो । कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यू को अध्यक्षतामा संचालित उक्त समापन कार्यक्रममा विशिष्ट अतिथि ज्यूहरुलाई आयोजक कार्यालयको तर्फबाट मायाको चिनो प्रदान गरियो । अन्त्यमा आफ्ना अमुल्य भनाई सहित सहभागी विशिष्ट महानुभावहरुलाई आमन्त्रणलाई स्वीकार गरी पाल्नुभएकोमा हार्दिक धन्यवाद सहित शुभयात्राको कामना गर्दै कार्यक्रम समापन गरेको घोषणा गर्नुभयो ।

## ७. मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलनको घोषणापत्र :

**"प्रभावकारी कानून निर्माण र कार्यान्वयनको आधार, सम्मुन्नत प्रदेशको पूर्वाधार"** भन्ने मूल नाराका साथ मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश विराटनगरको आयोजनामा मिति २०८१ साल कात्तिक २९ र ३० गते **मुख्य न्यायाधिवक्ताहरुको छैटौं राष्ट्रिय सम्मेलनबाट निम्न बमोजिम सुझावयुक्त निर्णय गरियो ।**

कार्यक्रमको उद्धाटन सत्रः २०८१ साल कात्तिक २९ गते विराटनगर स्थित इस्टर्न स्टार होटलमा कोशी प्रदेशका माननीय मुख्यन्यायाधिवक्ता नारायण वस्तीज्युको अध्यक्षता, माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रमको उदघाटन सत्रमा समापन भयो । उक्त कार्यक्रममा कोशी प्रदेशका माननीय सभामुखज्यु, उपसभामुखज्यु, मन्त्री तथा राज्यमन्त्रीज्युहरु, उच्च अदालत तथा जिल्ला अदालतका माननीय न्यायाधीशज्युहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताज्युहरु लगायतको उपस्थिति रहेको थियो ।

**कार्यक्रमको बन्द सत्रः** २०८१ साल कार्तिक ३० गते माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूको अध्यक्षता एवं नेपालका माननीय महान्यायाधिवक्ता श्री रमेश वडालज्यूको प्रमुख आतिथ्यतामा होटल हिलटावर, सुर्योदय नगरपालिका-५, श्री अन्तु, इलाममा बन्द सत्र समापन भयो।

**अध्यक्षताः**

कोशी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती,

**श्रोत व्यक्तिः**

कोशी प्रदेशका पुर्व मुख्य न्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता चुडामणि आचार्य,

**सहभागीताः**

मधेश प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता सुरेन्द्र कुमार महतो,
बागमती प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता सुकदेव काफ्ले,
गण्डकी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता चिरन्जिवी शर्मा पौडेल,
लुम्बिनी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता यमलाल खनाल,
कर्णाली प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता कृष्णबहादुर हमाल,
सुदुरपश्चिम प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशी,
मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका उपन्यायाधिवक्ता श्री राजेन्द्र बहादुर बस्नेत,
मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेशका उपन्यायाधिवक्ता श्री रत्न प्रकाश गिरी,
मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशका उपन्यायाधिवक्ता श्री उदय चन्द्र अधिकारी,
मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेशका उपन्यायाधिवक्ता श्री कृष्ण चन्द्र पाण्डे,
मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशका उपन्यायाधिवक्ता श्री लाल प्रसाद लामिछाने,
मुख्य न्यायाधिवक्ताको कार्यालय सुदुरपश्चिम प्रदेशका उपन्यायाधिवक्ता श्री टेक बहादुर थापा,

मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेशका सहायक न्यायाधिवक्ता श्री कमल प्रसाद कोइराला,

मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेशका सहायक न्यायाधिवक्ता श्री भीमराज गौली,

मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेशका सहायक न्यायाधिवक्ता श्री तेजप्रसाद पाण्डे,

## सम्मेलनबाट भएको सुझावयुक्त निर्णयहरुः

१. नेपालको संविधानको धारा ५७ बमोजिमको राज्यशक्तिको बाँडफाँडसँग सम्बन्धित अनुसुचीहरुमा रहेको विरोधाभाषको अन्त्य गर्ने,

२. नेपालको संविधानको अनुसुची ७ र ९ मा रहेको साझा अधिकारहरुको सुचीसँग सम्बन्धित विषयहरुलाई कार्यान्वयन गर्नेगरी तीनैतहका अधिकारहरुको सिमाहरु स्पष्ट गर्ने,

३. खर्च मितव्ययिताको दृष्टिकोणले जिल्ला समन्वय समितिको संवैधानिक प्रावधान खारेज गर्न र उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्षको जिम्मेवारी प्रदान गर्न संवैधानिक व्यवस्था गर्ने,

४. नेपालको संविधानको अनुसुची ६ (प्रदेशको एकल अधिकार सम्बन्धी अनुसुची) मा उल्लेखित अधिकारहरुसँग सम्बन्धित निकायहरु प्रदेशलाई हस्तान्तर गर्ने,

५. प्रदेशसँग सम्बन्धित संघिय ऐनमा प्रोबेशन र प्यारोल लगायतका व्यवस्थाहरु यथाशक्य कार्यान्वयन गर्ने ।

६. प्रदेश सरकारले सार्वजनिक हितको लागि जग्गा अधिग्रहणको अन्तिम निर्णय गर्न र सो को कार्यान्वयन गर्न सक्ने गरी आवश्यक कानुनको प्रबन्ध गर्ने,

७. मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने संवैधानिक व्यवस्था भएकोमा कर्मचारीहरुको व्यवस्थापन प्रदेश लोक सेवा आयोगले नै गर्ने गरी संविधान संशोधन गर्न संघिय सरकारसँग माग गर्ने,

८. संघियता कार्यान्वयनका क्रममा संविधानमा देखिएका समस्यागत प्रावधानहरु समयानुकुल संशोधन सुझावका लागि नेपालका महान्यायाधिवक्ताको नेतृत्वमा कार्यदल गठन गर्न संघिय सरकारलाई अनुरोध गर्ने,

९. नेपालको संविधानको धारा १५६ बमोजिम प्रदेश न्याय सेवा आयोग सम्बन्धी व्यवस्थाको लागि आवश्यक संघीय कानुन बनाउन अनुरोध गर्ने,

उक्त सुझावयुक्त निर्णयहरु कार्यान्वयनका लागि नेपालका महान्यायाधिवक्ता मार्फत संघिय सरकारलाई अनुरोध गर्ने ।

**धन्यवाद तथा आभार सम्बन्धमा**

मुख्य न्यायाधिवक्ताहरुको छैठौं सम्मेलनमा प्रमुख अतिथिको रुपमा उपस्थित भएर सम्मेलन सफल बनाइदिनुभएकोमा कोशी प्रदेशका माननीय मुख्यमन्त्री तथा विशेष अतिथिका रुपमा नेपालका महान्यायाधिवक्ताप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्ने तथा महान्यायाधिवक्ताको कार्यालयले सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुको सम्पर्क कार्यालय उपलब्ध गराउनुभएकोमा समेत धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

### २.४.४ मुख्य न्यायाधिवक्ता कार्यालय स्थापना दिवस कार्यक्रम :

#### १. पृष्ठभूमी

"नेपालको संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने र सोही धारा १६० को उपधारा (२) बमोजिम सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्य न्यायाधिवक्ताको नियुक्ती हुने संवैधानिक व्यवस्था अनुरुप तत्कालिन माननीय मुख्यमन्त्री शेरधन राई ज्यूको सिफारिसमा तत्कालिन माननीय प्रदेश प्रमुख प्रा.डा. गोविन्दबहादुर तुम्वाहाङ ज्यूबाट मिति २०७४ फाल्गुन २५ गते वरिष्ठ अधिवक्ता चुडामणी आचार्य ज्यूलाई माननीय मुख्य न्यायाधिवक्ताको पदमा नियुक्ति गरेसँगै कोशी प्रदेशमा विधिवत रुपमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको सातौं बर्ष पुरा भई आठौं बर्षमा प्रवेश गरेको सुखद् अवसरमा मिति २०८१ फाल्गुन महिना २५ गते सातौं स्थापना दिवसको उपलक्ष्यमा मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले कार्यालयको जन्मोत्सवमा तत्कालिन **संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदल प्रतिवेदनले औंल्याएका सुझावहरुको कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम** आयोजना गरी संविधानद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयनमा खासगरी कोशी प्रदेशमा संघीयताको कार्यान्वयन तथा कानून निर्माण तथा कार्यान्वयनका अवस्थाहरुमाथि माननीय मुख्यमन्त्रीज्यू लगायत प्रदेशका मन्त्रालयहरु र कानून कार्यान्वयनमा भूमिका रहेका निकाय एवं पदाधिकारीहरुका बिचमा छलफल र अन्तर्क्रिया गराई सो को माध्यमबाट आजको अवस्थाको मुल्यांकन एवं पहिचान गर्नु उपयुक्त हुने माननीय मुख्य न्यायाधिवक्ताज्यूको धारणा सँगै संविधानविद् एवं संघीयता तथा विकेन्द्रीकरण विज्ञ समेतलाई सहभागी गराई यस कार्यक्रमको आयोजना गरिएको हो ।

कोशी प्रदेश सरकारले संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदल गठन गरेकोमा उक्त कार्यदलले लामो अध्ययन, अनुसन्धानपश्चात पेश गरेको प्रतिवेदनमा उठाएका विषयवस्तु एवं सुझावहरुलाई सम्बन्धित निकाय एवं विषय विज्ञसँग छलफल एवं विचार विमर्श गरेमा समस्याहरुको पहिचान मात्र नभई समाधानका मार्गहरु समेत प्रशस्त हुन सक्ने र सुधारका बाटोहरु माथि छलफल गरि संघीय शासन प्रणालीबाट आम नागरिकहरुमा सुशासनको प्रत्याभूति हुने गरि प्रदेश सरकारले प्रभावकारी कानून निर्माण तथा कार्यान्वय गर्न आफ्ना भावी कार्यदिशा तय गर्न मद्दत मिल्ने अपेक्षाको कारण मुख्य न्यायाधिवक्ताको कार्यालयको सातौं स्थापना दिवसको अवसरमा यस कार्यक्रमको आवश्यकता र औचित्यता पुष्टि भएको छ ।

## २. कार्यक्रम आयोजनाको उद्देश्यः-

मुख्य न्यायाधिवक्ताको कार्यालयले सातौं स्थापना दिवस आयोजना गर्नुका उद्देश्यहरु निम्नानुसार रहेको थियो :

- प्रदेश सरकारको कानूनी सल्लाहकारको रुपमा स्थापित यस कार्यालयको आवश्यकता, महत्व एवं औचित्यता पुष्टि गर्दै स्थापना दिवसको अवसरमा कार्यालय संविधान एवं कानून प्रदत्त कर्तब्यप्रति प्रतिबद्ध रहेको कुरा जाहेर गर्नु।
- सरोकारवाला निकायहरुसँग साक्षात्कार गरी स्थापना दिवसलाई अर्थपूर्ण रुपले मनाउने ।
- संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदलको प्रतिवेदन माथि छलफल तथा संघीयता कार्यान्वयनका अभ्यास तथा प्रदेश कानून निर्माणका अवसर तथा चुनौतिका सम्बन्धमा प्रशिक्षण गर्ने ।

## ३. कार्यक्रमको प्रारुपः

तिन खण्डमा विभाजित कार्यक्रमको पहिलो खण्डमा आमन्त्रित अतिथि गणहरुको आशन ग्रहण तथा स्वागत गरिएसँगै दोश्रो खण्ड कार्यपत्र प्रस्तुतीकरण तथा छलफल र तेश्रो खण्डमा मन्तव्य एवं समापन रहेको उक्त कार्यक्रम आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश विराटनगरको सभाहलमा बिहानको करिब ११:४५ बजे सुरु भएर दिउँसो करिब २:१५ बजे सम्पन्न भएको थियो ।

## ४. कार्यक्रम प्रस्तुती :

**अध्यक्षता एवं अतिथि आशन ग्रहण कार्यक्रम :-** मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेशका माननिय मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूले अध्यक्षता ग्रहण गर्नुभएको

उक्त कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका माननीय मुख्य मन्त्री हिक्मतकुमार कार्कीज्यू हुनुहुन्थ्यो । विशिष्ट अतिथिको रुपमा आमन्त्रण गरिएका कोशी प्रदेश सभाका सभामूख ज्यूको अन्य कार्यव्यवस्थताका कारण उपस्थित हुन नसकेतापनि कोशी प्रदेशका बिभिन्न मन्त्रालयका माननीय मन्त्रिज्यूहरु, कोशी प्रदेशका प्रमुख सचिव ज्यू, प्रदेश योजना आयोगका उपाध्यक्ष ज्यू तथा सदस्यज्यूहरु, प्रदेश सचिव ज्यूहरु, मुख्यमन्त्री सचिवालयका पदाधिकारी ज्यूहरु तथा प्रदेश स्थित विभिन्न कार्यालयहरुबाट पाल्नुभएका कार्यालय प्रमुख एवं कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## ५. उद्घाटन सत्रको झलक:

राष्ट्रको मर्यादा एवं सम्मानका लागि नेपालको राष्ट्रगान प्रशारण गरी सबैले सहभागीता जनाई कार्यक्रमलाई औपचारिक रुपले प्रारम्भ गरिएको थियो। मिति २०८१/११/२५ गते बिहानको करिब ११:४५ बजे सुरु भएको उक्त कार्यक्रम दिउँसो करिब २:१५ बजे सम्पन्न भएको थियो।

खासगरी कार्यपत्र प्रस्तुतिकरण र छलफल नै उक्त स्थापना दिवसको मुल कार्यक्रम तय भएको हुँदा छलफल र अन्तर्क्रियालाई नै विषेश प्राथमिकता दिईएको हुँदा सभाहलमा गोलमेचको रुपमा राखिएको टेबलमा नै अध्यक्ष, प्रमुख अतिथि, मा. मन्त्रिज्यूहरु लगायत सबै बिशिष्ट सहभागीहरुलाई आशन ग्रहण गराईएको थियो । उक्त कार्यक्रम संयोजन व्यवस्थापनमा सहायक न्यायाधिवक्ता सन्दिप टेलर, बक्ताहरुको भनाई टिपोट गर्ने कार्यमा सहायक न्यायाधिवक्ता निर्मला दाहाल, ना.सु. निर्मला नेपाल, विद्युतिय सामग्री प्रशारण तथा सहजिकरणमा स्वकीय सचिव अधिवक्ता दिनेश भट्टराई, लेखापाल सबिना कार्की र क.अ. चन्द्र दाहाल, उपस्थिति अभिलेख तथा खाजा बितरण लगायत कार्यालयका हलुका सवारी चालकहरु एवं कार्यालय सहयोगीहरुलाई जिम्मेवारी बाँडफाँड गरिए बमोजिम कार्यक्रम संचालन तथा समापन गरिएको थियो। कार्यक्रमको संचालन मुख्य न्यायाधिवक्ता कार्यालयका कार्यालय प्रमुख, उपन्यायाधिवक्ता पदम प्रसाद वस्तीले गर्नुभएको थियो ।

## ६. माननीय मुख्य न्यायाधिवक्ता ज्यूको कार्यक्रमको उद्देश्य सहितको स्वागत मन्तब्य:

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि माननीय मुख्य मन्त्रीज्यू लगायत आमन्त्रित उपस्थित मन्त्रिज्यूहरु समेतका सम्पूर्ण अतिथिज्यूहरु एवं सहभागीज्यूहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको संबैधानीक एवं कानुनी पृष्ठभूमी, सम्मेलन आयोजनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । खासगरी मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको स्थापनाको सातौं बर्ष पुरा गरि आठौं बर्षमा

प्रवेश गरेको उपलक्ष्यमा कोशी प्रदेश सरकारको कानूनी सल्लाहकार समेत रहेको यस कार्यालयले पूर्व मुख्य न्यायाधिवक्ताज्यूको **संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदल प्रतिवेदनले औंल्याएका सुझावहरुको कार्यान्वयन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम** आयोजना गर्दा बढी सार्थक हुने भन्दै प्रतिवेदनले औंल्याएका समस्या, सुझावहरु माथि थप छलफल गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउन साथै देखिएका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ भन्ने प्रश्नको समाधान र अनुभव साटासाट गर्न आमन्त्रीत बिषय विज्ञहरुसँग बढिभन्दा बढी छलफल गरी भरपूर लाभ प्राप्त गर्न सहभागीहरु सबैमा अनुरोध गर्नुभयो ।

### ७. संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदलका तत्कालिन संयोजक वरिष्ठ अधिवक्ता चुडामणी आचार्यको प्रतिवेदनको मुलभूत कुराहरुको जानकारी सहितको प्रस्तुतिकरणः

देश एकात्मक राज्य प्रणालीबाट संघीय प्रणालीमा संविधानत रुपान्तरित भईसकेको १५ बर्ष पुरा भईसकेतापनी संविधानबाट प्रदत्त कतिपय अधिकारहरु प्रदेश सरकारले स्वतन्त्र रुपले उपभोग गर्न नपाएको हुँदा संघियतामा ब्यवहारिक एवं प्रशासनिक कठिनाई देखिएको, संघले बनाउनुपर्ने २३ वटा कानून समयमानै नबनाएको, कोशी प्रदेश सभाले ६० वटा कानून बनाएतापनी अझै ५२ वटा कानून बनाउन बाँकी रहेको, प्रदेश सवलिकरण सुझाव (३० बुँदाको) कार्यान्वयन हुन नसकेको, प्रदेश कानून निर्माण प्रदेशका नागरिकको आवश्यकता र प्राथमिकताको क्षेत्र निर्धारण गरि बनाउनुपर्ने भन्दै आफू संयोजक रहेको संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदलले कोशी प्रदेश सरकार समक्ष पेश गरेको प्रतिवेदनका विषयहरुबारे जानकारी दिँदै सुझाएको सुझावहरु कार्यान्वयन गर्न उपयुक्त रहेको साथै सोमा कार्यक्रमबाट समेत थप उपयुक्त सुझावहरु आउन सक्ने हुँदा बृहत छलफल हुन आवश्यक रहेको र सम्बन्धित निकायले संघीयताको विषयमा नागरिक तहमा उठेका प्रश्नहरुको जवाफ तिनै सुझावहरुको कार्यान्वयनबाट दिन अनुरोध गर्नुभयो ।

### ८. संविधानविद् वरिष्ठ अधिवक्ता टिकाराम भट्टराईको कार्यपत्र प्रस्तुतिकरणः

प्रदेश कानूनको निर्माणका चुनौति तथा सुझाव बिषयक कार्यपत्र प्रस्तुतिकरण गर्नुभएका संविधानविद् एवं वरिष्ठ अधिवक्ता टिकारामा भट्टराईले जसरी नेपाल सरकारको कानूनी सल्लाहकार मुख्य अभियोजनकर्ता महान्यायाधिवक्ता हुन्छ त्यसरीनै प्रदेश सरकारको कानूनी सल्लाहकार मात्र नभई मुख्य अभियोजनकर्ताको रुपमा मुख्य न्यायाधिवक्तालाई बनाईनुपर्ने, घोषणा पत्रको आधारमा कानून बनाउने मोडलमा जानुपर्ने, प्रदेशमा लगानी भित्र्याउनका लागी

लगानी कर्ताले कस्तो कानूनको अपेक्षा राखेको छ सो को मोडल उसैसँग लिएर संसदमा टेवल गर्दा लगानीकर्ता उत्साहित हुने (Public process model), कानून बनाउन हतारो गर्नु नहुने तर समाज/प्रदेशलाई कस्तो कानूनको आवश्यकता छ पहिचान गरिनुपर्ने, सरोकारवालाहरुसँग पर्याप्त छलफल गरेर कानून ल्याईएमा मात्र सो कानून कार्यान्वयनमा जाने र दिगोपना प्राप्त हुने, संविधान प्रदत्त अधिकार अनुसार प्रदेशमा कानून निर्माण भएका तर कार्यान्वयन हुन नसकेबाट प्रदेश कानून कार्यान्वयनका लागी मुख्य न्यायाधिवक्ताको भूमिका बढाईनुपर्ने, समग्र संविधानको र खासगरि अनूसूचिहरुमा भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुमा देखिएका द्विविधाहरुको अन्त्य गरिनुपर्ने, विवाद समाधानका लागी राजनैतिक संयन्त्र सक्रिय रहनुपर्ने, संविधानसँग बाझिएका कानून वा सो का दफाहरुको सम्बन्धमा सम्बन्धित उच्च अदालतबाट सुनुवाई हुन संविधान तथा कानून संसोधन गरिनुपर्ने जस्ता धारणा व्यक्त गर्दै कानून निर्माणमा अन्य देशको तुलनामा सन्तोषप्रद रहेतापनि कार्यान्वयनमा साथै संविधान प्रदत्त प्रदेश अधिकारको प्रयोगमा संघ उद्दार हुन नसकेको कुराहरु उल्लेख गर्नुभयो ।

## ९. संघीयता तथा विकेन्द्रिकरण विज्ञ/पूर्व मुख्य सचिव डा.सोमलाल सुवेदीको कार्यपत्र प्रस्तुतिकरणः

नेपालमा संघियता कार्यान्वयन बिषयक कार्यपत्र प्रस्तुतिकरण गर्नुभएका संघीयता तथा विकेन्द्रिकरण विज्ञ डा. सोमलाल सुवेदीले संघीयताको प्रावधान एवं परिवेश, नागरिक सहभागीता एवं जनसन्तुष्टि, संघीचता कार्यान्वयनका सवाल, प्रदेशको प्रभावकारिता, कानून निर्माण तथा कार्यान्वयन जस्ता विषयहरुमा अनुशिक्षण गर्दै केन्द्र सरकारमा हुने अस्थिरताको प्रभाव प्रदेशसम्म प्रत्यक्ष पर्ने देखिएको, कर्मचारीहरुको उचित व्यवस्थापन अझै हुन नसकेको, नागरिकको प्राथमिकताका आधारमा दक्ष जनशक्तिद्वारा निति एवं बजेट निर्माण एवं संघ सरकार र निकायहरुको सकारात्मक सहयोग समन्वय र सहजिकरणको कमी देखिएको ति कुराहरुमा विशेष ध्यान दिंदै नयाँ शिरा (out of the box) को कार्यशैली (overall and sectoral), पालिकाहरुसँगको समन्वय (SOP), प्रदेश समन्वय परिषदको प्रभावकारिता अभिबृद्धि गर्दै संवैधानिक निकायको सक्रियता र सहयोग र आवश्यकता, औचित्यता सहितको प्राथमिकता (सेवा प्रवाह,विकास र आर्थिक वृद्वि) क्षेत्रको निर्धारण र उपलब्ध जनशक्ती ज्ञानको व्यवस्थापन जस्ता विषयहरुले संघीयता एवं विकेन्द्रिकरणका फलहरु चाख्न पाईने कुराहरु सुझाव दिनुभएको थियो ।

## १०. कार्यपत्र माथिको छलफल तथा अन्तर्क्रिया :

कतिपय कानून निर्माण पूर्व प्रदेश वा उक्त कानून लागू हुने क्षेत्रको भौगोलिक अवस्था, सामाजिक तथा सांस्कृतिक मुल्य मान्यता, आर्थिक क्षेत्रहरुको पहिचान, निर्मित कानूनले पार्ने दीर्घकालिन प्रभाव साथै संविधान तथा संघीय कानूनसँग सामन्जस्यता एवं अनुकूलता लगायतका कुराहरुमा पर्याप्त अध्ययन एवं विश्लेषण नहुँदा निर्मित कानूनमा सरोकारवालाहरुको सम्पूर्ण भावना लिपिबद्ध हुन नसकेकोले उक्त कानूनहरुको कार्यान्वयनमा असर पुग्ने गरेको, स्थानीय आवश्यकताका आधारमा कानून बनेमा मात्र ति कानूनहरुको प्रभावकारितामा बृद्धि हुने, कर्मचारिहरुको हक हितका लागि बन्नुपर्ने कतिपय कानून बन्न नसकेको, संविधानमा तिन तहका अधिकारहरु सुनिश्चित भएतापनि साझा अधिकारका कतिपय कुराहरुमा अन्यौल रहेको, संघले प्रदेशलाई विकेन्द्रीकरणको सिद्दान्त एवं संविधान प्रदत्त हकहरु दिन साँघुरो मन गरेका कारण प्रदेशले कतिपय कामहरु स्वतन्त्र रुपले गर्न नसकेको, कर्मचारीहरुको व्यवस्थापनको समस्या अझै पेचिलो रहेको, प्रदेश सरकारबाट आम नागरिकले पाउनुपर्ने सुशासनको अनुभूतिको अवस्था अपेक्षाकृत नरहेको, स्थानीय श्रोत साधनलाई परिचालन तथा समृद्ध प्रदेश निर्माणका आधारशिला निर्माणका लागि मानसिक रुपमा कार्यगत एकरुपता हुन जरुरी रहेको, तिनै तहका सरकारहरुको अन्तर सम्बन्धका आधारहरु सहअस्तित्व समन्वय र सहकार्य भएको हुँदा एकल एवं दोहोरो प्रावधानहरुको अन्त्य हुनुपर्ने जस्ता कुराहरुमा अन्तर्क्रियात्मक छलफल एवं प्रश्नोत्तर भयो ।

## ११. प्रमुख अतिथि माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्की ज्यूको मन्तव्य एवं शुभकामना सन्देशः

संविधान अनुसार देश संघीय संरचनामा गईसकेको अवस्थामा झण्डै दशक वितिसक्दा पनि संविधानमानै उल्लेख भएका प्रदेशका अधिकारहरु प्रदेशले उपयोग गर्न नपाएको, केही संवैधानिक जटिलताको कारण प्रदेश नागरिकलाई संघिताको मर्म अनुरुप उच्चतम् सेवा दिन नसकिएको जस्ता कुराहरु उठान गर्दै यद्यपी कोशी प्रदेशका नागरिकहरुले प्रदेश सरकारबाट सामाजिक क्षेत्रमा, विकास निर्माणको क्षेत्रमा, न्याय सुव्यवस्थाको क्षेत्रमा र सुशासनको क्षेत्रमा कुनै न कुनै रुपमा संघियताको सकारात्मक अनुभूति पाएको देखिएको र प्रदेश सरकार नागरिककै सर्वोत्तम हित प्रति प्रतिबद्ध रही काम गरिरहेको हुँदा साथै संविधान तथा कानून नागरिकहरुको सर्वोत्तम हित लक्षीत हुनुपर्ने भएकोले प्रदेश सरकारले सोही दिशामा अगाडी बढिरहेको साथै प्रदेशका नागरिकहरुको आवश्यकता, सांस्कृतिक मुल्य मान्यता, नागरिकको हितलाई नै सर्वोपरी ठानी काम गरिरहेको कुरा औल्याउँदै संघीयता कार्यान्वयन छोटो

समयको तयारीका बाबजुद **संघीयता कार्यान्वयन तथा कानून निर्माण सम्बन्धि अध्ययन कार्यदलको प्रतिवेदन** माथि प्रस्तुत अन्तर्क्रिया कार्यक्रम आयोजना गरेकोमा मुख्य न्यायाधिवक्ता लगायत सम्पूर्ण कार्यालय परिवारलाई बधाई दिँदै संघियताको सफल कार्यान्वयनमा नै सबैको जित हुने र अझ गहन एवं बृहत छलफलका लागि यस्तै प्रकृतिको कार्यक्रम पुनः आयोजना गर्न प्रमुख सचिवज्यूलाई निर्देशन दिनुहुँदै

मुख्य न्यायाधिवक्ता कार्यालयको सातौं स्थापना दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्नुभयो ।

### १२. कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता एवं उद्घाटन समारोहका अध्यक्ष नारायण वस्ती ज्यूको स्वागत तथा उद्घाटन सत्रको समापन मन्तब्य :

छोटो तयारी र सिमित स्रोत साधनका बाबजुद मुख्य न्यायाधिवक्ता कार्यालयको सातौं स्थापना दिवसको अवसरमा प्रस्तुत कार्यक्रम आयोजना गर्न पाएकोमा हर्ष व्यक्त गर्दै यस कार्यक्रम विउको रुपमा बिजारोपन गरिएको हुँदा आगामी दिनमा यस्ता कार्यक्रमले राम्रो प्रतिफल दिने आशा व्यक्त गर्दै मुख्य न्यायाधिवक्ताको आवश्यकता र औचित्य प्रदेश संरचनामा महत्वपूर्ण रहेको स्मरण गराउँदै साथै कार्यक्रमको लक्ष्य एवं उद्देश्य समेतमा प्रष्ट पार्दै उद्घाटन सत्रमा पाल्नु भएका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिज्यूहरुलाई कार्यक्रममा पाल्नुभएकोमा स्वागत सहित स-धन्यवाद दिँदै कार्यक्रम समापन भएको उद्घोष गर्नुभयो ।

## २.४.५ लिखित जवाफ र कानूनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रम :

### १. पृष्ठभूमी

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश विराटनगरको आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अन्तर्गत प्रदेश भित्रका सोलुखुम्बु, ओखलढुंगा र खोटाङ जिल्लाहरुमा रहेका प्रादेशीक कार्यालयहरुमा कार्यरत सम्बन्धित कर्मचारीहरुलाई लिखित जवाफको सम्बन्धमा कानूनी एवं व्यवहारीक ज्ञान दिलाउने उद्देश्यका साथ आयोजित "लिखित जवाफ सम्बन्धि एक दिवसिय अनुशिक्षण एवं अन्तर्क्रिया कार्यक्रम" सहभागीहरुको पहुँचका दृष्टिले पायक पर्ने स्थान ओखलढुंगाको सदरमुकाम स्थित पाथिभरा होटलमा मिति २०८१ चैत्र ७ गते सम्पन्न गरियो।

नेपालको संविधानको धारा १६० बमोजिम मुख्य न्यायाधिवक्ता रहने र सोही धारा १६० को उपधारा (२) बमोजिम सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्य न्यायाधिवक्ताको नियुक्ती हुने संवैधानिक व्यवस्था अनुरुप मुख्य न्यायाधिवक्ताको कार्यालय

कोशी प्रदेश स्थापना भई हाल सेवा अवधिको सातौं बर्षसम्म आईपुग्दा संघीय राज्य संरचनागत राज्य प्रणालीको संवैधानिक व्यवस्था एवं कानून अनुरुप प्रदेश सरकारको कानूनी सल्लाहकारको भूमिकाका साथै प्रदेश सरकार वा मातहतका प्रादेशिक कार्यालयहरु विरुद्ध दायर भएका मुद्दाहरुमा प्रभावकारी प्रतिरक्षा एवं कानूनी प्रश्नहरुमा सम्बन्धित निकायहरुलाई राय दिने कार्यलाई प्रभावकारी ढंगले सम्पादन गर्दै आएको यस कार्यालयको महत्व संघीय न्याय प्रणालीमा बढ्दो रहेको छ ।

कार्यालयको स्थापना कालदेखी नै प्रदेश सरकार वा मातहत निकायका विरुद्ध पर्ने मुद्दाहरुमा प्रतिरक्षार्थ वहस पैरवी गर्ने क्रममा प्रादेशिक कार्यालयहरुबाट अदालतमा पेश भएका लिखित जवाफहरुको अध्ययन गर्दा साथै सरोकारवाला निकायहरुले समेत बेलाबेलामा लिखित जवाफको सम्बन्धमा राख्नेगर्नुभएको जिज्ञासाहरुलाई सामूहिक एवं व्यवस्थित रुपले औपचारीक ढंगबाट समाधान गर्नु उपयुक्त हुने कार्यालयको निष्कर्ष समेतले यस कार्यक्रमको आवश्यकता र औचित्यतालाई पुष्टि गरेको पाईन्छ । प्रदेश मातहतका अधिकांश कार्यालयहरुमा कानून अधिकृतहरुको दरबन्दी नहुने हुँदा कार्यालय विरुद्ध रिट/मुद्दा परिहालेको खण्डमा लिखित जवाफ कसरी तयार गर्ने, लिखित जवाफ दर्ता गर्ने कार्यविधि, लिखित जवाफको प्रभावकारीता र सम्बन्धित निकायसँगको समन्वयलाई प्रभावकारी बनाउने उद्देश्यले यस कार्यक्रमको आयोजना गर्नुपर्ने अवस्था सिर्जना हुन गएको हो ।

मुख्य न्यायाधिवक्ताको कार्यालयको काम, कर्तब्य र अधिकार विषयक कार्यपत्र कार्यालय प्रमुख/उपन्यायाधिवक्ता पदम प्रसाद वस्तीज्यूले प्रस्तुत गर्नुभएको थियो भने माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूले लिखित जवाफ र कानूनी राय सम्बन्धी कार्यपत्र सहित सहभागीहरुलाई अनुशिक्षण गर्नुभएको थियो ।

उच्च अदालत विराटनगर अस्थायी ईजलास ओखलढुंगाका मुख्य भई कामकाज गर्नुहुने माननीय न्यायाधीश धीरबहादुर चन्द ज्यूको प्रमुख आतिथ्यता उद्घाटन भएको उक्त कार्यक्रममा ओखलढुंगा जिल्ला अदालतका माननीय न्यायाधीश  उच्च बार एसोशियसन, जिल्ला बार एसोशियसनका पदाधिकारी सहितका अधिवक्ताज्यूहरु लगायत अनुशिक्षण कार्यक्रममा पाल्नुहुने विभिन्न कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिहरु समेतको उपस्थिति रहेको थियो ।

## २. कार्यक्रम आयोजनाको उद्देश्यः

- आयोजक कार्यालयले सम्पादन गर्ने कामहरु बिषयगत कार्यालयहरुसँग किन र के कसरी सम्बन्धित छन् भनि जानकारी दिने,

- लिखित जवाफ र कानूनी राय के हो, महत्व के हो, के कस्तो अवस्थामा आवश्यक छ भनि जानकारी दिनु,
- लिखित जवाफ कसरी तयार गर्ने र अदालतमा पेश गर्ने कार्यविधिको बारेमा जानकारी दिनु,
- कानूनी राय माग गर्ने अवस्थाहरु, कानूनी राय माग गर्ने कार्यविधि र तरिकाको बारेमा जानकारी दिनु,
- प्रभावकारी लिखित जवाफ नै मुद्दामा सफलता प्राप्त गर्ने आधार भएकोले प्रभावकारी र शशक्त लिखित जवाफ कसरी तयार गर्ने भन्ने बिषयमा अनुशिक्षण गर्नु,
- सरोकारवालाहरुसँगको समन्वयले मुद्दामा फरक पर्न सक्ने कुराहरुको बारेमा जानकारी दिनु,

**३. कार्यक्रमको प्रारुपः-**

यस कार्यक्रमलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण, अनुशिक्षण एवं अन्तर्क्रिया सत्र र समापन सत्र गरी तिन खण्डमा बिभाजन गरिएको थियो। चिया/खाजाको लागि ३० मिनेट, उद्घाटन सत्रको लागी १ घण्टा, खाना खानको लागी ४५ मिनेट, कार्यपत्र प्रस्तुतिकरणको लागी २ घण्टा, प्रश्नोत्तर जिज्ञासा/छलफलको लागी १ घण्टा र समापनको लागी १५ मिनेट गरि कार्यक्रम जम्मा ५ घण्टा ३० मिनेटमा सम्पन्न गर्ने गरि तय भएकोमा जस अनुसार मिति २०८१ चैत्र ७ गते विहान चिया खाजा समय पछी ९:१० बजे ओखलढुंगा स्थित पाथिभरा होटलको सभाहलमा कार्यक्रम उद्घाटन भई करिब १०:०० बजे उद्घाटन सत्र समापन भएको थियो ।उपस्थित सम्पूर्ण महानुभावहरुले बिहानको खाना खाईसकेपछी कार्यक्रमको दोश्रो सत्र कार्यपत्र प्रस्तुतिकरण एवं अन्तर्क्रिया १०:४० मा सुरु भई १३:३० बजे सम्पन्न भयो।कार्यक्रमको तेश्रो सत्र १३:४५ मा औपचारीक रुपले सम्पन्न भईसकेपश्चात सहभागीहरु आ-आफ्नो कार्यक्षेत्रतर्फ फर्किनु भएको थियो।

**४. उद्घाटन सत्रको झलकः**

मिति २०८१ चैत्र ७ गते ओखलढुंगा स्थित पाथिभरा होटलको सभाहलमा आयोजना भएको लिखित जवाफ सम्बन्धी अनुशिक्षण कार्यक्रम कोशी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यूको अध्यक्षता एवं उच्च अदालत विराटनगर अस्थायी इजलासका मुख्य न्यायाधीशको रुपमा कामकाज गर्नुहुने माननीय न्यायाधीश धीरबहादुर चन्द ज्यूको प्रमुख आतिथ्यता उद्घाटन भएको उक्त कार्यक्रममा विशिष्ट अतिथि ओखलढुंगा जिल्ला

अदालतका मा. न्यायाधीश गिरीराज गौतमज्यू, अतिथि उच्च बार एसोशिएसन ओखलढुंगाका अध्यक्ष बरिष्ठ अधिवक्ता हर्क बहादुर राई ज्यू, उच्च सरकारी वकील कार्यालय ओखलढुंगाका नि.सहन्यायाधिवक्ता कैलाश दाहाल, कानून व्यवसायीहरु समेतको उपस्थिति रहेको थियो ।

राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथि उच्च अदालत विराटनगर अस्थायी इजलासका मुख्य न्यायाधीशको रुपमा कामकाज गर्नुहुने माननीय न्यायाधीश धीरबहादुर चन्द ज्यूले कार्यक्रमको ब्यानर पढेर कार्यक्रम उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा सहभागीहरुको रुपमा सोलुखुम्बु, ओखलढुंगा र खोटाङ्गका विभिन्न प्रादेशिक कार्यालयका कार्यालय प्रमुख एवं अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित सबै महानुभावहरुलाई डायरी र कलम वितरण गरिएको थियो। अतिथि एवं सहभागीहरुलाई प्रारम्भिक स्वागत तथा स्टेसनरी वितरण एवं कार्यक्रम संयोजन व्यवस्थापनमा सहायक न्यायाधिवक्ता सिमा यादव, क.अ. चन्द्र दाहाल लगायत कार्यालयका हलुका सवारी चालक एवं कार्यालय सहयोगी समेतको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन/उद्घोषण सहायक न्यायाधिवक्ता सन्दिप टेलरले गर्नुभएको थियो ।

**क) उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीको स्वागत मन्तब्यः**

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि लगायत सम्पूर्ण अतिथिहरु एवं सहभागीज्यूहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आयोजित प्रस्तुत कार्यक्रमको पृष्ठभूमी, कार्यक्रम आयोजनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

**ख) नि. सहन्यायाधिवक्ता कैलाश दाहालको शुभकामना मन्तब्यः**

पहिलो वक्ताको रुपमा उच्च सरकारी वकील कार्यालय ओखलढुंगाका निमित्त सहन्यायाधिवक्ता कैलाश दाहालज्यूले बार्षिक कार्यक्रममा राखिएको यस कार्यक्रमको उद्देश्यमा जिल्ला स्थित संघीय कार्यालयहरु पनि लाभ लिन सक्ने अवस्था हुँदा मुख्य न्यायाधिवक्ताको कार्यालय प्रादेशिक कार्यालय भएतापनि संघीय कार्यालयलाई यस्ता कार्यक्रममा समेट्दा प्रादेशिक एवं संघीय दुबै कार्यालयहरुलाई लाभ हुने सुझाव दिँदै प्रादेशिक कार्यालयहरु विरुद्ध पर्ने मुद्दा मामिलामा पहिलो कार्य भनेको नै सम्बन्धित

निकायसँगको समन्वय हुने हुँदा आगामी दिनहरुमा समन्वयको लागी यस कार्यक्रमले थप सहजता सिर्जना गरेको साथै सहभागीहरुमा लिखित जवाफ एवं कानूनी राय सम्बन्धी नया ज्ञानको बिजारोपण हुने अपेक्षा सहित कार्यक्रमले लिएको उद्देश्य प्राप्त होस् भन्ने शुभकामना ब्यक्त गर्नुभयो ।

**ग) उच्च वार एसोसिएसन ओखलढुंगाका अध्यक्ष वरिष्ट अधिवक्ता हर्क बहादुर राईज्यूको शुभकामना मन्तब्य :**

मुद्दा जुनसुकै होस् वा जो सुकै पक्ष विपक्ष होस् मुद्दाको रोहमा अदालतमा पेश हुने कागजातको अर्थ र महत्व धेरै हुने हुँदा कानूनले निर्धारण गरेको विधि र प्रकृया र नमुना अनुसार अदालत समक्ष पेश गर्नुपर्ने भएकोले कानूनको दरबन्दी नहुने अड्डाहरुका कर्मचारीको लागी कार्यक्रम ज्यादै महत्वपूर्ण भएको हुँदा सहभागीहरुलाई यो अवसरको भरपूर लाभ उठाउन अनुरोध गर्दै कार्यक्रमको पूर्ण सफलताको कामना गर्नुभयो ।

**घ) विशिष्ट अतिथि माननीय न्यायाधीश गिरीराज गौतम ज्यूको शुभकामना मन्तब्य:**

अदालतबाट अधिकार क्षेत्र, कानूनी अधिकार, कानूनको परिपालना, कानून सम्मत बिधि र प्रकृया जस्ता कुराहरुलाई न्याय सम्पादनको कडीको रुपमा लिईने हुँदा कानूनको अनभिज्ञता क्ष्यम्य नहुने सर्वमान्य सिद्दान्त समेतले गर्दा पनि जान्दिनँ, कानून पढेको छैन, कानूनको दरबन्दी छैन भनेर बस्न नमिल्ने हुँदा ति समस्या र अप्ठ्यारोलाई समाधान गर्ने उद्देश्यले घर दैलोमै चेतना एवं अभिमूखिकरणका लागी मुख्य न्यायाधिवक्ताको कार्यालयले आयोजना गरेको यस कार्यक्रमले अन्तत न्याय प्रणालीकै गुणस्तरियता र न्याय सम्पादनकै लागी गरेको प्रयास हुँदा आयोजक कार्यालय प्रति धन्यवाद व्यक्त गर्दै सबै सहभागीहरुलाई सक्रिय रुपले सहभागी हुन अनुरोध गर्दै कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**ङ) प्रमुख अतिथि माननीय न्यायाधीश धीरबहादुर चन्दज्यूको शुभकामना मन्तब्य :**

संविधान अनुसार देश संघीय संरचनामा गईसकेसँगै प्रदेश सरकार र सो अन्तर्गतका कार्यालयहरुको कानूनी सल्लाहकार एवं ति निकायहरु विरुद्ध परेको मुद्दाहरुमा प्रतिरक्षार्थ वहस गर्ने कानूनी कर्तब्य भएको मुख्य न्यायाधिवक्ताको कार्यालयले न्याय सम्पादनको क्रियाकलापको प्रभावकारीता र गुणस्तरियतालाई बृद्धी गर्ने गराउने मनसायले सम्बन्धित कर्मचारीहरुको लिखित जवाफ सम्बन्धी बिषयमा अनुशिक्षण गरी आधारभूत कुरामा प्रशिक्षित गराउने उद्देश्यले संचालन भएको प्रस्तुत कार्यक्रम ज्यादै

उपयोगी रहेको साथै अदालतले समेत सँधै गुणस्तरिय, बस्तुनिष्ठ र कानून बमोजिमका लिखतको अपेक्षा गर्ने हुँदा यस कार्यक्रम सम्बन्धित कार्यालयका कर्मचारीहरुका लागी अर्को एक क्षमता थप गर्ने अवसर भएको भन्दै कार्यक्रम फलदायी र लक्ष्य केन्द्रीत हुने आशा व्यक्त गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

**च) कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता एवं उद्घाटन समारोहका अध्यक्ष नारायण वस्ती ज्यूको स्वागत तथा उद्घाटन सत्रको समापन मन्तब्य :**

मुख्य न्यायाधिवक्ताको आवश्यकता र औचित्य प्रदेश संरचनामा महत्वपूर्ण रहेको स्मरण गराउँदै कार्यक्रमको लक्ष्य एवं उद्देश्य समेतमा प्रष्ट पार्दै उद्घाटन सत्रमा पाल्नु भएका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिज्यूहरुलाई कार्यक्रममा पाल्नुभएकोमा स्वागत सहित स-धन्यवाद दिँदै उद्घाटन समारोह समापन भएको उद्घोष गर्नुभयो ।

**छ) उद्घाटन सत्रको समाप्तीको झलक :**

उद्घाटन सत्र करिब ५० मिनेटसम्म संचालन भई बिहानको करिब १०:०० बजे सम्पन्न भएको थियो। समापन लगतै विशिष्ट महानुभावहरुले संयुक्त फोटो खिचाउने कार्यक्रम सम्पन्न भई कार्यक्रममा उपस्थित सबैजनाले दिउँसोको खाना खाई सहभागी वाहेकका अन्य अतिथिगण कार्यक्रम स्थलबाट बाहिरिनुभएको थियो ।

**५. कार्यक्रमको दोश्रो खण्ड कार्यपत्र प्रस्तुतिकरणः-**

कार्यक्रमको दोश्रो खण्ड बिहानको १०:४० बजेबाट सुरु भएको सो अन्तर्गत उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीज्यूले मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। उक्त कार्यपत्र प्रस्तुतिकरण करिब १ घण्टासम्म संचालन भएको थियो ।

१० मिनेटको बिश्राम पश्चात् मा. मुख्य न्यायाधिवक्ता नारायण वस्तीले लिखित जवाफ तथा कानूनी राय सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बिहानको ११:५० बजेबाट १३:०० बजेसम्म कार्यपत्र प्रस्तुत भएपश्चात सहभागीहरुबाट लिखित जवाफ नफिराउँदा के हुने, आफूले वा आफ्नो कार्यालयले गल्ती नै नगरेकोमा किन फिराउने, राय दिनेको जवाफदेहीता के हुने, प्रदेश कानूनहरुमा धेरै द्विबिधाजनक भाषा तथा वाक्यहरु रहेकोले काम गर्नमा समस्या, समन्वयका विषयहरुमा प्रश्नहरु राखुभएको र सो प्रश्नहरुको जवाफ उप-न्यायाधिवक्ता पदम प्रसाद वस्ती र मा. मुख्य न्यायाधिवक्ता नारायण वस्तीले दिनुभएको थियो। अं. ३० मिनेटको समयावधि सम्म छलफल तथा अन्तर्क्रिया गरी सहभागीहरुलाई कार्यपत्रको प्रतिलिपी बितरण गरीयो।

छलफल तथा अन्तर्क्रिया सक्किएसँगै समग्र सहभागीहरुको तर्फबाट सव डिभिजन कार्यालय सोलुखुम्बका कार्यालय प्रमुखले आयोजित कार्यक्रमबारे धारणा एवं मन्तब्य व्यक्त गर्ने क्रममा कानूनका बिषयमा द्वीविधा परे वा निर्णय गर्न कानूनको बिषयमा राय लिनुपर्ने भएमा यस कार्यक्रमले सहज सम्बन्ध स्थापित गरेको साथै लिखित जवाफको सम्बन्धमा कार्यक्रममा सिकेको र बुझेको कुराले धेरै सहयोग गर्ने र आ-आफ्नो कार्यालयका हकमा मुद्दा/रिट परेका खण्डमा समयमानै अनिवार्य समन्वय पनि लिखित जवाफको गुणस्तरियता अभिवृद्धि गर्न प्रतिबद्ध रहेको धारणा सहित आयोजक कार्यालयप्रति कार्यक्रम आयोजना गरेकोमा आभार व्यक्त गर्नुभयो ।

समग्र कार्यक्रमको टिप्पणीकर्ता निमित्त सहन्यायाधिवक्ता कैलाश दाहालले यस कार्यक्रमको कार्यपत्र एवं छलफलमा उठेका विषयवस्तुहरु नै एक प्रभावकारी लिखित जवाफको लागी पर्याप्त रहेको महसुस भएको भन्दै सम्बृद्ध, स्वच्छ र विश्वसनीय न्याय प्रणाली सबैको चाहना हुँने हुँदा सरकार पक्ष समेत जिम्मेवार भएर न्याय सम्पादनका अवयवहरुलाई प्रभावकारी ढंगले प्रस्तुत गर्नुपर्ने हुँदा यस कार्यक्रममा उपस्थित महानुभावहरु, कार्यपत्र तथा प्रस्तुतिकरणको स्तरियता, अन्तर्क्रियामा सहभागीता, प्रश्नोत्तरमा सहभागीता र कार्यक्रम स्थलको छनौट तथा व्यवस्थापन उत्कृष्ठ रहि समग्र कार्यक्रमले पूर्ण सफलता प्राप्त गरेकोले बधाई सहित आगामी दिनहरुमा प्रदेशका मात्र नभई संघीय कार्यालयहरुलाई पनि यस्ता कार्यक्रममा सहभागी गराउन सुझाव दिनुभयो।

## ६. **समापन समारोहः**

कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यू को अध्यक्षतामा संचालित उक्त लिखित जवाफ सम्बन्धी अनुशिक्षण कार्यक्रमको समापन मन्तव्यको क्रममा अध्यक्षता गर्नुभएका मा.मुख्य न्यायाधिवक्ता ज्यूले लिखित जवाफ केवल प्रश्नको जवाफ मात्र नभई मुद्दामा निर्णयको आधार पनि हुने भएकोले कानूनले निर्धारण गरेको ढाँचामा हुनैपर्ने र मुख्य न्यायाधिवक्ताको कार्यालयबाट वहस प्रतिरक्षा गर्ने क्रममा साथै अदालतबाट आदेश गर्दा समेत सोही लिखित जवाफलाई केन्द्रमा राखिने हुँदा मुद्दामा प्रतिरक्षाको कानूनी आधार, आफ्नो भूमिका स्पष्ट पार्नुपर्ने साथै म्याद तामेली भएपश्चात रिट/निवेदन पढी बुझी मुख्य न्यायाधिवक्ताको कार्यालयमा कागजात सहित भौतिक रुपमा वा सो सम्भव नभए ईमेल तथा फोन मार्फत समन्वय गर्नुहुन साथै लिखित जवाफ फिराउने हदम्यादलाई विषेष ध्यान दिनुहुन साथै निर्णयका क्रममा कानूनको सम्बन्धमा द्विविधा आए कानून बमोजिम राय माग गर्नुहुन भन्दै प्रादेशिक कार्यालय विरुद्धमा परेका मुद्दाहरुको सवालमा मुख्य न्यायाधिवक्ताको

कार्यालयसँग समयमानै समन्वय गरेमा प्रभावकारी प्रतिरक्षाले सरकारलाई सफलताउन्मुख गराउन सक्ने धारणा सहित आयोजक कार्यालयको आमन्त्रणलाई स्वीकार गरी कार्यक्रममा सहभागी हुनुभएकोमा हार्दिक धन्यवाद सहित शुभयात्राको कामना गर्दै कार्यक्रम समापन गरेको घोषणा गर्नुभयो।

## २.४.६ कानूनका विद्यार्थीसँग मुख्य न्यायाधिवक्ता कार्यक्रमः

### १. पृष्ठभूमी

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, आधारभूत मानव अधिकार, निष्पक्ष र सक्षम न्यायपालिका साथै कानूनी राज्यको परिकल्पना गरी संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी पहिलो संशोधन ऐन, २०८१ बमोजिम कामकाज गर्दै आएकोमा आ.व. २०८१/८२ मा यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत समुदाय र सरोकारवालाहरूलाई कानूनी सचेतनाका लागी प्रस्तुत कार्यक्रम आयोजना गरिएको हो ।

मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्ने काम कारवाही र यसले मानवअधिकार तथा अन्य सामाजिक न्यायको क्षेत्रमा खेल्ने भूमिकाको सम्बन्धमा विद्यार्थी तहमा समेत जानकारी दिँदा सरोकारवालाहरुले त्यसको लाभ लिन सक्ने साथै निशुल्क कानूनी सहायता जस्ता बिषयमा अभिमुखिकरण भएमा न्याय महँगो हुन्छ भन्ने ग्रामिण समुदाय तहको भ्रमलाई धेर थोर जे जति भएपनि चिर्न सकिन्छ भन्ने उद्देश्यले आयोजित यस कार्यक्रमको महत्व र औचित्य स्पष्ट र सान्दर्भिक रहेको छ । न्याय प्राप्त गर्न पैसा हैन दृढ ईच्छाशक्ति चाहिन्छ, जस्का लागि लोककल्याणकारी राज्यको सरकारले केही कानूनी व्यवस्था गर्नुका साथै सरोकारवालाहरुले यस कार्यमा सहकार्य समेत गरिरहेको छन् भनि सूसूचित गर्न समेत यस कार्यक्रमले टेवा पुर्याउने छ भन्ने अभिप्रायले बार्षिक कार्यक्रम अन्तर्गत यस कार्यक्रम राखिएको हो । प्रस्तुत कार्यक्रममा सोलूखुम्बु बहुमुखी क्याम्पसमा प्रमाणपत्र तह र स्नातक तहका ६५ जना बिद्यार्थिहरु साथै प्रमुख अतिथिको रुपमा सो क्याम्पसका प्रमुख, शिक्षकहरु, पत्रकार साथै कार्यक्रम स्थलको व्यवस्थापन तथा सहजिकरण एवं सहयोगार्थ र उक्त विद्यालयका सहित जम्मा ९० जनाको उपस्थिति रहेको थियो ।

### २. कार्यक्रम योजनाको उद्देश्यः-

प्रस्तुत कानूनका विद्यार्थिसँग मुख्य न्यायाधिवक्ता कार्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेको थियोः-

- मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तब्य, अधिकार, भुमिका र यस कार्यालयबाट प्रवाह हुने कानूनी सेवा सम्बन्धि जानकारी गराउने,
- किशोरावस्थाका कानूनका बिद्यार्थीहरुसँग निजहरुको ब्यक्तिगत एवं सामाजिक जीवनका दैनिकीसँग सम्बन्ध राख्ने अति आवश्यक कानूनी प्रावधानहरूको बारेमा जनचेतना जगाउने,
- हालको अवस्थामा समाजमा बढ्दो क्रममा रहेका करणी सम्बन्धि कसूर, साईबर सम्बन्धि कसुर, अनलाईन ठगी सम्बन्धि कसुर, अबैध/प्रतिबन्धित लागू-औषध सम्बन्धि कसुर र सवारी सम्बन्धि कसुरको बारेमा कानूनको बिद्यार्थीलाई प्रशिक्षण गरि गराई सम्बन्धित कसुरहरु गर्न गराउन वा सो बाट पीडित बन्ने सम्भावनाको न्युनीकरणमा टेवा पुर्याउने ।
- कानूनका बिद्यार्थिहरूको कानून सम्बन्धी अन्य जिज्ञासाहरुलाई सम्बोधन गर्ने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयलाई समुदायमा परिचित गराउने तथा चिनाउने।

**३. कार्यक्रमको प्रारुपः**

यस कार्यक्रमलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण एवं छलफल सत्र र समापन सत्र गरी तिन खण्डमा बिभाजन गरिएको थियो ।

**४. उद्घाटन सत्रको झलक**

राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथि सोलूखुम्बु बहुमुखी क्याम्पसका प्रमुखले ब्यानर पढेर कार्यक्रमको उद्धघाटन गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुलाई डायरी र कलम वितरण गरिएको थियो ।

**क) उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीको स्वागत मन्तब्यः**

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि, शिक्षक, विद्यार्थिहरु, पत्रकार लगायत सम्पूर्ण सहभागीहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आयोजित प्रस्तुत कार्यक्रमको पृष्ठभूमी, कार्यक्रमको औचित्यता, कार्यक्रम आयोजनाको उद्देश्य, कार्यक्रमस्थल नै छनोटमा पर्नुको आधार माथि प्रकाश पार्नुभएको थियो।

६. कार्यपत्र प्रस्तुतिकरण खण्डः-

क) मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्तीले कार्यलयको काम, कर्तब्य र भुमिका सम्बन्धि र समसामयीक साथै पछिल्लो

समयमा समाजमा बढिजसो घट्दै आईरहेका लागु औषध तथा सवारिजन्य कसुर अपराधसँग सम्बन्धित कानूनि व्यवस्थाहरुको सम्बन्धमा प्रस्तुतिकरण एवं प्रशिक्षण गर्नुभएको थियो ।

नेपालको संविधानको धारा १६० अनुसार सम्बन्धित प्रदेशको कानूनी सल्लाहकारको रुपमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी पहिलो संशोधन ऐन, २०८१ अनुरुप मुख्य न्यायाधिवक्ताले आफ्नो नियमित कार्य गर्दै आईरहेको, संवैधानिक तथा कानूनी बिषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्तहरु प्रदेश कानून बमोजिम हुने मुख्य न्यायाधिवक्ताको कार्यालयको कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने प्रदेश सरकार वा मातहत कार्यालय उपर दायर भएका तथा प्रदेश सरकार वा मातहत कार्यालयले दायर गरेका मुद्दा मामिलामा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा वहस पैरवी प्रतिरक्षा गर्ने सम्बन्धित फैसलाको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्ने, प्रदेश सरकार वा मातहतका निकायबाट कानूनी राय माग भएमा कानूनी राय दिने जस्ता कार्यहरु मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रमुख कार्य रहेको भनि उप न्यायाधिवक्ता श्री पदम प्रसाद वस्ती ज्यूले प्रशिक्षण गर्नु भएको थियो।

ख) मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका सहायक न्यायाधिवक्ता श्री सिमा यादवले पछिल्लो समयमा समाजमा बढिजसो घट्दै आईरहेका कसुर अपराध मध्येको साईवर अपराधसँग सम्बन्धित कानूनी व्यवस्थाहरुको सम्बन्धमा प्रस्तुतिकरण एवं प्रशिक्षण गर्नुभएको थियो ।

साईबर ब्युरोको अनुसार आर्थिक वर्ष ०७९।०८० मा १०१५, ०८०।०८१ मा ४१३३ र ०८१।०८२ को माघ मसान्त सम्म जम्मा ४९४८ वटा अनलाईन ठगीका मुद्दा साईबर ब्युरोमा दर्ता भएको देखिएको र पिडितहरूको अनुसार बिभिन्न अनलाईन माध्यमहरूबाट अनदाजि ७४ करोड जतिको ठगी भएको अभिलेखबाट देखिएको जानकारि दिनुभयो । साईबर कसुरको परिभाषा र कसुरको तरिका (modus operandi) को बारेमा प्रष्ट पार्दै नेपालमा साईबर सम्बन्धि प्रष्ट कानूनी ब्यबस्था नरहेको र हाल सम्म साईबर सम्बन्धि अपराधहरू बिधुतीय कारोबार सम्बन्धि

ऐन, २०६३ ले हेर्दै आएको र साईबर सम्बन्धि निति २०८१, एआई निति २०८१ बिचाराधिन रहेको भनी बताउनु भएको थियो । साईबर सम्बन्धि अपराध साथै अनलाईन ठगीबाट बच्न आफनो पासवर्ड गोप्य राख्ने, ८ डिजिटको नम्बर, अक्षर र संकेत सहितको प्रभावकारी पासवर्ड चयन गर्ने, डबल अथेन्टिकेसन सेक्यूरिटिको प्रयोग गर्ने लगायतका सावधानी अपनाउने भनी प्रष्ट पार्नुभएको थियो ।

ग) सहायक न्यायाधिवक्ता सन्दिप टेलरले करणी सम्बन्धि कसुरको कार्यपत्र प्रस्तुत गर्दै जबरजस्ति करणीको परिभाषा, करणि सम्बन्धि कसुर अन्तर्गतका कसुरका प्रकारहरुको बारेमा बताउनु भएको थियो । पिडितको उमेर अनुसार अधिकतम जन्मकैदको सजाय हुने र हदम्याद भित्रै मुद्दा दायर नगरे मुद्दा दर्ता नहुने तथ्य प्रष्ट पार्नुभएको थियो साथै करणी सम्बन्धि कसुरको महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन अनुसारको ७ वटै प्रदेशको जबरजस्ती करणी सम्बन्धी तथ्याङकको बारेमा औंल्याई पछिल्लो समयमा कोशी प्रदेशमा जबरजस्ति करणी सम्बन्धि कसुर अघिल्लो आर्थिक वर्ष भन्दा कम दर्ता भएको समेत जानकारी दिँदै जवरजस्ती करणीका कसुरजन्य अपराध घटित हुन नदिन र घटित भैहाले कानुन बमोजिमको न्यायिक प्रकृयाबाट मात्रै टुङ्गो लाग्ने हुँदा सो बिषयमा सबै सचेत हुनुपर्ने कुरा औँल्याउनुभयो ।

घ) माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूले न्यायमा पहुँच र कानूनी सहायताको कानुनी एवं कार्यविधिगत विषयमा कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो । न्यायमा पहुँच भनेको के हो, यसको आवश्यकता र नेपालमा न्यायको पहुचको अवस्था र सुधारका उपायहरु वारे जानकारि गराउनुभएको थियो । समाजमा आफू अन्यायमा परेको जान्दाजान्दै पनि खर्च ब्यहोर्नुपर्छ भन्ने मानसिकताका कारण सहन गरेर बस्नेहरुका लागि पनि सरकारले निसुल्क कानुनि सेवा दिने व्यवस्था विगतदेखि नै गरिसकेको भएतापनि आम नागरिकले सो को पर्याप्त सुचना पाउन नसकेको हुँदा कानुनले तोकेको भन्दा न्युन आय श्रोत भएका ब्यक्तिहरुलाई सरकारले निशुल्क कानुनि सहायता उपलब्ध गराउने र सो कार्यमा न्यायीक सरोकारका निकायहरुले समेत हातेमालो गर्दैआईरहेको हुँदा जानिजानी अन्यायलाई समाजमा मलजल हुने गरी अन्याय सहन गरेर बस्दा समाजनै अराजक हुन सक्ने तर्फ सचेत रहनुपर्ने कुरा औँल्याउनुभयो । कानुनि सहायता र उदेश्यको बारेमा जानकारी गराई कानूनी सहायताको अभ्यासको बारेमा प्रष्ट पार्दै कानुनी सहायता कानून बमोजिम वैतनिक वकिल, प्रोबोनो सेवा र कानूनी सहायता समितिबाट पाउन सकिने भनी जानकारी

गराई सहभागीहरूको न्यायमा पहुँच र कानूनी सहायताको अधिकार सम्बन्धमा सजग गराउनुभयो ।

अन्त्यमा सम्पुर्ण सहभागीहरू र सोलूखुम्बु बहुमुखी क्याम्पस परिवारलाई बिशेष धन्यवाद दिदैं मिति २०८१ चैत्र ८ गते १४:३० बजे कार्यक्रमको समापन गर्नु भएको थियो। कार्यक्रम समापन पश्चात सम्पुर्ण सहभागीहरू खाजा खाई कार्यक्रम स्थलबाट बिदा भएका थिए।

### २.४.७ लिखित जवाफ र कानूनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रमः

### १. पृष्ठभूमी

मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश विराटनगरको आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अन्तर्गत प्रदेश भित्रका संखुवासभा, तेर्हथुम, भोजपुर र धनकुटा जिल्लाहरुमा रहेका प्रादेशीक कार्यालयहरुमा कार्यरत सम्बन्धित कर्मचारीहरुलाई लिखित जवाफ र कानुनी रायको सम्बन्धमा कानूनी एवं व्यवहारीक ज्ञान दिलाउने उद्देश्यका साथ आयोजित "लिखित जवाफ र कानुनी राय सम्बन्धि अनुशिक्षण एवं अन्तर्क्रिया कार्यक्रम" सहभागीहरुको पहुँचका दृष्टिले पायक पर्ने स्थान धनकुटाको सदरमुकाम स्थित जिल्ला समन्वय समितिको सभा हलमा मिति २०८२ वैशाख २३ गते सम्पन्न गरियो।

नेपालको संविधानको धारा १६० बमोजिम मुख्य न्यायाधिवक्ता रहने र सोही धारा १६० को उपधारा (२) बमोजिम सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्य न्यायाधिवक्ताको नियुक्ती हुने संवैधानिक व्यवस्था अनुरुप मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश स्थापना भई हाल सेवा अवधिको सातौं बर्षसम्म आईपुग्दा संघीय राज्य संरचनागत राज्य प्रणालीको संवैधानिक व्यवस्था एवं कानून अनुरुप प्रदेश सरकारको कानूनी सल्लाहकारको भूमिकाका साथै प्रदेश सरकार वा मातहतका प्रादेशिक कार्यालयहरु विरुद्ध दायर भएका मुद्दाहरुमा प्रभावकारी प्रतिरक्षा एवं कानूनी प्रश्नहरुमा सम्बन्धित निकायहरुलाई राय दिने कार्यलाई प्रभावकारी ढंगले सम्पादन गर्दै आएको यस कार्यालयको महत्व संघीय न्याय प्रणालीमा बढ्दो रहेको छ ।

कार्यालयको स्थापना कालदेखी नै प्रदेश सरकार वा मातहत निकायका विरुद्ध पर्ने मुद्दाहरुमा प्रतिरक्षार्थ वहस पैरवी गर्ने क्रममा प्रादेशिक कार्यालयहरुबाट अदालतमा पेश भएका लिखित जवाफहरुको अध्ययन गर्दा साथै सरोकारवाला निकायहरुले समेत बेलाबेलामा लिखित जवाफको सम्बन्धमा राख्ने गर्नुभएको जिज्ञासाहरुलाई सामूहिक एवं व्यवस्थित रुपले औपचारीक ढंगबाट समाधान गर्नु उपयुक्त हुने कार्यालयको निष्कर्ष समेतले यस कार्यक्रमको

आवश्यकता र औचित्यतालाई पुष्टि गरेको पाईन्छ । प्रदेश मातहतका अधिकांश कार्यालयहरुमा कानून अधिकृतहरुको दरबन्दी नहुने हुँदा कार्यालय विरुद्ध रिट/मुद्दा परिहालेको खण्डमा लिखित जवाफ कसरी तयार गर्ने, लिखित जवाफ दर्ता गर्ने कार्यविधि, लिखित जवाफको प्रभावकारीता र सम्बन्धित निकायसँगको समन्वयलाई प्रभावकारी बनाउने उद्देश्यले यस कार्यक्रमको आयोजना गर्नुपर्ने अवस्था सिर्जना हुन गएको हो ।

मुख्य न्यायाधिवक्ताको कार्यालयको काम, कर्तब्य र अधिकार विषयक कार्यपत्र कार्यालय प्रमुख/उपन्यायाधिवक्ता पदम प्रसाद वस्तीज्यूले प्रस्तुत गर्नुभएको थियो भने माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूले लिखित जवाफ, कानूनी राय र प्रतिवाद सम्बन्धी कार्यपत्र सहित सहभागीहरुलाई अनुशिक्षण गर्नुभएको थियो ।

उच्च अदालत विराटनगर धनकुटा ईजलासका माननीय न्यायाधीश देशवहादुर सार्कीज्यू को प्रमुख आतिथ्यता उद्धाटन भएको उक्त कार्यक्रममा धनकुटा जिल्ला अदालतका माननीय न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, शिक्षा विकास निर्देशनालय धनकुटाका निर्देशक, जिल्ला प्रहरी कार्यालय, धनकुटाका प्रहरी उपरीक्षक, उच्च बार एसोशियसन, जिल्ला बार एसोशियसनका पदाधिकारी सहितका अधिवक्ताज्यूहरु लगायत अनुशिक्षण कार्यक्रममा पाल्नुहुने विभिन्न कार्यालयका कार्यालय प्रमुख एवं प्रतिनिधिहरु सहित जम्मा ९८(अन्ठानव्वे) ब्यक्तिहरुको उपस्थिति रहेको थियो ।

२. **कार्यक्रम आयोजनाको उद्देश्यः-**

- आयोजक कार्यालयले सम्पादन गर्ने कामहरु बिषयगत कार्यालयहरुसँग किन र के कसरी सम्बन्धित छन् भनि जानकारी दिने,
- लिखित जवाफ, कानूनी राय र प्रतिवाद के हो, महत्व के हो, के कस्तो अवस्थामा आवश्यक छ भनि जानकारी दिनु,
- लिखित जवाफ कसरी तयार गर्ने र अदालतमा पेश गर्ने कार्यविधिको बारेमा जानकारी दिनु,
- कानूनी राय माग गर्ने अवस्थाहरु, कानूनी राय माग गर्ने कार्यविधि र तरिकाको बारेमा जानकारी दिनु,
- प्रभावकारी लिखित जवाफ नै मुद्दामा सफलता प्राप्त गर्ने आधार भएकोले प्रभावकारी र शशक्त लिखित जवाफ कसरी तयार गर्ने भन्ने बिषयमा अनुशिक्षण गर्नु,

- सरोकारवालाहरुसँगको समन्वयले मुद्दामा फरक पर्न सक्ने कुराहरुको बारेमा जानकारी दिनु,

## ३. कार्यक्रमको प्रारुपः-

यस कार्यक्रमलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण, अनुशिक्षण एवं अन्तर्क्रिया सत्र र समापन सत्र गरी तिन खण्डमा बिभाजन गरिएको थियो। उद्घाटन सत्रको लागी १ घण्टा, चिया/खाजाको लागि १५ मिनेट, कार्यपत्र प्रस्तुतिकरणको लागी २ घण्टा, प्रश्नोत्तर जिज्ञासा/छलफलको लागी १ घण्टा र समापनको लागी १५ मिनेट गरि कार्यक्रम जम्मा ४ घण्टा ३० मिनेटमा सम्पन्न गर्ने गरि तय भएकोमा जस अनुसार मिति २०८२ वैशाख २३ गते धनकुटा जिल्लाको जिल्ला समन्वय समितिको सभाहलमा कार्यक्रम उद्घाटन भई करिब १३:०० बजे उद्घाटन सत्र समापन भएको थियो ।उपस्थित सम्पूर्ण महानुभावहरुले दिउसोको खाजा/चिया खाईसकेपछी कार्यक्रमको दोश्रो सत्र कार्यपत्र प्रस्तुतिकरण एवं अन्तर्क्रिया १३:१५ मा सुरु भई १६:३० बजे सम्पन्न भयो।कार्यक्रमको तेश्रो सत्र १६:४५ मा औपचारीक रुपले सम्पन्न भईसकेपश्चात सहभागीहरु आ-आफ्नो कार्यक्षेत्रतर्फ फर्किनु भएको थियो ।

## ४. उद्घाटन सत्रको झलकः

मिति २०८२ वैशाख २३ गते धनकुटा स्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजना भएको लिखित जवाफ, कानुनी राय र प्रतिवाद सम्बन्धी अनुशिक्षण कार्यक्रम कोशी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यूको अध्यक्षता एवं उच्च अदालत विराटनगर धनकुटा इजलासका माननीय न्यायाधीश देशवहादुर सार्कीज्यूको प्रमुख आतिथ्यता उद्घाटनभएको उक्त कार्यक्रममा विशिष्ट अतिथि उच्च अदालत विराटनगर धनकुटा इजलासका माननीय न्यायाधीश पुर्णेश्वरप्रसाद उपाध्यायज्यू, विशेष अतिथि धनकुटा जिल्ला अदालतका मा. न्यायाधीश नारायणप्रसाद पराजुलीज्यू, विशेष अतिथि धनकुटाका प्रमुख जिल्ला अधिकारी टुवराज पोखेल ज्यू, अतिथि उच्च बार एसोशिएसन धनकुटाका अध्यक्ष दिनेश पौडेलज्यू, जिल्ला सरकारी वकील कार्यालय धनकुटाका जिल्ला न्यायाधिवक्ता, जिल्ला प्रहरी कार्यालय, धनकुटाका प्रहरी उपरीक्षक र कानून व्यवसायीहरु समेतको उपस्थिति रहेको थियो ।

राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथि उच्च अदालत विराटनगर धनकुटा इजलासका माननीय न्यायाधीश देशवहादुर सार्की ज्यूले कार्यक्रमको ब्यानर पढेर कार्यक्रम उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा सहभागीहरुको रुपमा संखुवासभा, भोजपुर, तेर्हथुम र धनकुटाका विभिन्न प्रादेशिक कार्यालयका कार्यालय प्रमुख एवं अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित सबै महानुभावहरुलाई डायरी र कलम वितरण गरिएको थियो। अतिथि एवं सहभागीहरुलाई प्रारम्भिक स्वागत तथा स्टेसनरी वितरण एवं कार्यक्रम संयोजन व्यवस्थापनमा सहायक न्यायाधिवक्ता सिमा यादव, क.अ. चन्द्र दाहाल लगायत कार्यालयका हलुका सवारी चालक समेतको उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन/उद्घोषण सहायक न्यायाधिवक्ता निर्मला दाहाल पोखरेलले गर्नुभएको थियो।

**क) उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीको स्वागत मन्तब्य:**

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, अतिथि लगायत सम्पूर्ण अतिथिहरु एवं सहभागीज्यूहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आयोजित प्रस्तुत कार्यक्रमको पृष्ठभूमी, कार्यक्रम आयोजनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

**ख) वरिष्ठ अधिवक्ता रोहित डाँगीज्यूको शुभकामना मन्तव्यः**

प्रादेशिक कार्यालयहरु विरुद्ध पर्ने मुद्दा मामिलामा पहिलो कार्य भनेको नै सम्बन्धित निकायसँगको समन्वय हुने हुँदा आगामी दिनहरुमा समन्वयको लागी यस कार्यक्रमले थप सहजता सिर्जना गरेको साथै सहभागीहरुमा लिखित जवाफ एवं कानूनी राय सम्बन्धी नयाँ ज्ञानको बिजारोपण हुने अपेक्षा सहित कार्यक्रमले लिएको उद्देश्य प्राप्त होस् भन्ने शुभकामना ब्यक्त गर्नुभयो ।

**ग) उच्च वार एसोसिएसन धनकुटाका अध्यक्ष दिनेश पौडेलज्यूको शुभकामना मन्तब्य:**

मुद्दाको रोहमा अदालतमा पेश हुने कागजातको अर्थ र महत्व धेरै हुने हुँदा कानूनले निर्धारण गरेको विधि, प्रकृया र नमुना अनुसार अदालत समक्ष पेश गर्नुपर्ने भएकोले कानूनको दरबन्दी नहुने अड्डाहरुका कर्मचारीको लागी कार्यक्रम ज्यादै महत्वपूर्ण भएको हुँदा सहभागीहरुलाई यो अवसरको भरपूर लाभ उठाउन अनुरोध गर्दै कार्यक्रमको पूर्ण सफलताको कामना सहित शुभकामना व्यक्त गर्नुभयो ।

**घ) विशेष अतिथि प्रमुख जिल्ला अधिकारी टुवराज पोखेलज्यूको शुभकामना मन्तव्यः**

कार्यालयवाट कानुन वमोजिम भए गरेका निर्णयहरुमा सवैको चित्त वुझ्ने भन्ने हुदैन र चित्त नवुझ्ने पक्षले कार्यालयलाई विपक्षी वनाएर धेरै रिटहरु अदालत समक्ष परिरहने र कार्यालयको प्रशासनिक कार्य व्यस्तताले गर्दा सम्वन्धित निकायहरुसँग समन्वय

गर्न नसकिने भएकोले मुद्दासँग सम्वन्धित कागजातहरु पर्याप्त नभएको हुन सक्छन् त्यसैले यस्ता लिखित जवाफ एवं कानूनी राय सम्बन्धी कार्यक्रमहरुले सहभागीहरुलाई सो विषयमा अझ वढी ज्ञान दिने भएकोले यस्ता कार्यक्रमहरुवाट लाभ उठाउनु हुन भनी कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

ङ) **विशेष अतिथि माननीय जिल्ला न्यायाधीश नारायणप्रसाद पराजुलीज्यूको शुभकामना मन्तब्य** :

कानूनको अनभिज्ञता क्षम्य नहुने सर्वमान्य सिद्धान्तले गर्दा पनि कानुन जान्दिनँ, कानून पढेको छैन, कानूनको दरबन्दी छैन भनेर बस्न नमिल्ने हुँदा ति समस्या र अप्ठ्यारोलाई समाधान गर्ने उद्देश्यले घर दैलोमै चेतना एवं अभिमूखिकरणका लागी मुख्य न्यायाधिवक्ताको कार्यालयले आयोजना गरेको यस कार्यक्रमले अन्तत न्याय प्रणालीकै गुणस्तरियता र न्याय सम्पादनकै लागी गरेको प्रयास हुँदा आयोजक कार्यालय प्रति धन्यवाद व्यक्त गर्दै सबै सहभागीहरुलाई सक्रिय रुपले सहभागी हुन अनुरोध गर्दै कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

च) **विशिष्ट अतिथि माननिय न्यायाधिश पूर्णेश्वरप्रसाद उपाध्यायज्यूको शुभकामना मन्तव्यः**

मुख्य न्यायाधिवक्ताको कार्यालयले कानुनको शासन र न्याय सम्पादनको कार्यलाई अझ वढी प्रभावकारी वनाउने उद्देश्यले आयोजना गरेको यस कार्यक्रम सहभागीहरुका लागि लाभदायी हुने र भविष्यमा कार्यालयलाई विपक्षी वनाएर अदालत समक्ष दायर भएका रिट निवेदनहरुमा कसरी आफ्नो कार्यालयलाई प्रतिरक्षा गर्ने भन्ने सन्दर्भमा समेत ज्ञान प्राप्त भई थप गुणस्तरियता वृद्धि हुन सकोस् भनि कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

छ) **प्रमुख अतिथि माननीय न्यायाधीश देशवहादुर सार्कीज्यूको शुभकामना मन्तब्य** :

मुख्य न्यायाधिवक्ताको कार्यालयले न्याय सम्पादनको क्रियाकलापको प्रभावकारीता र गुणस्तरियतालाई बृद्धी गर्ने गराउने मनसायले सम्बन्धित कर्मचारीहरुको लिखित जवाफ सम्बन्धी बिषयमा अनुशिक्षण गरी आधारभूत कुरामा प्रशिक्षित गराउने उद्देश्यले संचालन भएको प्रस्तुत कार्यक्रम ज्यादै उपयोगी रहेको साथै अदालतले समेत सँधै गुणस्तरिय, बस्तुनिष्ठ र कानून बमोजिमका लिखतको अपेक्षा गर्ने हुँदा यस कार्यक्रम सम्बन्धित कार्यालयका कर्मचारीहरुका लागी अर्को एक क्षमता थप गर्ने अवसर भएको भन्दै कार्यक्रम फलदायी र लक्ष्य केन्द्रीत हुने आशा व्यक्त गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

**ज) कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता एवं उद्घाटन समारोहका अध्यक्ष नारायण वस्ती ज्यूको स्वागत तथा उद्घाटन सत्रको समापन मन्तब्य :**

मुख्य न्यायाधिवक्ताको आवश्यकता र औचित्य प्रदेश संरचनामा महत्वपूर्ण रहेको स्मरण गराउँदै कार्यक्रमको लक्ष्य एवं उद्देश्य समेतमा प्रष्ट पार्दै उद्घाटन सत्रमा पाल्नु भएका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिज्यूहरुलाई कार्यक्रममा पाल्नुभएकोमा स्वागत सहित स-धन्यवाद दिँदै उद्घाटन समारोह समापन भएको उद्घोष गर्नुभयो ।

**झ) उद्घाटन सत्रको समाप्तीको झलक :**

उद्घाटन सत्र करिब ०१:०० घण्टासम्म संचालन भई दिउसोको करिब १३:०० बजे सम्पन्न भएको थियो। समापन लगतै विशिष्ट महानुभावहरुले संयुक्त फोटो खिचाउने कार्यक्रम सम्पन्न भई कार्यक्रममा उपस्थित सबैजनाले चिया खाजा खाई सहभागी वाहेकका अन्य अतिथिगण कार्यक्रम स्थलबाट बाहिरिनुभएको थियो ।

## ५. कार्यक्रमको दोश्रो खण्ड कार्यपत्र प्रस्तुतिकरणः-

कार्यक्रमको दोश्रो खण्ड अन्तर्गत उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीज्यूले मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो ।बिहानको १३:१५ बजेबाट सुरु भएको कार्यपत्र प्रस्तुतिकरण करिब १ घण्टासम्म संचालन भएको थियो ।

१० मिनेटको बिश्राम पश्चात् मा. मुख्य न्यायाधिवक्ता नारायण वस्तीले लिखित जवाफ, कानूनी राय र प्रतिवाद सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । दिउसोको १४:३० बजेबाट १६:०० बजेसम्म कार्यपत्र प्रस्तुत भएपश्चात सहभागीहरुबाट कानुनहरु प्रदेशमा पनि छन् र संघिय कानुन पनि हुने भएकोले हामी प्रदेश सरकार अन्तर्गतका कार्यालय भएकाले हामीले कुन कानुन प्रयोग गरी कार्य गर्ने, राय दिनेको जवाफदेहीता के हुने, समन्वयका विषयहरुमा प्रश्नहरु राख्नुभएको र सो प्रश्नहरुको जवाफ मा. मुख्य न्यायाधिवक्ता नारायण वस्तीले दिनुभएको थियो। अं. ३० मिनेटको समयावधि सम्म छलफल तथा अन्तर्क्रिया गरी कार्यक्रम सम्पन्न गरीयो ।

छलफल तथा अन्तर्क्रिया सकिएसँगै समग्र सहभागीहरुको तर्फबाट पुर्वाधार विकास कार्यालय, संखुवासभाका कार्यालय प्रमुख शम्भुप्रसाद रौनियारले आयोजित कार्यक्रमबारे धारणा एवं मन्तब्य व्यक्त गर्ने क्रममा कार्यक्रम प्रभावकारी भएको र सैद्धान्तिक मात्र नभएर व्यवहारिक रुपमा गर्नसके अझ वढी गुणस्तर हुनेथियो र कानूनका बिषयमा द्वीविधा परे वा

निर्णय गर्न कानूनको बिषयमा राय लिनुपर्ने भएमा यस कार्यक्रमले सहज सम्बन्ध स्थापित गरेको साथै लिखित जवाफको सम्बन्धमा कार्यक्रममा सिकेको र बुझेको कुराले धेरै सहयोग गर्ने र आ-आफ्नो कार्यालयका हकमा मुद्दा/रिट परेका खण्डमा समयमानै अनिवार्य समन्वय पनि लिखित जवाफको गुणस्तरियता अभिवृद्धि गर्न प्रतिबद्ध रहेको धारणा सहित आयोजक कार्यालयप्रति कार्यक्रम आयोजना गरेकोमा आभार व्यक्त गर्नुभयो ।

### ६. समापन समारोहः

कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यूको अध्यक्षतामा संचालित उक्त लिखित जवाफ सम्बन्धी अनुशिक्षण कार्यक्रमको समापन मन्तव्यको क्रममा अध्यक्षता गर्नुभएका मा.मुख्य न्यायाधिवक्ता ज्यूले लिखित जवाफ केवल प्रश्नको जवाफ मात्र नभई मुद्दामा निर्णयको आधार पनि हुने भएकोले कानूनले निर्धारण गरेको ढाँचामा हुनैपर्ने र मुख्य न्यायाधिवक्ताको कार्यालयबाट वहस प्रतिरक्षा गर्ने क्रममा साथै अदालतबाट आदेश गर्दा समेत सोही लिखित जवाफलाई केन्द्रमा राखिने हुँदा मुद्दामा प्रतिरक्षाको कानूनी आधार, आफ्नो भूमिका स्पष्ट पार्नुपर्ने साथै म्याद तामेली भएपश्चात रिट/निवेदन पढी बुझी मुख्य न्यायाधिवक्ताको कार्यालयमा कागजात सहित भौतिक रुपमा वा सो सम्भव नभए ईमेल तथा फोन मार्फत समन्वय गर्नुहुन साथै लिखित जवाफ फिराउने हदम्यादलाई विषेश ध्यान दिनुहुन साथै निर्णयका क्रममा कानूनको सम्बन्धमा द्विविधा आए कानून बमोजिम राय माग गर्नुहुन भन्दै प्रादेशिक कार्यालय विरुद्धमा परेका मुद्दाहरुको सवालमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समयमानै समन्वय गरेमा प्रभावकारी प्रतिरक्षाले सरकारलाई सफलताउन्मुख गराउन सक्ने धारणा सहित आयोजक कार्यालयको आमन्त्रणलाई स्वीकार गरी कार्यक्रममा सहभागी हुनुभएकोमा हार्दिक धन्यवाद सहित शुभयात्राको कामना गर्दै कार्यक्रम समापन गरेको घोषणा गर्नुभयो।

## २.४.८ समुदायमा मुख्य न्यायाधिवक्ता कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रमः

### १. पृष्ठभूमी

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, आधारभूत मानव अधिकार, निष्पक्ष र सक्षम न्यायपालिका साथै कानूनी राज्यको परिकल्पना गरी संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ बमोजिम कामकाज गर्दै आएकोमा कोशी प्रदेशका दुरदराजमा

बसोबास गर्ने समुदायका नागरिकहरुलाई आफूले चुनेर पठाएका प्रतिनिधिहरुले आफूहरुका लागि बनाएका कानूनको बारेमा जानकारी प्राप्त गर्नुपनि सूसूचित हुन पाउने हककै रुपमा रहेको यथार्थतालाई सार्थक तुल्याउन समाजमा बढीजसो उठ्ने विवाद र तिनका कानूनी व्यवस्था, न्याय निरुपणका लागि गठीत निकाय र कार्यक्षेत्र, सर्वसुलभ न्याय प्राप्तिका आयामहरुको बारेमा सचेतना प्रदान गर्नु अति आवश्यक हुने ठानी आ.व. २०८१/८२ मा यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत समुदाय र सरोकारवालाहरूलाई कानूनी सचेतनाका लागी प्रस्तुत कार्यक्रम आयोजना गरिएको हो ।

मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्ने काम कारवाही र यसले मानवअधिकार तथा अन्य सामाजिक न्यायको क्षेत्रमा खेल्ने भूमिका, प्रदेश सरकारले बनाएका र प्रचलनमा आएका कानूनहरुको जानकारी, ग्रामिण समाजमा घरयासी विवाद, छिमेकी सँगको विवाद लगायत अधिकारमा हुने संकुचनलाई न्यायपूर्ण प्रचलनका लागि के गर्ने र कहाँ जाने भन्ने व्यवहारिक, कार्यविधिगत र कानूनी जानकारी ग्रामिण समुदायस्तरमा दिँदा सरोकारवालाहरुले त्यसको लाभ लिन सक्ने साथै निशुल्क कानूनी सहायता जस्ता बिषयमा अभिमुखिकरण भएमा न्याय महँगो हुन्छ भन्ने ग्रामिण समुदाय तहको भ्रमलाई धेर थोर जे जति भएपनि चिर्न सकिन्छ भन्ने उद्देश्यले आयोजित यस कार्यक्रमको महत्व र औचित्य स्पष्ट र सान्दर्भिक रहेको छ । न्याय प्राप्त गर्न पैसा हैन दृढ ईच्छाशक्ति चाहिन्छ, जस्का लागि लोककल्याणकारी राज्यको सरकारले केही कानूनी व्यवस्था गर्नुका साथै सरोकारवालाहरुले यस कार्यमा सहकार्य समेत गरिरहेको छन् भनि सूसूचित गर्न समेत यस कार्यक्रमले टेवा पुर्याउने छ भन्ने अभिप्रायले बार्षिक कार्यक्रम अन्तर्गत यस कार्यक्रम राखिएको हो र यस कार्यक्रमको आयोजना शहरी र सुलभ स्थानमा भन्दा दुर दराजका ग्रामिण क्षेत्रमा गर्दा नै कार्यक्रमको उद्देश्यले सार्थकता प्राप्त गर्ने देखी पाखिबास नगरपालिकाको वडा नं. ६ का नागरिकसम्म मुख्य न्यायाधिवक्ता कार्यालय आईपुगेको हो । प्रस्तुत कार्यक्रममा पाखिवास नगरपालिका वडा नं. ६ का महिला, पुरुष, किशोर किसोरीहरु, नागरिक समाजका व्यक्तित्व, विभिन्न पार्टि प्रतिनिधि, समाजसेवी, शिक्षक, सामाजिक परिचालक, जनप्रतिनिधिहरु समेतको सहभागीता रहेको थियो । वडा नं. ६ का वडा अध्यक्ष देबेन्द्र गुरागाँई ज्यूको प्रमुख आतिथ्यता कार्यक्रम आयोजना भएको थियो ।

२. **कार्यक्रम योजनाको उद्देश्यः-**

प्रस्तुत समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेको थियोः-

- मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तब्य, अधिकार, भुमिका र यस कार्यालयबाट प्रवाह हुने कानूनी सेवा सम्बन्धि जानकारी गराउने,
- समुदायका नागरिकहरुसँग निजहरुको ब्यक्तिगत एवं सामाजिक जीवनका दैनिकी, घर व्यवहारसँग सम्बन्ध राख्ने अति आवश्यक कानूनी प्रावधानहरूको बारेमा जानकारी गराउने,
- पारिवारिक कानून अन्तरगतका कानूनी व्यवस्था र उपचार, आफ्नो नजिकको स्थानीय सरकारबाट पाईने न्यायीक उपचारको व्यवस्था, न्याय प्राप्त गर्न व्यक्ति र समूदायको भूमिकाका विषयहरुमा समुदायलाई प्रशिक्षण गरि गराई न्यायपूर्ण समाजको स्थापनामा जोड दिने,
- समुदायका नागरिकहरुको कानून सम्बन्धी अन्य जिज्ञासाहरुलाई सम्बोधन गर्ने,
- प्रदेश सरकारबाट निर्मित र कार्यान्वयनमा आएका कानूनको बारेमा जानकारी दिने।

३. <u>**कार्यक्रमको प्रारुपः**</u>

यस कार्यक्रमलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण, अनुशिक्षण एवं अन्तर्क्रिया सत्र र समापन सत्र गरी तिन खण्डमा बिभाजन गरिएको थियो। उद्घाटन सत्रको लागी ३० मिनेट, कार्यपत्र प्रस्तुतिकरणको लागी २ घण्टा, प्रश्नोत्तर जिज्ञासा/छलफलको लागी १ घण्टा र समापनको लागी १५ मिनेट गरि कार्यक्रम जम्मा ३ घण्टा ४५ मिनेटमा सम्पन्न गर्ने गरि तय भएकोमा जस अनुसार मिति २०८२ बैशाख २४ गते करिब ११:३० बजे पाख्रिबास नगरपालिकाको वडा नं. ६ को कार्यालयको कार्यक्रम कक्षमा कार्यक्रम विधिवत उद्घाटन भएकोमा करिब १२:०० बजेबाट कार्यक्रमको दोश्रो सत्र कार्यपत्र प्रस्तुतिकरण प्रारम्भ भई १४:१० बजे सम्पन्न भयो । सो पछी झण्डै ४० मिनेटसम्म छलफल तथा अन्तर्क्रिया एवं प्रश्नोत्तर कार्यक्रम संचालन भयो । कार्यक्रमको तेश्रो समापन सत्र १५:०० देखी १५:३० मा औपचारीक रुपले सम्पन्न भईसकेपश्चात सबै सहभागीहरुले खाजा खाएर कार्यक्रमस्थलबाट बिदा हुनुभएको थियो ।

४. **उद्घाटन सत्रको झलकः**

कोशी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूको अध्यक्षतामा साथै पाख्रिबास न.पा. वडा नं. ६ का वडा अध्यक्ष देवेन्द्र गुरागाँईज्यूको प्रमुख आतिथ्यता संचालन भएको उक्त कार्यक्रममा निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, सामाजिक कार्यकर्ता, शिक्षक, विद्यार्थिहरु, नागरिक समाजका प्रतिनिधि, समाजसेवी तथा वडा

नं. ६ का स्थानीय नागरिकहरुको उल्लेख्य उपस्थिति रहेको थियो। आशन ग्रहणको कार्यक्रम लगत्तै राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथिज्यूले ब्यानर पढेर कार्यक्रमको उद्घघाटन गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुलाई प्रारम्भिक स्वागत सहित यस कार्यालयको २०८२ सालको भित्तेपात्रो, डायरी र कलम वितरण गरिएको थियो । कार्यक्रमको संयोजन ब्यवस्थापन सहायक न्यायाधिवक्ता सन्दिप टेलर, मुख्य न्यायाधिवक्ताको स्वकीय सचिव अधिवक्ता दिनेश भट्टराईबाट भएको थियो भने स्टेशनरी वितरण लगायत अन्य प्राविधिक सहयोगको भूमिकामा क.अ. चन्द्र दाहाल, ह.स.चा. संजिब कुमार कटुवाल, राजन चाम्लागाईले गर्नुभएको थियो । कार्यक्रमको संचालन/उद्घोषण सहायक न्यायाधिवक्ता सिमा यादवले गर्नुभएको थियो ।

**क) उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीको स्वागत मन्तब्यः**

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि, राजनैतिक दलका प्रतिनिधिहरु, शिक्षक, नागरिक समाजका ब्यक्तिहरु, किशोर किशोरीहरु, समाजसेवी, सामाजिक कार्यकर्ता, स्थानीय नागरिकहरु सहित उपस्थित सम्पूर्ण सहभागीहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आयोजित प्रस्तुत कार्यक्रमको पृष्ठभूमी, कार्यक्रमको औचित्यता, कार्यक्रम आयोजनाको उद्देश्य, कार्यक्रमस्थल नै छनोटमा पर्नुको कारण समेत माथि प्रकाश पार्नुभएको थियो ।

## ५. कार्यपत्र प्रस्तुतिकरण खण्डः-

क) मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्तीले कार्यालयको काम, कर्तब्य र भुमिका सम्बन्धि र समसामयीक साथै पछिल्लो समयमा समाजमा बढिजसो घट्दै आईरहेका लागु औषध तथा सवारिजन्य कसुर अपराधसँग सम्बन्धित कानूनि व्यवस्थाहरु र कोशी प्रदेश सरकारद्वारा निर्मित र कार्यान्वयनमा आएका कानूनहरुको सम्बन्धमा प्रस्तुतिकरण एवं प्रशिक्षण गर्नुभएको थियो।

नेपालको संविधानको धारा १६० अनुसार सम्बन्धित प्रदेशको कानूनी सल्लाहकारको रुपमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ अनुरुप मुख्य न्यायाधिवक्ताले आफ्नो नियमित कार्य गर्दै आईरहेकोमा ग्रामिण तहमा अझैपनि संघीय सरकार र प्रदेश सरकारले समाजलाई सू-संचालनका लागि बनाएका

कानूनहरुद्वारा प्रदत्त हक अधिकारको बिषयमा समेत अनभिज्ञता प्रकट हुने गरेको पाईने गरेको हुँदा जननिर्वाचित प्रतिनिधिहरुले बनाएको कानूनले नियन्त्रण गर्ने मात्र नभई नागरिकको हक अधिकार र सुविधा समेत सुनिश्चित गरेको हुँदा कानूनका कार्यान्वयन र कानूनको प्रतिफल प्राप्त गर्न नागरिक सचेत हुनै पर्छ, कानूनको अनभिज्ञता क्ष्यम्य नहुने हुँदा कानून जान्न पाउनु नागरिक हक हो भने पालना गर्नु कर्तब्य हो भन्दै नागरिक जति सचेत भयो कानूनको कार्यान्वय त्यति नै सफल र सबल हुन्छ भनी उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्ती ज्यूले प्रशिक्षण गर्नुभएको थियो ।

ख) मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका सहायक न्यायाधिवक्ता श्री सिमा यादवले परिवारसँग सम्बन्ध राख्ने पारिवारिक कानून, विद्युतिय अपराधका प्रकृती एवं कानूनी व्यवस्था सम्बन्धी बिषयमा प्रस्तुतिकरण एवं प्रशिक्षण गर्नुभएको थियो ।

पछील्लो समय नेपालको सबैजसो स्थानमा मोवायल, टेलिफोन एवं ईन्टरनेट समेत पुगिसकेको अवस्थामा अधिकतर मानिसहरु सामाजिक संजालमा कुनै न कुनै रुपले जोडिएको अवस्था हुँदा आफूले प्रयोग गर्ने मोवायलबाट सामाजिक संजाल वा यस्तै अन्य कुनै सामाजिक रुपले पहुँच हुने कुनै सूचनासँग आफ्नो सहमति वा विम्मतिलाई प्रकट गर्दा मेरो निजी बिचार वा मामला भएकोले फरक पर्दैन भन्ने सोचले भावना सार्वजनिक गर्दा यदी उक्त कार्यले कसैको व्यक्तिगत हक, अधिकार, अस्तित्व, आत्मसम्मान वा कुनै रुपले प्रत्यक्ष वा क्षति पुगेमा सो कार्य दण्डनिय हुने हुँदा मेरो सामाजिक सञ्जालमा जे लेख्दा, जे भन्दा पनि हुन्छ भन्ने अवस्था नभएको कुरा प्रष्ट पार्नुभयो । ज्येष्ठ नागरिकका हक अधिकार, पति पत्नी बिचको सम्बन्धका कानूनी आधारहरु जस्ता बिषयहरुको कानूनी आधारहरुमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

ग) सहायक न्यायाधिवक्ता सन्दिप टेलरले न्यायीक समिति र यसका कानूनी व्यवस्थाहरुको बिषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

न्यायीक समिति कानून बमोजिम तोकिएको मुद्दा हेर्ने स्थानीय वासिहरुको सबैभन्दा नजिकको अदालतको रुपमा गठित संघियता ब्यवस्थाबाट सिर्जित सुन्दर र पवित्र निकाय हो भन्दै यसले विवाद निरुपण गर्ने र मेलमिलाप गर्ने मुद्दाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ मा नै स्पष्ट तोकिएको हुँदा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दै स्थानीय नेतृत्वको विकास सँगसँगै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा न्यायिक अभ्यास

समेतलाई संस्थागत गर्ने संवैधानिक एवं कानूनी मनसाय अनुरुप तोकिएका विवादहरुको स्थानिय स्तरमानै समाधान गर्दै आईरहेको हुँदा स्थानीय स्तरका तोकिएका विवादहरु निरुपण गर्न सक्षम र स्वतन्त्र निकायको रुपमा न्यायीक समिति रहेकोले घरयासी एवं कतिपय व्यवहारिक समस्या समाधान गरि न्यायपूर्ण समाज स्थापना गर्न र सर्वसुलभ तथा स्वच्छ र निष्पक्ष न्याय प्राप्त गर्न स्थानीय नागरिकहरुलाई सहज वातावरण प्राप्त भएको र सो कुराको अनूभुति स्थानीय स्तरले प्राप्त गरेकै हुनुपर्ने भनि विश्वास व्यक्त गर्दै सो बिषयमा स्थानीय सबै नागरिक सचेत हुनुपर्ने कुरा औंल्याउनुभयो ।

घ) मा. मुख्य न्यायाधिवक्ताका स्वकीय सचिव, अधिवक्ता दिनेश भट्टराईले कानूनी सहायता एवं न्यायमा पहुँच बिषयमा कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो ।

कानूनी सहायता के हो, यसको महत्व, प्रावधान, यसका सरोकारवालाहरु को-को हुन् र कानूनी सहायता प्राप्तिका आधारहरुका बिषयमा सहभागीहरुलाई स्पष्ट पार्नुभएको थियो । सरकारले कोही कसैले पनि कुनै कारणले न्यायबाट बन्चित हुन नपरोस् भनि राज्यको कल्याणकारी कार्यको रुपमा निशुल्क कानूनी सहायताको समेत व्यवस्था गरेकोले यसलाई न्यायको हक अन्तर्गतको मौलिक हकको रुपमा कार्यान्वयन गर्दै आएको साथै न्याय सम्पादनसँग जोडिएका सबै बिषयवस्तु एवं निकायमा आम नागरिकको सहच पहुँचलाई सुनिश्चित गर्ने कार्यमा टेवा पुग्नेछ भन्ने समेतको उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको हुँदा कानूनी सहायता र न्याँयमा पहुँच नागरिकको हकको बिषय भएकोले राज्य सो प्रति कानून कार्यविधि बनाएरै लागिरहेको र यसको पवित्र उद्देश्य प्राप्तिका लागी स्थानीय नागरिक समेतले चासो र हातेमालो गर्नुपर्नेछ भन्दै प्रशिक्षण गर्नुभयो ।

**६. प्रश्नोत्तर तथा छलफल अन्तर्किया कार्यक्रमः-**

खासगरी ज्येष्ठ नागरिकको हक अधिकारको बिषय, पति पत्नी बिचको सम्बन्धको विवादको बिषय, नागरिकता प्राप्ति सम्बन्धी बिषयलाई सहभागीज्यूहरुले चासोका साथ प्रश्नको रुपमा उठाउनुभएको थियो । पछिल्ला समयमा संघीय सरकार एवं प्रदेश सरकारले बनाएका नयाँ नयाँ कसूरसँग सम्बन्धित कानूनी व्यवस्था एवं सामाजिक संञ्जालको प्रयोग एवम् उपयोगको बिषयलाई समेत चासोका रुपमा प्रश्न उठान गर्नुभएको थियो । सहभागीहरुबाट उठेका प्रश्नहरुको जवाफ कार्यक्रमका अध्यक्ष एवं मा.मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूले दिनुभएको थियो ।

## ७. कार्यक्रम समापनको झलक:-

क) कार्यक्रम समापनको मन्तब्यको क्रममा सहभागीहरुको तर्फबाट बोल्दै **मुना कार्कीले** आफूहरुलाई पारिवारिक तथा व्यवहारिक कानूनको सम्बन्धमा चेतनामूलक कार्यक्रम आयोजना गरेकोमा आयोजक प्रति धन्यवाद व्यक्त गर्दै कानून सँगै अवसर समेत प्रदान हुनुपर्ने साथै कानूनलाई अक्षरस पालना गर्ने गराउँने ईच्छा हुँदाहुँदै पनि कतिपय अवस्थामा बाध्यता तगारो बनेको भाव ब्यक्त गर्नुभयो । सबै कुरा नभएपनि सामाजिक संजालको प्रयोगका कुरा, न्यायीक समितिले विवाद निरुपण गर्ने र मिलापत्र गर्ने सम्बन्धि कुरा, म्याद हदम्याद, नागरिकता प्राप्तीको बिषय, ज्येष्ठ नागरिकको हक अधिकार, निशुल्क कानूनी सहायता, मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने कार्यका विषयमा धेरै कुरा अवगत भएको भन्दै प्रदेश सरकारले बनाउने कानूनमा नागरिकको लागी पर्याप्त अवसर र शिपमूलक बिषय समेत समावेश गर्ने कार्यमा यस कार्यालयले सल्लाह दिओस् भनि मन्तब्य ब्यक्त गर्नुभयो ।

ख) कार्यक्रममा उपस्थित पूर्व गा.बि.स. अध्यक्ष दल बहादुर तामाङले आफ्नो प्रदेशको कानूनको र हालै बनेका नयाँ कानूनमा समेटिएका नयाँ नयाँ बिषयहरुको बारेमा जान्न पाउने यस कार्यक्रमले प्रदेश सरकार आम नागरिकका लागि जिम्मेवार रहेको आभाष भएको साथै पढेर भन्दा पनि सुनेर थाहा पाउने यस पहाडी क्षेत्रमा यस कार्यक्रमले स्थानीय नागरिकमा चेतनाको स्तर थप बृद्धि गर्न मद्दत मिलेको भनि आयोजकलाई धन्यवाद दिनुभयो ।

ग) प्रमुख अतिथि देबेन्द्र गुरागाँईज्यूले मन्तब्य ब्यक्त गर्दै कार्यक्रमको पबित्र उद्देश्यलाई स्थानीय नागरिकले हार्दिकता पूर्वक स्वीकार गरेको हुँदा पहुँचमा भौगोलिक कठिनाईका बाबजुद पनि वडा नं. ६ का स्थानीय नागरिकका लागी प्रस्तुत कार्यक्रम आयोजना गर्नुभएकोमा स्थानीयवासी र पाखिबास नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा पेश भएका ४ वटा कार्यपत्र स्थानीय नागरिकका लागी सान्दर्भिक र आवश्यक रहेको र सामाजिक एवं ब्यवहारिक जीवनमा काम लाग्ने प्रकृतिको रहेकोले यस कार्यक्रम वडा नं. ६ का उपस्थित सहभागी सबैको लागी अवसर रहेको भन्दै आफूहरुले पनि आईन्दा दिनहरुमा यस्ता प्रकृतिका कार्यक्रम आयोजनाको लागी समन्वय सहकार्य गर्ने भन्दै मन्तब्य व्यक्त गर्नुभएको थियो ।

घ) माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूले कानूनको अनभिज्ञता क्ष्यम्य हुँदैन भन्ने न्यायिक सिद्दान्तलाई स्वीकार गर्नुको विकल्प नभएतापनि हाम्रो देशको सामाजिक,

आर्थिक, सांस्कृतिक, शैक्षिक, भौगोलिक परिवेश, सूचना सम्प्रेषण तथा सो को पहुँच समेतका अवस्थाका कारण जनप्रतिनिधिहरुबाट बनेका कानून र त्यसमा भएका व्यवस्था साथै कार्यान्वयनका प्रकृयाको बारेमा आम नागरिक तहमा जानकारी पुर्याउन त्यति नै जरुरी र औचित्यपूर्ण रहेको हुँदा समाजमा मिलेर बस्नु भन्दा उत्तम अरु केही नभएपनी मिलेर बस्नेको नाममा अन्यायलाई मलजल पुग्ने गरी समाज संचालन हुनु हुँदैन र अन्यायपूर्ण संस्कार/ब्यवहार समाजमा विकास हुनु हुँदैन भन्नेतर्फ एक जिम्मेवार नागरिकको कर्तब्यलाई बोध गर्नुपर्ने कुरामा हातेमालो गर्न कार्यक्रमको उद्देश्य प्राप्तिका लागि पाख्रिवास नगरपालिकाको वडा नं. ६ लाई कार्यक्रम स्थलको रुपमा चयन गरेको कुरा स्पष्ट गर्नुभयो । १ दिनको अनुशिक्षणमा सबै कुरा अक्षरस जान्न प्राय सम्भव नहुने भएतापनि घर-परिवार, छर-छिमेक, समाजमा बस्दा ब्यवहारिक सँगै आउने कतिपय कानूनी विवाद वा बिषयको सम्बोधन संघीय संरचनामा स्थानीय वासिहरुको सबैभन्दा नजिकको अदालत न्यायिक समितिबाट हुने बिषय, पारिवारिक सम्बन्धसँग जोडिएका कानूनी बिषय, मुख्य न्यायाधिवक्ता र कार्यालय को बारेमा केही कुरा सिक्न सिकाउन वा बुझ्न बुझाउन सम्भव भएको मा सम्पूर्ण सहभागीज्यूहरुलाई साथै पाख्रिबास न.पा. वडा नं. ६ को कार्यालयलाई हार्दिक धन्यवाद ब्यक्त गर्नुभयो । अन्त्यमा सम्पुर्ण सहभागीहरू पाख्रिबास नगरपालिकाको वडा नं. ६ कार्यालय परिवारलाई बिशेष धन्यवाद दिदैं मिति २०८२ बैशाख २४ गते १५:३० बजे कार्यक्रम औपचारिक रुपले समापन गर्नु भएको थियो। कार्यक्रम समापन पश्चात सम्पुर्ण सहभागीहरू खाजा खाई कार्यक्रम स्थलबाट बिदा भएका थिए ।

## ८. कार्यक्रमको उपलब्धिहरु :-

प्रस्तुत कार्यक्रमबाट निम्न उपलब्धिहरु हाँसिल भएको अनूभूति गरिएको छ-

- सहभागीहरुको सक्रिय सहभागीताबाट प्रस्तुत कार्यक्रमले सहभागीहरुमा पारिवारिक कानून तथा हालका नविनतम कानूनी व्यवस्थाको सम्बन्धमा केही ज्ञान हाँसिल भएको छ ।
- न्यायीक समितिले विवाद निरुपण गर्ने र मिलापत्र गर्ने गरि तोकिएका मुद्दाहरुको बारेमा साथै प्रकृया, म्याद, हदम्यादको सम्बन्धमा जानकारी हाँसिल भएको छ ।
- निशुल्क कानूनी सहायताको सम्बन्धमा जानकारी प्राप्त भएको छ ।

- मुख्य न्यायाधिवक्ताको कार्यालयको पहिचान र काम कर्तब्यमा जानकारी प्राप्त भएको छ ।
- कानूनले नियन्त्रण मात्रै हैन हक अधिकार पनि प्रदान गर्ने हुँदा सो को खोजी गर्नुपर्छ भन्ने जानकारी सम्प्रेषण भएको छ ।
- विद्युतिय अपराध, सामाजिक संजालको प्रयोगमा सजगताको बिषयमा जानकारी प्राप्त भएको छ ।
- कानून जान्दिन भन्न नपाईने हुँदा कानूनको स्वतः जानकारी राख्नु नागरिकको कर्तब्य हुने कुरामा सचेतता प्रदान भएको छ ।

**२.४.९ लिखित जवाफ र कानूनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रमः**

कार्यक्रम सञ्चालन भएको स्थान: जिल्ला समन्वय समितिको सभाहल फिदिम, पाँचथर

कार्यक्रम सञ्चालन भएको मिति: २०८२।०२।०९

कार्यक्रम अध्यक्षताः मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका माननीय मुख्य न्यायाधीवक्ता श्री नारायण वस्ती

कार्यक्रमको प्रमुख अतिथिः माननीय न्यायाधिश श्री कुमार मास्के, पाचँथर जिल्ला अदालत

कार्यपत्र प्रस्तोता: माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्ती

कार्यक्रम सञ्चालकः स्वकिय सचिव श्री दिनेश भट्टराई

कार्यक्रममा उपस्थिती संख्याः ७२ जना

आयोजक संस्था: मुख्य न्यायाधिवक्ताको कार्यालय, कोशी प्रदेश

१. कार्यक्रमको पृष्ठभूमि

मुद्दा मामिलामा विपक्षी बनाईएको कार्यालयले फिराउने लिखित जवाफ तथा कानूनी अढचनमा कानुनी राय माग गरी कानून बमोजिमका कार्य गर्न कोशी प्रदेशका प्रादेशिक कार्यालय र निकायहरूका लागि अत्यन्त महत्वपूर्ण पक्ष हो। कानुनी प्रक्रिया पारदर्शी, समयमै र गुणस्तरीय बनाउनका लागि यस प्रकारको क्षमता अभिवृद्धि अपरिहार्य छ। यसै सन्दर्भमा, मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको आयोजनामा मिति २०८२।०२।०९ मा "**लिखित जवाफ र कानुनी राय सम्बन्धी अनुशिक्षण एवं अन्तरक्रिया कार्यक्रम**" आयोजना गरिएको हो।

२. कार्यक्रमको उद्देश्य

- सहभागीहरूलाई लिखित जवाफ तयार गर्ने विधि र ढाँचा सम्बन्धी जानकारी गराउने।
- कानुनी राय बारे जानकारी, कानूनी राय दिने क्रममा अपनाउनुपर्ने प्रक्रिया, विधि र व्यावहारिक पक्षहरूबारे जानकारी आदानप्रदान गर्ने।
- अनुभव साटासाट गर्ने र व्यावसायिक दक्षता वृद्धि गर्ने।

३. सहभागीहरू

उक्त कार्यक्रममा माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूको अध्यक्षतामा प्रमुख अतिथीका रुपमा पाचँथर जिल्ला अदालतका माननीय न्यायाधीश श्री कुमार मास्के, अतिथी जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री सिताराम राउत, जिल्ला अदातलका श्रेस्तेदार श्री विष्णु प्रसाद खतिवडा, जिल्ला प्रहरी कार्यालय पाचँथरका प्रहरी नायव उपरिक्षक श्री कौशल कुमार बुढाथोकी, जिल्ला बार ईकाइ पाचँथरका अध्यक्ष श्री सन्त कुमार राई, बार ईकाइ पाचँथरका पदाधिकारी एवं कोशी प्रदेश अन्तर्गत ताप्लेजुङ्ग, पाचँथर, ईलाम र झापा जिल्लाका प्रदेशिक कार्यालयका कार्यालय प्रमुख, शाखा प्रमुख तथा कानूनी विषय हेर्ने कर्मचारी र अन्य कर्मचारीहरु गरी कुल ७२ जना सहभागी भएका थिए।

४. प्रमुख विषयवस्तुहरू

कार्यक्रममा निम्न विषयहरूमा प्रस्तुति तथा अन्तरक्रिया गरिएको थियो:

- लिखित जवाफको संरचना र तयारी विधि
- लिखित जवाफ लेख्दा ध्यान दिनुपर्ने विषय र लिखित जवाफमा समावेश गर्नु पर्ने कुराहरु
- कानुनी राय माग गर्ने तरिका, माग गर्ने रित र प्रकृया तथा कानूनी राय तयार गर्दा विचार गर्नुपर्ने विधि तथा तथ्यगत पक्ष
- लिखित जवाफ, प्रतिउत्तरपत्र र कानूनी रायका सम्बन्धमा व्यवहारिक रुपमा देखिएका समस्या र समाधानका उपाय
- प्रदेशमा भएका विभिन्न किसिमका लिखित जवाफ, अदालतका आदेश तथा फैसला तथा कानूनी रायका दृष्टान्तहरूमा आधारित विश्लेषण

५. स्रोत व्यक्ति/प्रशिक्षक

कार्यक्रममा माननीय मुख्य न्यायाधविक्ताज्यू तथा उप-न्यायाधिवक्ताज्यूले प्रशिक्षण दिनु भएको थियो ।

६. अन्तरक्रिया र छलफल

सहभागीहरूले व्यवहारमा देखिएका समस्याहरू र व्यक्तिगत अनुभवहरू प्रस्तुत गर्दै अन्तरक्रिया गरेका थिए। सवाल-जवाफ सत्रमा विविध कानुनी चुनौतीहरूबारे सार्थक छलफल भएको थियो।

७. निष्कर्ष तथा सिफारिस

कार्यक्रम सफल र उद्देश्यअनुकूल भएको सहभागीहरूको प्रतिक्रियाबाट पुष्टि भएको छ। आगामी दिनमा यस्ता कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्नु उपयुक्त हुनेछ। सिफारिसहरू:

- विषयगत गहिराइमा पुग्ने दीर्घकालीन प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने।
- लिखित जवाफ तथा कानुनी रायका नमुना संकलन गरी साझा स्रोत (repository) निर्माण गर्ने।
- क्षेत्रीय तहसम्म यस्ता कार्यक्रम विस्तार गर्ने।

## २.४.१०.१ समुदायमा मुख्य न्यायाधिवक्ता कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रमः

### १. पृष्ठभूमी

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, निष्पक्ष र सक्षम न्यायपालिका साथै कानूनी राज्यको परिकल्पना गरी संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ बमोजिम कामकाज गर्दै आएकोमा समुदाय र सरोकारवालाहरूको कानूनी जनचेतनाको लागी खोटांग जिल्लाको हलेसी तुवाचुंग नगरपालिकामा प्रस्तुत कार्यक्रम आयोजना गरिएको हो ।

यस कार्यक्रमको मूल औचित्य एवं उद्देश्य मुख्य न्यायाधिवक्ता एवं मुख्य न्यायाधिवक्ताको कार्यालयसँग प्रत्यक्ष एवं परोक्ष रुपले सम्बन्धित छ ।प्रस्तुत कार्यक्रममा मुख्य न्यायाधिवक्ता कार्यालयको माननीय मुख्य न्यायाधिवक्ता, उप-न्यायाधिवक्ता र सहायक न्यायाधिवक्ता ज्युहरूको कार्यपत्र प्रस्तुतिकरण रहेकोमा कार्यक्रममा

मुख्य न्यायाधिवक्ता कार्यालयको १ जना मुख्य न्यायाधिवक्ता, १ जना उप-न्यायाधिवक्ता, १ जना सहायक न्यायाधिवक्ता, १ जना स्वकिय सविव, स. क. अ. १ जना, हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको उप-प्रमुख र अन्य सहभागीहरु गरी जम्मा ७३ जनाको उपस्थिति रहेको थियो ।

२. **कार्यक्रम आयोजनाको उद्देश्यः-**

यस समुदायमा मुख्य न्यायाधिवक्ता (कानूनी सचेतना तथा अभिमुखिकरण) कार्यक्रमको निम्न उद्देश्यहरु रहेको थियो:

- मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तब्य, अधिकार, भुमिका र यस कार्यलयबाट प्रवाह हुने कानूनी सेवा सम्बन्धि जानकारी गराउने,
- समुदायका सहभागीहरूलाई अति आवश्यक कानूनी प्रावधानहरूको बारेमा जनचेतना जगाउने,
- **बढदो साईबर सम्बन्धि कसुर , अनलाईन ठगी सम्बन्धि कसुर, परिवारिक विवादका बिषयहरू, न्यायमा पहुँच र कानूनी सहायता सम्बन्धी बिषयमा** समुदायलाई जागरूक बनाई सम्बन्धित कसुरहरुको न्युनीकरणमा टेवा पुर्याउने।
- समुदायका सहभागीहरूको कानून र मुद्दाका प्रकृया सम्बन्धी अन्य जिज्ञासाहरू मेटने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयलाई समुदायमा चिरपरिचित गराउने तथा चिनाउने ।

३. **कार्यक्रमको प्रारुपः**

यस कार्यक्रमलाई उद्धाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण एवं छलफल सत्र र समापन सत्र गरी तिन खण्डमा बिभाजन गरिएको थियो ।

४. **उद्धाटन सत्रको झलक**

राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथि हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको उप-प्रमुखले ब्यानर पढेर कार्यक्रमको उद्धघाटन गर्नुभएको थियो ।कार्यक्रममा सहभागीहरुलाई डायरी र कलम वितरण गरिएको थियो ।

**क) मुख्य न्यायाधिवक्ता कार्यालयको उप- न्यायाधिवक्ता श्री पदम प्रसाद वस्ती ज्युको कार्यक्रमको उद्धेश्य, कार्यालयको भुमिका र प्रदेशका कानूनको जानकारी सहितको स्वागत मन्तब्य**

नेपालको संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ रहेको र यस कार्यक्रमको प्रमुख उद्देश्य मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तब्य, अधिकार, भुमिका र यस कार्यालयबाट प्रवाह हुने कानूनी सेवा सम्बन्धि जानकारी गराउने रहेको प्रष्ट पार्नु भएको थियो। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक तथा कानूनी बिषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तब्य हुने, मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य, अधिकार तथा सेवाका अन्य शर्तहरू प्रदेश कानून बमोजिम हुने, मुख्य न्यायाधिवक्ताको कार्यालयको कर्मचारी ब्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने, प्रदेश सरकार वा मातहत कार्यालय उपर दायर भएका तथा प्रदेश सरकार वा मातहत  कार्यालयले दायर गरेका मुद्दा मामिलामा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा प्रतिरक्षा गर्ने, प्रदेश सरकार सम्बन्धित फैसलाको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गर्ने, प्रदेश सरकार वा मातहतका निकायबाट कानुनी राय माग भएमा कानूनी राय दिने जस्ता कार्यहरू मुख्य न्यायाधिवक्ताको कार्यालयको  प्रमुख कार्य रहेको र कोशी प्रदेश सरकारले हालसम्म ५० भन्दा बढी कानूनहरू बनाई सकेको, अन्य आवश्यक कानूनहरू बन्ने प्रकृयामा रहेको भनी उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्ती ज्यूले भन्नुभएको थियो ।

## ५. कार्यपत्र प्रस्तुतीकरण एवं छलफल खण्डः-

- **सहायक न्यायाधिवक्ता सिमा यादव ज्यूको परिवारिक विवादका बिषयहरू र नविनतम फौजदारी अपराधहरू सम्बन्धी कार्यपत्रः**

देवानी र फौजदारी मुद्दाको तात्विक फरकको बारेमा बताउदैं हाल सम्बन्ध बिच्छेदका मुद्दाहरू वर्षैनी ह्वात्तै बढिरहेको अवस्था प्रकाश पार्नुभयो। सम्बन्ध बिच्छेद बढनुका बिभिन्न कारणहरू हुन सक्छ र पतिपत्निले एकअर्कासँग सम्बन्ध बिच्छेद

गर्नका लागि पति पत्निले एकअर्का लाई थाहा जानकारी नदिई मन्जुरी नलिई लगातार ३ वर्ष वा सो भन्दा बढी छुट्टै बसेको, पतिपत्निले एकअर्कालाई हेरचाह नगरी खानलाउन नदिई घर निकाला गरेमा, एकअर्काको अङ्गभंग हुने, शारिरीक मानसिक क्षति पुर्याउने षडयन्त्र गरेमा, पति वा पत्निले अरूसँग शारिरीक सम्बन्ध राखेमा साथै पत्निलाई पतिले जबरजस्ति करणी गरेको ठहरेमा र पतिले अर्को बिहे गरेमा पत्निले पतिसँग समबन्ध बिच्छेद गर्न सक्नेछ। ज्येष्ठ नागरिकलाई निजको परिवारले ईज्जत आमदका साथ खान लाउन नदिएमा निजले साथै निजको नजिकको मान्छेले वडामा उजुरी दिन मिल्छ र न्यायिक समितिले ज्येष्ठ नागरिकको परिवारलाई लिखित निर्देशन दिन सक्ने साथै निर्देशन नमाने स्थानिय निकायबाट कुनै सिफारिस नदिई कारवाही समेत गर्न सक्ने प्रवधान रहेको साथै अंशवण्डा हुँदा सबै अंशियारहरु बिचमा बराबर बाँडफाड हुने ब्यबस्था रहेको, ब्यक्तिको मृत्युपछि निजको सम्पति सर्वप्रथम नजिकको हकवालाले पाउने भनी कानूनी ब्यबस्था रहेको भनी बताउनुभयो। नेपालको संविधानमा साथै नागरिकता ऐनमा नागरिक्ता सम्बन्धि प्रोग्रेसिभ कानूनी प्रावधानको ब्यबस्था रहेतापनि अभ्यासमा कानूनी ब्यबस्थाको सन्तोषजनक कार्यान्वयन नभई लाखौं नागरिक नागरिकताबिहिन रहेको र बुवाको ठेगान नभएका सन्तानले समेत आमाको नामबाट नागरिकता पाउने कानूनि प्रावधान हुँदाहुँदै नागरिकता नपाएको अवस्था रहेको भनी बताउनु भयो।

साईबर बिउरोको अनुसार आर्थिक वर्ष ०७९।०८० मा १०१५, ०८०।०८१ मा ४१३३ र ०८१।०८२ को माघ मसान्त सम्म जम्मा ४९४८ वटा अनलाईन ठगीका मुद्दा साईबर बिउरोमा दर्ता भएको देखिएको र पिडितहरूको अनुसार बिभिन्न अनलाईन माध्यमहरूबाट अन्दाजि ७४ करोड जतिको ठगी भएको भनी बताउनु भयो। साईबर कसुरको परिभाषा र कसुरको तरिका (modus operandi) को बारेमा प्रष्ट पार्दे नेपालमा साईबर सम्बन्धि प्रष्ट कानूनी ब्यबस्था नरहेको र हाल सम्म साईबर सम्बन्धि अपराधहरू बिधुतीय कारोबार सम्बन्धि ऐन २०६३ ले हेर्दै आएको र साईबर सम्बन्धि निति २०८१, एआई निति २०८१ बिचाराधिन रहेको भनी बताउनु भएको थियो। साईबर सम्बन्धि अपराध साथै अनलाईन ठगीबाट बच्न आफनो पासवर्ड गोप्य राखे, ८ डिजिटको नम्बर, अक्षर र संकेत सहितको प्रभावकारी पासवर्ड चयन गर्ने, डबल अथेन्टिकेसन सेक्यिरिटिको प्रयोग गर्ने लगायतका सावधानी अपनाउने भनी प्रष्ट पार्नुभएको थियो।

○ **स्वकिय सचिव अधिवक्ता दिनेश भट्टराई ज्युको न्यायमा पहुँच र कानूनी सहायता सम्बन्धि कार्यपत्र**

न्यायमा पहुँच भन्नाले व्यक्तिहरूलाई कानूनी प्रक्रियामा प्रवेश गर्ने, न्यायको लागि माग गर्ने, र आफ्नो अधिकारहरूको सुरक्षा गर्न सक्षम हुने अधिकारलाई जनाउँछ। यस अवधारणाले स्थानीय र वैश्विक स्तरमा महत्त्वपूर्ण भूमिका खेल्दछ, किनभने यो मानव अधिकार र लोकतन्त्रको आधारको रूपमा मानिन्छ । न्यायमा पहुँच कानूनी सहायता सेवा, समुदायिक समर्थन, अनलाईन कानूनी प्लेटफर्म र बैकल्पिक बिवाद समाधानबाट प्राप्त गर्न सकिन्छ । कानूनी सहायता ऐन, २०५४ का अनुसार कानूनी सहायता असमर्थ व्यक्तिहरुलाई दिने कानूनी राय सल्लाह सम्झनु पर्दछ र सो शब्दले त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतमा वहस पैरवी लेखापढि तथा कानूनी कारवाहिका सम्बन्धमा गरिने अन्य सेवालाई पनि सम्झनु पर्दछ । नेपालमा कानूनी सहायता वैतनिक कानून व्यवसायी (वकिल), कानूनी सहायता समितिले साथै वडाको सिफारिसमा वार्षिक रु.४०,०००।— भन्दा कम आय भएको,लैङ्गिक हिंसामा परेको, शसस्त्र द्धन्दबाट पिडित व्यक्तिले सप्रमाण निवेदन दिई समितिको निर्णयले पाउने ब्यबस्था रहेको भनी बताउनु भयो ।

६। **समापन कार्यक्रमः**

क) **खोटाङ जिल्ला बार ईकाइका सचिव अधिवक्ता ओमप्रकाश घिमिरेको टिप्पणिसहितको मन्तब्य**

समुदायमा मुख्य न्यायाधिवक्ता (कानूनी सचेतना तथा अभिमुखिकरण) कार्यक्रम एकदमै जानकारीमूलक र फलदायि रहेको भन्दै आगामि दिनहरूमा समेत यस्तो जानकारी मुलक कानूनी सचेतना कार्यक्रम हलेसी तुवाचुङ नगरपालिकामा गराई दिन अनुरोध गर्नुभयो।अधिवक्ता ज्युले बुवाको ठेगान नभएको सन्तानको लागि आमाको नामबाट नागरिकता दिलाउन आफूपनि बहस पैरबि गरेको र लगभग १० बटा नागरिक्ताको मुद्दा बहस पैरविमा आफू संलग्न रहेको बताउनुभयो।आफूले समयसमयमा प्रोबोनो कानूनि सहायता समेत दिदै आएको र समुदायको आर्थिक अवस्था कमजोर रहेको पिडितहरूका लागि निःशुल्क कानूनी सहायताका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरिदिनु हुँन सहभागी वडाका प्रतिनिधिहरूलाई अनुरोध समेत गर्नुभयो।न्यायमा पहुँच र कानूनी सहायता साथै कानूनी साक्षरता बिधिको शासनका लागि अपरिहार्य रहेको भनी न्यायमा पहुँच र कानूनी सहायताका

लागि सम्पुर्ण सरोकारवाला निकायहरूले आ-आफनो तह र तप्काबाट सक्दो प्रयास गर्नुपर्ने भनी भन्नुभएको थियो।

**ख) जिल्ला सरकारी वकिल कार्यलय खोटाङका सहायक जिल्ला न्यायाधिवक्ता श्री मनिषबाबु पोखरेलको मन्तब्य**

समुदायमा मुख्य न्यायाधिवक्ता (कानूनी सचेतना तथा अभिमुखिकरण) कार्यक्रम एकदमै जानकारीमूलक, फलदायि र समयसापेक्ष रहेको भन्दै आगामि दिनहरूमा समेत यस्तो जानकारी मुलक कानूनी सचेतना कार्यक्रम आवश्यक रहेको भनी भन्नुभयो। जिल्ला सरकारी वकिल कार्यालय खोटाङले समेत समयसमयमा सरकारी वकिल र फौजदारी अपराधहरूको बारेमा कानूनी सचेतना तथा अभिमुखिकरण कार्यक्रम गराउँदै आएको भनी जानकारी गराउँदै समुदायमा भएका अपराधहरुको उजुरी प्रहरीमा दिई पिडितलाई न्याय दिलाउन र पिडितको समाजमा पुनः स्थापनाका लागि घटनाको सत्यतथ्य सरकारी साक्षिको रुपमा घटनाविवरण कागजमा लेखाइदिनुहुन सहभागीहरूलाई अनुरोध समेत गर्नु भएको थियो।

**ग) सहभागीको रुपमा हलेसी तुवाचुङ नगरपालिका,वडा नं ५ को वडा सदस्य गमिता राई ज्यूको मन्तब्य**

समुदायमा मुख्य न्यायाधिवक्ता (कानूनी सचेतना तथा अभिमुखिकरण) कार्यक्रम एकदमै जानकारीमूलक, फलदायि र समयसापेक्ष रहेको भन्दै आगामि दिनहरूमा समेत यस्तो जानकारी मुलक कानूनी सचेतना कार्यक्रम हलेसी तुवाचुङ नगरपालिकामा गराईदिनुहुन आग्रह गर्नुभयो। नागरिकता पिडितहरुले आमाको नामबाट कानून बमोजिम नागरिकता पाउनुपर्छ भन्दै महिलाहरूले पनि कानूनको दुरुपयोग गर्नुहुदैन भनेर भन्नुभयो। महिलाहरू मात्रै नभई पुरुषहरू पनि घरेलु हिंसामा पर्नसक्ने तथ्यमा जोडदिदैं आफू अनलाईन ठगिको बारेमा सचेत रहि समुदायमा आमासमूहमार्फत कानूनी सचेतना फैलाउदै आएको बताउनुभयो।

**घ) सहभागीको रुपमा हलेसी तुवाचुङ नगरपालिका,वडा नं ६ को अध्यक्ष गहत राई ज्युको मन्तब्य**

समुदायमा मुख्य न्यायाधिवक्ता (कानूनी सचेतना तथा अभिमुखिकरण) कार्यक्रम एकदमै जानकारीमूलक र फलदायि रहेको भन्दै आगामि दिनहरूमा समेत यस्तो जानकारी मुलक कानूनी सचेतना कार्यक्रम हलेसी तुवाचुङ नगरपालिकामा गराईदिनुहुन आग्रह गर्नुभयो साथै मुख्य न्यायाधिवक्तो कार्यलय, तुवाचुङ

नगरपालिकाको कार्यलयप्रति आभार प्रकट समेत गर्नुभयो। आफूले कानून बमोजिम स्थानिय निकायको जनप्रतिनिधिको रुपमा कामकाज गर्दै समुदायलाई सेवा पुर्याउदै आएकोमा समुदायमा नागरिक्ता सम्बन्धि सम्स्या जटिल रहेको र सम्स्याको न्युनिकरणको लागि यथासक्य प्रयास गर्दै आएको बताउनुभयो साथै समुदायिक सम्स्याहरूको न्युनिकरणको लागि सम्पुर्ण सरोकारवालाहरू बिचको सम्न्वय जरुरी रहेको भनी बताउनु भयो।

**ङ) <u>हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको उप-प्रमुख श्री रमेश कुमार राउत ज्युको समापन मन्तब्य</u>**

समुदायमा मुख्य न्यायाधिवक्ता (कानूनी सचेतना तथा अभिमुखिकरण) कार्यक्रम एकदमै जानकारीमूलक र फलदायि र समयसापेक्ष रहेको भन्दै आगामि दिनहरूमा समेत यस्तो जानकारी मुलक कानूनी सचेतना कार्यक्रम हलेसी तुवाचुङ नगरपालिकामा गराईदिनुहुन आग्रह गर्नुभयो साथै मुख्य न्यायाधिवक्तो कार्यलयप्रति आभार प्रकट समेत गर्नुभयो। कानूनी सचेतना कार्यक्रमको महत्वको बारेमा प्रकाश पार्दै कानूनी सचेतना दैनिक जिवनलाई सरल र अर्थपुर्ण बनाउन अपरिहार्य रहेकोमा जोड दिनुभयो। कानूनी सचेतना बढाई अदालतको बिकल्पको रूपमा **Alternative Dispute Resolution (ADR)** को प्रयोग गर्नु अहिलेको समयको माग रहेको भनी बताउनुभयो। अदालतमा मुद्दाको चाप बढी रहेकोले मेलमिलापको माध्यमबाट सक्दो विवादहरू स्थानिय तहमै मिलाउन सके समय, जनशक्ति, लगानि सबैको बचत हुने र पक्षहरूको सम्बन्ध समेत नबिग्रिने भन्ने तथ्यमा जोड दिनुभयो र सम्पुर्ण सहभागीलाई कार्यक्रममा सिकेको कुराहरू समुदायमा अभ्यासमा ल्याउन आग्रह समेत गर्नुभयो।

**च) <u>माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्ती ज्यूद्वारा कार्यक्रमको समापन मन्तब्य</u>**

मुख्य न्यायाधिवक्ताज्यूले न्यायमा पहुँच र कानूनी सहायताको आवश्यकता र उदेश्यको बारेमा जानकारी गराई कानूनी सहायताको अभयासको बारेमा प्रष्ट पार्नु भएको थियो। प्रदेशको कानूनहरूको बारेमा छोटकरीमा बताउनुभयो। परिवारिक विवादहरूको संयमतापूर्वक समाधान गर्नुपर्ने साथै अहिलेको समयमा साईबर समबन्धि अपराधहरू र अनलाईन ठगीको बारेमा सचेत रहनुपर्ने, संचार माध्यमको प्रयोग बिवेकपुर्ण तवरले गर्नुपर्ने भनी बताउनुभयो। कानुनी सहायता कानून बमोजिम वैतनिक वकिल, प्रोबोनो सेवा र कानूनी सहायता समितिबाट पाउन सकिने भनी जानकारी

गराई सहभागीहरूको न्यायमा पहुँच र कानूनी सहायताको अधिकार सम्बन्धमा सजग गराउदै सम्पुर्ण सहभागीहरू र हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यलय परिवारलाई बिशेष धन्यवाद दिदैं मिति २०८२ जेठ २१ गते १५:३० बजे कार्यक्रमको समापन गर्नु भएको थियो। कार्यक्रम समापन पश्चात सम्पुर्ण सहभागीहरू खाजा खाई कार्यक्रम स्थलबाट बिदा भएका थिए।

## २.४.१०.२ समुदायमा मुख्य न्यायाधिवक्ता कानूनी सचेतना तथा अभिमुखीकरण कार्यक्रमः

### १. पृष्ठभूमी

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार, आधारभूत मानव अधिकार, निष्पक्ष र सक्षम न्यायपालिका साथै कानूनी राज्यको परिकल्पना गरी संविधानको धारा १६० ले महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ बमोजिम कामकाज गर्दै आएकोमा कोशी प्रदेशका दुरदराजमा बसोबास गर्ने समुदायका नागरिकहरुलाई आफूले चुनेर पठाएका प्रतिनिधिहरुले आफूहरुका लागि बनाएका कानूनको बारेमा जानकारी प्राप्त गर्नुपनि सूसूचित हुन पाउने हककै रुपमा रहेको यथार्थतालाई सार्थक तुल्याउन समाजमा बढीजसो उठ्ने विवाद र तिनका कानूनी व्यवस्था, न्याय निरुपणका लागि गठीत निकाय र कार्यक्षेत्र, सर्वसुलभ न्याय प्राप्तिका आयामहरुको बारेमा सचेतना प्रदान गर्नु अति आवश्यक हुने ठानी आ.व. २०८१/८२ मा यस कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत समुदाय र सरोकारवालाहरूलाई कानूनी सचेतनाका लागी प्रस्तुत कार्यक्रम आयोजना गरिएको हो।

मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्ने काम कारवाही र यसले मानवअधिकार तथा अन्य सामाजिक न्यायको क्षेत्रमा खेल्ने भूमिका, प्रदेश सरकारले बनाएका र प्रचलनमा आएका कानूनहरुको जानकारी, ग्रामिण समाजमा घरयासी विवाद, छिमेकी सँगको विवाद लगायत अधिकारमा हुने संकुचनलाई न्यायपूर्ण प्रचलनका लागि के गर्ने र कहाँ जाने भन्ने व्यवहारिक, कार्यविधिगत र कानूनी जानकारी ग्रामिण समुदायस्तरमा दिंदा सरोकारवालाहरुले त्यसको लाभ लिन सक्ने साथै निशुल्क कानूनी सहायता जस्ता बिषयमा अभिमुखिकरण भएमा न्याय महँगो हुन्छ भन्ने ग्रामिण समुदाय तहको भ्रमलाई धेर थोर जे जति भएपनि चिर्न सकिन्छ भन्ने उद्देश्यले आयोजित यस कार्यक्रमको महत्व र औचित्य स्पष्ट र सान्दर्भिक रहेको छ । न्याय प्राप्त गर्न पैसा हैन दृढ ईच्छाशक्ति चाहिन्छ, जस्का लागि लोककल्याणकारी राज्यको सरकारले केही कानूनी व्यवस्था गर्नुका साथै सरोकारवालाहरुले यस कार्यमा सहकार्य समेत गरिरहेको

छन् भनि सूसूचित गर्न समेत यस कार्यक्रमले टेवा पुर्याउने छ भन्ने अभिप्रायले बार्षिक कार्यक्रम अन्तर्गत यस कार्यक्रम राखिएको हो र यस कार्यक्रमको आयोजना शहरी र सुलभ स्थानमा भन्दा दुर दराजका ग्रामिण क्षेत्रमा गर्दा नै कार्यक्रमको उद्देश्यले सार्थकता प्राप्त गर्ने देखी म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमसम्म मुख्य न्यायाधिवक्ता कार्यालय आईपुगेको हो । प्रस्तुत कार्यक्रममा म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमका विभिन्न संकायमा स्नातक गर्दै गरेका विद्यार्थी, प्राध्यापक, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता एवं कर्मचारी लगायत नागरिक समाजका व्यक्तित्व समेत गरि जम्मा ५४ जनाको सहभागीता रहेको थियो । उक्त क्याम्पसका क्याम्पस प्रमुख श्री प्रकाश ढुंगानाज्यूको प्रमुख आतिथ्यता कार्यक्रम आयोजना भएको थियो ।

## २. कार्यक्रम योजनाको उद्देश्यः-

प्रस्तुत समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेको थियोः-

- मुख्य न्यायाधिवक्ता कार्यालयको काम, कर्तब्य, अधिकार, भुमिका र यस कार्यालयबाट प्रवाह हुने कानूनी सेवा सम्बन्धि जानकारी गराउने,
- समुदायका नागरिकहरुसँग निजहरुको ब्यक्तिगत एवं सामाजिक जीवनका दैनिकी, घर व्यवहारसँग सम्बन्ध राख्ने अति आवश्यक कानूनी प्रावधानहरूको बारेमा जानकारी गराउने,
- पारिवारिक कानून अन्तरगतका कानूनी व्यवस्था र उपचार, आफ्नो नजिकको स्थानीय सरकारबाट पाईने न्यायीक उपचारको व्यवस्था, न्याय प्राप्त गर्न व्यक्ति र समूदायको भूमिकाका विषयहरुमा समुदायलाई प्रशिक्षण गरि गराई न्यायपूर्ण समाजको स्थापनामा जोड दिने,
- समुदायका नागरिकहरुको कानून सम्बन्धी अन्य जिज्ञासाहरुलाई सम्बोधन गर्ने,
- प्रदेश सरकारबाट निर्मित र कार्यान्वयनमा आएका कानूनको बारेमा जानकारी दिने।

## ३. कार्यक्रमको प्रारुपः

यस कार्यक्रमलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुतिकरण, अनुशिक्षण एवं अन्तर्क्रिया सत्र र समापन सत्र गरी तिन खण्डमा बिभाजन गरिएको थियो। उद्घाटन सत्रको लागी ३० मिनेट, कार्यपत्र प्रस्तुतिकरणको लागी २ घण्टा, प्रश्नोत्तर जिज्ञासा/छलफलको लागी १ घण्टा

र समापनको लागी १५ मिनेट गरि कार्यक्रम जम्मा ३ घण्टा ४५ मिनेटमा सम्पन्न गर्ने गरि तय भएकोमा जस अनुसार मिति २०८२ जेष्ठ २४ गते बिहानको करिब ७:४० बजे म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमको सभाहलमा कार्यक्रम विधिवत उद्घाटन भएकोमा करिब ८:१० बजेबाट कार्यक्रमको दोश्रो सत्र कार्यपत्र प्रस्तुतिकरण प्रारम्भ भई १०:२२ बजे सम्पन्न भयो । सो पछी झण्डै २० मिनेटसम्म छलफल तथा अन्तर्क्रिया एवं प्रश्नोत्तर कार्यक्रम संचालन भयो । कार्यक्रमको तेश्रो समापन सत्र १०:४५ देखी ११:३० मा  औपचारीक रुपले सम्पन्न भईसकेपश्चात सबै सहभागीहरुले खाजा खाएर कार्यक्रमस्थलबाट बिदा हुनुभएको थियो ।

## ४. उद्घाटन सत्रको झलकः

कोशी प्रदेशका माननीय मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूको अध्यक्षतामा साथै म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमका क्याम्पस प्रमुख श्री प्रकाश ढुंगानाको प्रमुख आतिथ्यता संचालन भएको उक्त कार्यक्रममा म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमका विभिन्न संकायमा स्नातक गर्दै गरेका विद्यार्थी, प्राध्यापक, अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता, एवं कर्मचारी लगायत नागरिक समाजका व्यक्तित्व समेतको उल्लेख्य उपस्थिति रहेको थियो । आशन ग्रहणको कार्यक्रम लगत्तै राष्ट्रको सम्मान र मर्यादाका लागी नेपालको राष्ट्रिय गान प्रसारण पश्चात प्रमुख अतिथिज्यूले ब्यानर पढेर कार्यक्रमको उद्घघाटन उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरुलाई प्रारम्भिक स्वागत सहित यस कार्यालयको २०८२ सालको भित्तेपात्रो, डायरी र कलम वितरण गरिएको थियो । कार्यक्रमको संयोजन ब्यवस्थापन सहायक न्यायाधिवक्ता सिमा यादव, मुख्य न्यायाधिवक्ताको स्वकीय सचिव अधिवक्ता दिनेश भट्टराईबाट भएको थियो भने स्टेशनरी वितरण लगायत अन्य प्राविधिक सहयोगको भूमिकामा क.अ. चन्द्र दाहाल, ह.स.चा.राजन चाम्लागाईले गर्नुभएको थियो । कार्यक्रमको संचालन/उद्घोषण सहायक न्यायाधिवक्ता सिमा यादवले गर्नुभएको थियो ।

### क) उप-न्यायाधिवक्ता पदम प्रसाद वस्तीको स्वागत मन्तब्यः

कार्यक्रममा पाल्नु भएका प्रमुख अतिथि, म्याङलुङ बहुमुखी क्याम्पस तेह्रथुमका विभिन्न संकायमा स्नातक गर्दै गरेका विद्यार्थी, प्राध्यापक, अधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता एवं कर्मचारी लगायत नागरिक समाजका व्यक्तित्व सहित उपस्थित सम्पूर्ण सहभागीहरुलाई हार्दिकता पूर्वक औपचारीक रुपमा स्वागत गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत आयोजित प्रस्तुत कार्यक्रमको पृष्ठभूमी, कार्यक्रमको औचित्यता, कार्यक्रम

आयोजनाको उद्देश्य, कार्यक्रमस्थल नै छनोटमा पर्नुको कारण समेत माथि प्रकाश पार्नुभएको थियो ।

## ६. कार्यपत्र प्रस्तुतिकरण खण्डः-

**क)** मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्तीले कार्यालयको काम, कर्तब्य र भुमिका सम्बन्धि र समसामयीक साथै पछिल्लो समयमा समाजमा बढिजसो घट्दै आईरहेका लागु औषध तथा सवारिजन्य कसुर अपराधसँग सम्बन्धित कानूनि व्यवस्थाहरु र कोशी प्रदेश सरकारद्वारा निर्मित र कार्यान्वयनमा आएका कानूनहरुको सम्बन्धमा प्रस्तुतिकरण एवं प्रशिक्षण गर्नुभएको थियो ।

नेपालको संविधानको धारा १६० अनुसार सम्बन्धित प्रदेशको कानूनी सल्लाहकारको रुपमा १ जना मुख्य न्यायाधिवक्ता रहने साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ अनुरुप मुख्य न्यायाधिवक्ताले आफ्नो नियमित कार्य गर्दै आईरहेकोमा ग्रामिण तहमा अझैपनि संघीय सरकार र प्रदेश सरकारले समाजलाई सू-संचालनका लागि बनाएका कानूनहरुद्वारा प्रदत्त हक अधिकारको बिषयमा समेत अनभिज्ञता प्रकट हुने गरेको पाईने गरेको हुँदा जननिर्वाचित प्रतिनिधिहरुले बनाएको कानूनले नियन्त्रण गर्ने मात्र नभई नागरिकको हक अधिकार र सुविधा समेत सुनिश्चित गरेको हुँदा कानूनका कार्यान्वयन र कानूनको प्रतिफल प्राप्त गर्न नागरिक सचेत हुनै पर्छ, कानूनको अनभिज्ञता क्ष्यम्य नहुने हुँदा कानून जान्न पाउनु नागरिक हक हो भने पालना गर्नु कर्तब्य हो भन्दै नागरिक जति सचेत भयो कानूनको कार्यान्वय त्यति नै सफल र सबल हुन्छ भनी उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्ती ज्यूले प्रशिक्षण गर्नुभएको थियो ।

ख) मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशका सहायक न्यायाधिवक्ता श्री सिमा यादवले परिवारसँग सम्बन्ध राख्ने पारिवारिक कानून, विद्युतिय अपराधका प्रकृती एवं कानूनी व्यवस्था सम्बन्धी बिषयमा प्रस्तुतिकरण एवं प्रशिक्षण गर्नुभएको थियो ।

पछील्लो समय नेपालको सबैजसो स्थानमा मोवायल, टेलिफोन एवं ईन्टरनेट समेत पुगिसकेको अवस्थामा अधिकतर मानिसहरु सामाजिक

संजालमा कुनै न कुनै रुपले जोडिएको अवस्था हुँदा आफूले प्रयोग गर्ने मोवायलबाट सामाजिक संजाल वा यस्तै अन्य कुनै सामाजिक रुपले पहुँच हुने कुनै सूचनासँग आफ्नो सहमति वा विम्मतिलाई प्रकट गर्दा मेरो निजी बिचार वा मामला भएकोले फरक पर्दैन भन्ने सोचले भावना सार्वजनिक गर्दा यदी उक्त कार्यले कसैको व्यक्तिगत हक, अधिकार, अस्तित्व, आत्मसम्मान वा कुनै रुपले प्रत्यक्ष वा क्षति पुगेमा सो कार्य दण्डनिय हुने हुँदा मेरो सामाजिक सञ्जालमा जे लेख्दा, जे भन्दा पनि हुन्छ भन्ने अवस्था नभएको कुरा प्रष्ट पार्नुभयो । ज्येष्ठ नागरिकका हक अधिकार, पति पत्नी बिचको सम्बन्धका कानूनी आधारहरु जस्ता बिषयहरुको कानूनी आधारहरुमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

ग) मा. मुख्य न्यायाधिवक्ताका स्वकीय सचिव, अधिवक्ता दिने भट्टराईले कानूनी सहायता एवं न्यायमा पहुँच बिषयमा कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो ।

कानूनी सहायता के हो, यसको महत्व, प्रावधान, यसका सरोकारवालाहरु को-को हुन् र कानूनी सहायता प्राप्तिका आधारहरुका बिषयमा सहभागीहरुलाई स्पष्ट पार्नुभएको थियो । सरकारले कोही कसैले पनि कुनै कारणले न्यायबाट बन्चित हुन नपरोस् भनि राज्यको कल्याणकारी कार्यको रुपमा निशुल्क कानूनी सहायताको समेत व्यवस्था गरेकोले यसलाई न्यायको हक अन्तर्गतको मौलिक हकको रुपमा कार्यान्वयन गर्दै आएको साथै न्याय सम्पादनसँग जोडिएका सबै बिषयवस्तु एवं निकायमा आम नागरिकको सहच पहुँचलाई सुनिश्चित गर्ने कार्यमा टेवा पुग्नेछ भन्ने समेतको उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको हुँदा कानूनी सहायता र न्याँयमा पहुँच नागरिकको हकको बिषय भएकोले राज्य सो प्रति कानून कार्यविधि बनाएरै लागिरहेको र यसको पवित्र उद्देश्य प्राप्तिका लागी विद्यार्थी, प्राध्यापक, शिक्षक तथा आम नागरिक समेतले चासो र हातेमालो गर्नुपर्नेछ भन्दै प्रशिक्षण गर्नुभयो।

## ७. प्रश्नोत्तर तथा छलफल अन्तर्किया कार्यक्रमः-

खासगरी ज्येष्ठ नागरिकको हक अधिकारको बिषय, नागरिकता प्राप्ति, घरेलु हिंसा, विद्युतिय अपराध सम्बन्धी बिषयलाई सहभागीज्यूहरुले चासोका साथ प्रश्नको रुपमा उठाउनुभएको थियो । पछिल्ला समयमा संघीय सरकार एवं प्रदेश सरकारले बनाएका नयाँ

नयाँ कसूरसँग सम्बन्धित कानूनी व्यवस्था एवं सामाजिक संञ्जालको प्रयोग एवम् उपयोगको बिषयलाई समेत चासोका रुपमा प्रश्न उठान गर्नुभएको थियो। सहभागीहरुबाट उठेका प्रश्नहरुको जवाफ कार्यक्रमका अध्यक्ष एवं मा.मुख्य न्यायाधिवक्ता नारायण वस्तीज्यूले दिनुभएको थियो ।

## ८. कार्यक्रम समापनको झलकः-

- कार्यक्रम समापनको मन्तब्यको क्रममा सहभागीहरुको तर्फबाट बोल्दै उक्त क्याम्पसका विद्यार्थी **निर्मला ढुंगाना** र **सविन तामाङले** यस क्याम्पसका हामी विद्यार्थी, प्राध्यापक तथा समुदायका मानिस समेत बोलाई प्रशिक्षकहरुबाट कानूनी सचेतना एवं अनुशिक्षण गराई माननीय मुख्य न्यायाधिवक्ता स्वयंय उपस्थित भई हाम्रा जिज्ञासा सम्बोधन गरी कानूनको सम्बन्धमा चेतनामूलक कार्यक्रम आयोजना गरेकोमा आयोजक प्रति धन्यवाद व्यक्त गर्दै आफूले पाएको ज्ञानले परिवार तथा गाउँ समाजका मानिसलाई समेत सुनाउने र कानूनी अधिकारमा जागरुक बनाउने प्रतिवद्धता जाहेर गर्दै  कहि हतै हिंसा वा कानून विपरितका कार्य भए गरेको देखे न्यायीक प्रकृयामा सहयोग पुर्याउने भाव ब्यक्त गर्नुभएको थियो । सबै कुरा नभएपनि सामाजिक संजालको प्रयोगका कुरा, नागरिकता प्राप्तीको बिषय, ज्येष्ठ नागरिकको हक अधिकार, निशुल्क कानूनी सहायता, कानूनी सचेतनाको महत्व, मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्ने कार्यका विषय लगायतका जिज्ञासा भएका धेरै कुराका बारेमा अवगत भएको भन्दै प्रदेश सरकारले बनाउने कानूनमा नागरिकको लागी पर्याप्त अवसर र शिपमूलक बिषय समेत समावेश गर्ने कार्यमा यस कार्यालयले सल्लाह दिओस् भनि मन्तब्य ब्यक्त गर्नुभयो ।
- कार्यक्रममा अतिथीको रुपमा उपस्थित जिल्ला सरकारी वकिल कार्यालयका **जिल्ला न्यायाधिवक्ता रविन सापकोटा**ले तेह्रथुम जस्तो पहाडी जिल्ला रोजी यस म्याङलुङ बहुमुखि क्याम्पसमा मुख्य न्यायाधिवक्ताज्यू स्वयंम उपस्थित भई स्नातक तहका विद्यार्थी समेतलाई लक्षित गरी समुदाय स्तरमासम्म कानुनी सचेतना पुर्याउने उद्देश्यबाट गरिएको कार्यक्रमले लक्षित उद्देश्य हासिल गरेको र यस प्रकारका कार्यक्रहरु प्रदेशस्तरबाट आगामी दिनमा समेत आयोजना गर्न सुझाव सँगै सहभागी भएका विद्यार्थीलाई कानून क्षेत्र रोजी देशमै बसी सरकारी वकिल, न्यायाधिश, कानून अधिकृत बन्न सकिने कुरा भावी पुस्तालाई प्रोत्सान

गरी यस कार्यक्रमले क्याम्पसका विद्यार्थी तथा आम नागरिकमा चेतनाको स्तर थप बृद्धि गर्न मद्दत मिलेको छ भनि आयोजकलाई धन्यवाद दिनुभयो ।

- कार्यक्रममा उपस्थित **प्राध्यापक निर बहादुर तेयुङ्ग**ले आफ्नो प्रदेशको कानूनको र हालै बनेका नयाँ कानूनमा समेटिएका नयाँ नयाँ बिषयहरुको बारेमा जान्न पाउने यस कार्यक्रमले प्रदेश सरकार आम नागरिकका लागि जिम्मेवार रहेको आभाष भएको साथै पढेर भन्दा पनि सुनेर थाहा पाउने यस पहाडी क्षेत्रमा यस कार्यक्रमले क्याम्पसका विद्यार्थी तथा आम नागरिकमा चेतनाको स्तर थप बृद्धि गर्न मद्दत मिलेको भनि आयोजकलाई धन्यवाद दिनुभयो ।
- प्रमुख अतिथि प्रकाश ढुंगानाज्यूले मन्तब्य ब्यक्त गर्दै कार्यक्रमको पबित्र उद्देश्यलाई क्याम्पस परिवाले हार्दिकता पूर्वक स्वीकार गरेको हुँदा पहुँचमा भौगोलिक कठिनाईका बाबजुद पनि यकास क्याम्पसका विद्यार्थी तथा सहभागीता जनाउनु हुनेका लागी प्रस्तुत कार्यक्रम आयोजना गर्नुभएकोमा क्याम्पसको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा पेश भएका ३ वटा कार्यपत्र सहभागीका लागी सान्दर्भिक र आवश्यक रहेको र सामाजिक एवं ब्यवहारिक जीवनमा काम लाग्ने प्रकृतिको रहेकोले यस कार्यक्रममा उपस्थित सहभागी सबैको लागी अवसर रहेको भन्दै आफूहरुले पनि आईन्दा दिनहरुमा यस्ता प्रकृतिका अन्य कार्यक्रमहरुको आयोजना अपेक्षा रहेको भन्दै मन्तब्य व्यक्त गर्नुभएको थियो ।
- माननीय मुख्य न्यायाधिवक्ता श्री नारायण वस्तीज्यूले कानूनको अनभिज्ञता क्ष्यम्य हुँदैन भन्ने न्यायिक सिद्दान्तलाई स्वीकार गर्नुको विकल्प नभएतापनि हाम्रो देशको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, भौगोलिक परिवेश, सूचना सम्प्रेषण तथा सो को पहुँच समेतका अवस्थाका कारण जनप्रतिनिधिहरुबाट बनेका कानून र त्यसमा भएका व्यवस्था साथै कार्यान्वयनका प्रकृयाको बारेमा विद्यार्थी, आम नागरिक र समुदायसम्म कानूनी सचेताको जानकारी पुर्याउन त्यति नै जरुरी र औचित्यपूर्ण रहेको हुँदा समाजमा मिलेर बस्नु भन्दा उत्तम अरु केही नभएपनी मिलेर बस्नेको नाममा अन्यायलाई मलजल पुग्ने गरी समाज संचालन हुनु हुँदैन र अन्यायपूर्ण संस्कार/ब्यवहार समाजमा विकास हुनु हुँदैन भन्नेतर्फ एक जिम्मेवार नागरिकको कर्तब्यलाई बोध गर्नुपर्ने कुरामा हातेमालो गरी तपाईहरुसँग कानूनी सचेतना तथा अनुशिक्षण गर्दा तपाइहरु मार्फत आफ्नो

परिवार हुँदै समुदायसम्म कानूनी सचेतना पुर्याउने उद्देश्यका साथ यस म्याङलुङ बहुमुखी क्याम्पसको सभाहलमा कार्यक्रम स्थलको रुपमा चयन गरेको कुरा स्पष्ट गर्नुभयो । १ दिनको अनुशिक्षणमा सबै कुरा अक्षरस जान्न प्राय सम्भव नहुने भएतापनि घर-परिवार, छर-छिमेक, समाजमा बस्दा ब्यवहारिक सँगै आउने कतिपय कानूनी विवाद वा बिषयको सम्बोधन संघीय संरचनामा स्थानीय वासिहरुको सबैभन्दा नजिकको अदालत न्यायिक समितिबाट हुने बिषय, पारिवारिक सम्बन्धसँग जोडिएका कानूनी बिषय, मुख्य न्यायाधिवक्ता र कार्यालय को बारेमा केही कुरा सिक्न सिकाउन वा बुझ्न बुझाउन सम्भव भएकोमा सम्पूर्ण सहभागीज्यूहरुलाई साथै क्याम्पस परिवारलाई हार्दिक धन्यवाद ब्यक्त गर्नुभयो ।

अन्त्यमा सम्पुर्ण सहभागीहरूलाई बिशेष धन्यवाद दिदैं मिति २०८२ जेष्ठ २४ गते ११ः३० बजे कार्यक्रम औपचारिक रुपले समापन गर्नु भएको थियो। कार्यक्रम समापन पश्चात सम्पुर्ण सहभागीहरू खाजा खाई कार्यक्रम स्थलबाट बिदा भएका थिए ।

## ९. कार्यक्रमको उपलब्धिहरु :-

प्रस्तुत कार्यक्रमबाट निम्न उपलब्धिहरु हाँसिल भएको अनूभूति गरिएको छ-

- सहभागीहरुको सक्रिय सहभागीताबाट प्रस्तुत कार्यक्रमले सहभागीहरुमा पारिवारिक कानून तथा हालका नविनतम कानूनी व्यवस्थाको सम्बन्धमा केही ज्ञान हाँसिल भएको छ ।
- न्यायमा पहुँच तथा निःशुल्क कानूनी सहायताको सम्बन्धमा जानकारी प्राप्त भएको छ ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयको पहिचान र काम कर्तब्यमा जानकारी प्राप्त भएको छ ।
- कानूनले नियन्त्रण मात्रै हैन हक अधिकार पनि प्रदान गर्ने हुँदा सो को खोजी गर्नुपर्छ भन्ने जानकारी सम्प्रेषण भएको छ ।
- विद्युतिय अपराध, सामाजिक संजालको प्रयोगमा सजगताको बिषयमा जानकारी प्राप्त भएको छ ।
- कानून जान्दिन भन्न नपाईने हुँदा कानूनको स्वत जानकारी राख्नु नागरिकको कर्तब्य हुने कुरामा सचेतता प्रदान भएको छ ।

- विद्यार्थीले किन कानूनको ज्ञान राख्नु पर्छ, कानूनको महत्व र कानूनको प्रयोग कसरी गर्न सकिन्छ भनी सचेतना प्रदान भएको छ ।
- कानून कार्यान्वयनमा विद्यार्थीबाट हुने सघाउमा के पहल गर्न सकिन्छ भनी सचेतना प्रदान गरिएको ।
- वैदेशिक रोजगारीमा मात्र नभई कानूनी क्षेत्रमा भविष्य रहेको हुँदा कानूनी क्षेत्रमा भविष्य रहेको भनी कानूनी क्षेत्रमा आउन हौसला प्रदान भएको ।

## २.५ मूख्य न्यायाधिवक्ताको अन्य भूमिका

१. **समन्वय समितिको संयोजक :** फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ३८ को उपदफा (२) मा प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश कानून मन्त्रालयको सचिव, प्रदेश गृह मन्त्रालयको सचिव, प्रदेश प्रहरी प्रमुख समेत रहेको प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड गठन हुने व्यवस्था छ ।

२. **कानूनको मस्यौदा समितिको सदस्य** : कोशी प्रदेशको कानून मस्यौदा समितिमा मुख्य न्यायाधिवक्तालाई कानूनको विशेषज्ञको रुपमा समितिमा राख्ने निर्णय मन्त्रिपरिषदबाट भएको छ ।

# परिच्छेद — ३

## आ.व २०८१/०८२ का कार्यक्रम सञ्चालनमा भएका अनुभव तथा सुझावहरु

### ३.१ मुख्य न्यायाधिवक्ताको कार्यालयका सकारात्मक र सुधार गर्नुपर्ने पक्षहरु :

नेपालको संविधानमा सर्वप्रथम मुख्य न्यायाधिवक्ताको अवधारणा स्थापित भई कोशी प्रदेशमा मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्यसञ्चालन गरीरहेकोमा यस कार्यालयसँग सम्बन्धित आन्तरिक र वाह्य वातावरण एवं वस्तुस्थिति विश्लेषण गर्दा देहायका सवल र दुर्वल पक्षहरु देखिएका छन् ।

### सकारात्मक पक्षहरु

- मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएपछि प्रदेशका मुख्यमन्त्री, मन्त्रिपरिषदका सदस्यहरु तथा प्रदेश सरकारले तोकिदिएको सरकारी निकाय र अन्य अधिकारीहरुलाई

सहज रुपमा संवैधानिक एवं कानूनी विषयमा सहजरुपमा राय सल्लाह उपलब्ध भएको अवस्था रहेको छ।

- प्रदेश सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका निकाय वा कार्यालय विरुद्ध परेका रीट निवेदन मुद्दाहरुमा सर्वोच्च, उच्च एवं जिल्ला अदालतमा प्रदेश सरकारको तर्फवाट वहस पैरवी तथा प्रतिरक्षाको निम्ति प्रतिनिधित्त्व गरिएको अवस्था रहेको छ।
- प्रदेशको क्षेत्रभित्र पर्ने विषयहरुमा आवश्यक कानून, नियम, निर्देशिका निर्माण गर्ने कार्यमा मुख्य न्यायाधिवक्ताको कार्यालयको महत्त्वपुर्ण भूमिका रहेको छ।
- आफ्नो भवनको अभाव भएपनि स्वीकृत दरबन्दी बमोजिमका कर्मचारीहरुवाट दैनिक कार्य सम्पादन भएको अवस्था छ।
- मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई आवश्यक पर्ने सवारी साधन लगायतका भौतिक सामाग्रीहरुको आवश्यक व्यवस्थापन भएको अवस्था छ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नुपर्ने काम, कर्तव्य र अधिकार सम्बन्धि ऐन कोशी प्रदेश सभाबाट पारित भै कार्यान्वयनमा रहेको अवस्था छ ।
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा (२) ले प्रोवेशन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेशन तथा प्यारोल वोर्डको कानूनी व्यवस्था गरिएको छ र सो वोर्डको स्थापना गरी कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।
- प्रदेश सरकारबाट निःसृत हुने कामकारवाही कानूनी शासनको मान्यता अनुरुप सुशासन स्थापना गर्नको लागि मुख्य न्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको कार्यालयले सक्रिय भूमिका निर्वाह गरेको अवस्था छ ।
- प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, निकाय, विभागमा कानूनी प्रश्नहरु समाबेश भएका निर्णयहरु गर्दा यस कार्यालयबाट समन्वय, सहयोग प्राप्त भएको अवस्था छ ।
- सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी प्रदेश कानूनको निर्माण र कार्यान्वयनका सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन भएका छन्।
- प्रदेश भित्रका स्थानीय तहका जनप्रतिनिधिहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सञ्चालन भएका छन ।
- वाल सुधार गृह र कारागारहरुको निरीक्षण गर्ने र तहाँ देखापरेका समस्याहरुको निराकरण गर्न आवश्यक पहल गरिएको अवस्था रहेको छ ।

- प्रहरी, सरकारी वकील तथा न्याय सम्पादन गर्ने अधिकारीहरु वीच कानून कार्यान्वयनका वारेमा अन्तरक्रिया गर्ने व्यवस्थाको सुरुवात गरीएको छ ।

## सुधार गर्नुपर्ने पक्षहरु

मुख्य न्यायाधिवक्ताको कार्यालयले सामना गर्नुपरेका चुनौती र समस्याहरु मध्ये कतिपय समस्याहरु बाह्य वातावरणले सिर्जना गरेका छन भने कतिपय संस्थागत संरचनाबाट सिर्जित छन् । त्यस्तै कतिपय समस्याहरु नीतिगत तथा चुनौतीहरुको सामना गर्ने कार्यमा सम्बद्ध सबैको सहयोग र सहकार्य हुने अपेक्षा राखिएको छ ।

- मुख्य न्यायाधिवक्ताको कार्यालय तथा मुख्य न्यायाधिवक्ताले के-कस्तो कार्य सम्पादन गर्दछ भन्ने सम्बन्धमा जनचेतनाको कमि रहेको छ।यस सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्न आवश्यक रहेको छ।उक्त जनचेतना मुलक कार्यक्रम आफ्नो कार्यक्षेत्र भित्र सबै स्थानमा गर्न पर्याप्त बजेट व्यवस्थापन हुन समेत जरुरी रहेको छ ।
- महान्यायाधिवक्ताको मातहतमा रहने मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रदेश क्षेत्र अन्तर्गतमा घट्ने फौजदारी मुद्दाहरुको अभियोजन गर्ने नगर्ने भन्ने अधिकारको संवैधानिक स्पष्टता हुन सकेको अवस्था छैन।प्रदेश मुख्य न्यायाधिवक्ता र महान्यायाधिवक्ताको कार्यालय वीच यस विषयमा अधिकार प्रत्यायोजन समन्वय तथा सहकार्यको समेत अभाव रहेको अवस्था छ ।
- प्रदेशले निर्माण गरेका कानूनहरुको कार्यान्वयन गर्ने संयन्त्र वा अधिकारीहरुको प्रष्ट व्यवस्था नहुँदा प्रदेश स्तरीय कानूनको कार्यान्वयन गर्नमा कठिनाई छ । त्यसको कार्यान्वयनको लागि नियमावली/निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने संयन्त्रहरुको निमार्ण गर्नुपर्ने अवस्था छ ।
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुको क्षमता विकासका लागि विशिष्टिकृत कार्यक्रमहरु सञ्चालन हुन सकेको छैन भने कर्मचारीहरुलाई उत्प्रेरणा प्रदान गर्न तालिम, सुविधा तथा वैदेशिक भ्रमणको व्यवस्था हुन समेत आवश्यक छ ।
- मुख्य न्यायाधिवक्ताको आफ्नै भवन नभएकोले कार्य वातावरणको सहजता रहेको छैन। सहज कार्यसम्पादन वातावरण निर्माण गर्नका लागि अविलम्ब कार्यालय भवनको व्यवस्था गर्न र भवन निर्माणका लागि आवश्यक कार्यवाही बढाउन आवश्यक रहेको छ ।

- मुख्य न्यायाधिवक्ताको कार्यालयको जनशक्तिको समूचित व्यवस्था हुन सकेको छैन, त्यसवाट कार्य सम्पादनमा कठिनाई भएको अवस्था छ । आवश्यक जनशक्तिको व्यवस्थापन गर्न प्रदेश सरकारले ऐन/नियम निर्माण गरी कार्यान्वयन हुन आवश्यक छ ।
- न्यायमा पहुच कानूनी सहायता,प्रदेश कानून समेतका बारेमा प्रदेशबाट कानूनका विषयमा साक्षरता कार्यक्रम संचालन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय पालिकाहरुबीच समन्वय र सहकार्य गर्नु पर्ने आवश्यक रहेको छ।

## ३.२ निष्कर्ष

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका र कानूनी शासनप्रति प्रतिबद्धता व्यक्त गरेको छ । कानूनी शासनको स्थापनाका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी फौजदारी न्याय प्रशासन आवश्यक पर्ने हुदाँ संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । प्रदेश सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा मातहतका सरकारी वकीलबाट सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष प्रदेश सरकारको प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक निकायको आदेशबाट प्रदेश सरकारको हक हितमा प्रतिकूल असर परेमा प्रदेश सरकारको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन पेश गर्ने, प्रदेश सरकार विरुद्ध दायर भएका मुद्दामा प्रतिरक्षा गर्ने, अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र प्रदेश सरकार र प्रदेश सरकारी निकायलाई संवैधानिक एवं कानूनी प्रश्नमा कानूनी राय उपलब्ध गराउने समेतको काम, कर्तव्य र अधिकार कानूनले तोकेको छ।

संवैधानिक व्यवस्था अनुसार प्रदेश सभाबाट नयाँ कानूनहरुको निर्माण हुने क्रम जारी छ, सोही कानून अनुरुप मुख्य न्यायाधिवक्ता तथा मुख्य न्यायाधिवक्ताको कार्यालयमा पूर्व तयारी र थप क्रियाशिलता देखाउनु पर्ने अवस्था छ । यसका लागि पर्याप्त साधन र जनशक्ति उपलब्धता एवं कार्यविधिगत व्यवस्थाहरुलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । आफ्नो स्थापनाको छोटो समयमा नै मुख्य न्यायाधिवक्ताको कार्यालयले आफ्नो संस्थागत विकास, संवैधानिक र कानूनी रुपमा सम्पादन गर्नुपर्ने कार्यहरुको प्रभावकारी सम्पादन गर्दै आफूलाई एक सवल संस्थाको रुपमा उभ्याउन सफल भएको छ । तथापी यस कार्यालयले संविधान र कानून बमोजिम आफ्नो कार्यसम्पादन गर्दा देहायका समस्या एवं चुनौतिहरु देखा परेका छन :-

- कानूनी राय माग गर्दा अपनाउनुपर्ने प्रक्रिया पूरा नगरी मौखिक रुपमा राय माग गर्ने परिपाटिले कानूनी राय अभिलेख प्रणाली ब्यवस्थापन गर्न कठिनाई परेको ।
- कार्यालयले हाल प्रयोग गरिरहेको घर हिरा प्रसाद तिवारीको रहेको र कार्य सम्पादनका लागि पर्याप्तता नरहेको ।
- यस कार्यालयको कार्यबोझका आधारमा नयाँ दरबन्दी स्वीकृत हुन नसकेको एवं स्वीकृत दरबन्दी बमोजिम कर्मचारीको परिपूर्ति हुन समेत नसकेको ।
- महान्यायाधिवक्ताको कार्यालयका अन्य समकक्षी कर्मचारीहरुको तुलनामा अवसर र सुविधा न्यून भएको महसुस गरीएकोले यस कार्यालयमा अनुभव प्राप्त गरेका सरकारी वकिलहरुलाई यस कार्यालयमा राखिराख्न समस्या परेको ।
- सर्वोच्च अदालत र अन्य अदालतमा यस कार्यालय मार्फत पेश गर्नुपर्ने लिखित जवाफहरु प्राप्त हुने क्रम बढ्दो रुपमा रहेको हुदाँ लिखित जवाफ दर्ता गर्न र प्रतिरक्षा गर्न सर्वोच्च अदालत, उच्च अदालत विराटनगर, उच्च अदालत विराटनगर इलाम इजलास, धनकुटा इजलास, ओखलढुङ्गा इजलास र प्रदेश भित्रका जिल्ला अदालत रहेका स्थानमा यस कार्यालयको कुनै संरचना नरहेको हुँदा कार्यसम्पादनमा कठिनाई परेको।
- सम्बन्धित निकायहरुले यस कार्यालयमा लिखित जवाफ पेस गर्दा मुद्दा, रिटसँग सम्बन्धित <u>प्रमाण लाग्ने कागजात</u> लिखित जवाफ साथ नपठाउँदा बहस, पैरवी र प्रतिरक्षामा समस्या परेको।
- प्रदेशभित्र रहेका उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयसँग कुनै औपचारिक  सम्बन्ध स्थापित नभएकोले सम्बन्ध र समन्वय व्यक्तिगत स्तरमा मात्र रहेको।

  अतः उल्लेखित चुनौतिहरुका बावजुद आईपरेका चुनौतिहरुको सामना गर्दै यस मुख्य न्यायाधिवक्ताको कार्यालय कोशी प्रदेशले विविध प्रशासन, मानव अधिकारको रक्षा, प्रदेश सरकारको प्रभावकारी प्रतिरक्षा गर्ने कार्यमा उल्लेखनीय सफलता प्राप्त गरेको छ।

## ३.३ सुझावहरुः

नेपालको संविधानले देशलाई संघीयतामा अवतरण गराईसकेपछि प्रदेश तहमा समेत उक्त संविधानको मर्म बमोजिम कानूनको शासन र संवैधानिक सर्वोच्चता कायम राख्दै प्रदेश स्तरमा मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भएको छ। मुख्य न्यायाधिवक्ता कार्यलयका काम कारवाहीको अभ्यास छोटो समयकै भएपनि केहि सारभूत र  भौतिक समस्याबाट यो

कार्यालय समेत अछुतो छैन । छोटो समयमा पनि यस कार्यालयको गरिमा अभिवृद्धिको लागि निम्न सुझाव दिनु सान्दर्भिक हुनेछ।

१. नेपालको संविधानले मुख्य न्यायाधिवक्तालाई महान्यायाधिवक्ता मातहत राखेकोमा मुख्य न्यायाधिवक्ता माथि महान्यायाधिवक्ताको प्रशासनिक वा न्यायिक कस्तो प्रकारको मातहत हो स्पष्ट हुन नसकेको र कुनै अधिकार प्रत्यायोजन नभएको स्थितिमा सो विषयहरु निक्यौंल हुनु जरूरी देखिन्छ।

२. मुख्य न्यायाधिवक्ता कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेको हुदाँ आफ्नो मातहत रहने कार्यालयका कर्मचारी र भविष्यमा उच्च अदालतका इजलास मुकाम रहेको कार्यालयमा कार्यरत कर्मचारीहरुको मुख्य न्यायाधिवक्ता प्रति जवाफदेही गराउने प्रावधान नहुदाँ सो तर्फ आवश्यक नीति र संघीय ऐनहरुमा व्यवस्था गरिनु पर्ने देखिन्छ। साथै मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारी व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट हुने संवैधानिक प्रावधान रहेकोमा प्रदेश सरकारबाट दरवन्दी ओ.एन.एम. हुँदा प्रशासन तर्फका कर्मचारीहरुको पनि दरवन्दी सिर्जना गरीएको हुँदा उक्त दरबन्दीको कार्य सम्पादन विवरण प्रष्ट हुनुपर्ने र कानूनले स्पष्ट गर्नु पर्ने देखिन्छ ।

३. मुख्य न्यायाधिवक्ताको कर्मचारी दरबन्दी तथा पदपूर्तिको स्थिति हेर्दा मानव संशोधन योजनामा समूचित ध्यान पुग्न सकेको छैन। मुख्य न्यायाधिवक्तालाई संविधान र ऐन कानूनले दिएको जिम्मेवारी प्रभावकारी रुपले निर्वाह गर्न जिम्मेवारी र कार्यबोझका आधारमा मानव संशोधन योजना निर्माण गरी लागू गर्न जरुरी छ।

४. स्थानीय सरकारमा न्यायिक समितिले न्यायिक कार्य गर्न पाउने संवैधानिक व्यवस्था अनुरुप प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता र सो मातहतका निकायले के कसरी समन्वय सहकार्य गर्न सकिन्छ, सो सम्बन्धमा स्पष्टता नभएको र स्थानिय न्यायिक समिति वा स्थानीय सरकारका काम कारवाही समेत न्यायिक परिक्षणका विषय हुनसक्ने र त्यस्ता काम कारवाहीका सम्बन्धमा मुख्य न्यायाधिवक्ता र कार्यालयको भूमिकाबारे स्पष्टता हुनु पर्ने देखिन्छ।

५. मुख्य न्यायाधिवक्ताको कार्यालय स्थायी प्रकृतिको कार्यालय हुने भएकाले आवश्यक आफनै जग्गा, घर नभएको, भौतिक स्रोत साधनहरुको कमी रहेकोले सो तर्फ आवश्यक व्यवस्था हुनु पर्ने देखिन्छ।

६. फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरिय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धी कार्यविधि निर्धारण गर्नुपर्ने देखिन्छ।

७. प्रदेश तहका फौजदारी न्याय प्रणालीसँग जोडिएका मुद्दामा मुख्य न्यायाधिवक्ताको भूमिकालाई स्पष्ट गरिनुपर्ने आवश्यकता देखिन्छ।

८. जिल्ला अदालत, उच्च अदालत लगायत प्रदेश निकायका अर्धन्यायिक निकाय एवं न्यायिक निकायसँग समन्वयमा सम्पर्क स्थापित गर्न भरपर्दो संयन्त्रको आवश्यकता देखिन्छ।

९. संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनु पर्ने देखिन्छ।

